वज्र विवाद | 'नियन्त्रित अस्थिरता'को नियति

आइतबार • २ माघ २०७३ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक
nepal.ekantipur.com

प्रचण्ड–ओली

संघर्ष कि सहकार्य ?

सैन्य अभ्यासपूर्वको तरंग

LG
Life's Good
Create Delicacies with a Healthy Twist
NEPAL'S NO.1 MICROWAVE OVEN
Indian Roti Basket
Diet Fry™
Multi Cook Tawa
Pasteurized Milk
This offer is valid for a limited period only
FREE LG Cooking Kit Worth Rs. 2,000/-
With purchase of all convection models
CHARCOAL Lighting Heater™
KEYADV/LG/2073
CONVECTION
CHARCOAL Lighting Heater™
Nepal's Highest 365 Auto Cook Menu
MJ-3296BFT (32L)
Nepal's Highest 301 Auto Cook Menu
MC-3286BPUM (32L)
Nepal's Highest 251 Auto Cook Menu
MC2886BRUM (28L)
Nepal's Highest 251 Auto Cook Menu
MC-2846BLT (28L)
Nepal's Highest 151 Auto Cook Menu
MC-2146BP (21L)
GRILL
Black
MH-6842B (28L)
Black
MH-6042D (20L)
SOLO
Black
MS-2042D (20L)
FREE COOKING CLASS
Contact: 4106530
CG ELECTRONICS
CG Digital Park, Satungal, Kathmandu
Tel: 01-5108105 (D) 5108101(Ext. 795)
Email: p.bhandari@chaudharygroup.com
www.chaudharygroup.com
LG LIFESTYLE SHOPPE (LG Exclusive Company Showroom)
Gorkha Complex, Minbhawan, KTM, Tel: 01-4106530, 4106652
Civil Mall, Sundhara, KTM, Tel: 01-4253974, 4254025
Jawalakhel, Lalitpur, Tel: 01-5546612, 5546218
Kantipath, Kathmandu, Tel: 01-4218116
Chabahil, Tel: 01-6205707, 01-4461234
CG DIGITAL www.cgdigital.com.np
Ravibhawan: 01-4281749, 4276049
Bhatbhateni: 01-4431837, 4411269
Kumaripati: 01-5008772, 5008771
Hattigauda: 01-4376815
2 HRS 1 DAY 1 HR
Toll Free No. 166 00 100 211
For Ncell & UTL Contact: 01-4100141
For Corporate Inquiry please call : 9851158580
For Dealership Enquiry, please call:
Kathmandu Valley – 9841463855
Outside Valley – 9855020900
Marketed in Nepal by CG Impex Pvt. Ltd.
ISO 9001:2008 CERTIFIED COMPANY
www.facebook.com/LGNepal
Open 7 days a week, 10:00 am - 7:30 pm
LG Greencycle

ने.गु.४९

HI-TECH CEMENT

हरेक निर्माण मजबुतीको प्रमाण

हाई-टेक ओ.पि.सि. सिमेन्ट

बदलिंदो निर्माण प्रविधिसंगै सिमेन्ट छनोट प्रकृयाबारे पनि गहिरेर सोच्नुपर्ने स्थितिको सृजना भएको छ । त्यसैले रोजौं गुणस्तरीय **HI-TECH ओ.पि.सि.** सिमेन्ट जसले आफ्नो मजबुत एवं अदम्य साहसद्धारा तपाईंको हरेक निर्माणलाई गुणस्तरीयताको प्रमाणस्वरुप प्रस्तुत गर्दछ ।

A QUALITY PRODUCT OF
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल

Corporate Office:
Ambe Complex, 6th floor, Teku, Kathmandu, Nepal
Ph: 977-1-4225027, 4212642: Fax: 977-1-4257737
Email: ambecementktm@gmail.com

Made in Nepal
O.P.C.
SUPER FINE

ISO 9001:2008 CERTIFIED COMPANY

बोरोप्लस
सबै भन्दा बेस्ट
निभाउछ अनेक रोल्स
विन्टर क्रीम
रात्रि क्रीम
ऐन्टीसेप्टिक क्रीम
मोवश्चराइजर
फुटेका ओठको लागी
फुटेको पैतालाको लागी
BORO PLUS
HEALTHY SKIN
Antiseptic
CREAM
with Skin-Loving Herbs™
For Naturally Healthy Skin
एक आयुर्वेदिक औषधि ।

प्रचण्ड–ओली सहकार्य नभए संघर्ष

आवरण 30

१६ संवाद
'अबको सरकार हाम्रा सभापतिको नेतृत्वमा'
- सीतादेवी यादव

१८ बेथिति
अनुमतिबिनाका अस्पताल

२४ सेना
सैन्य अभ्यासपूर्वको तरंग

३८ सम्पदा
वज्र विवाद

५४ झल्याकझुलुक
फिल्मको ओइरो
पूरा होला अपेक्षा ?

४२ सहकारी
कोमामा साझा

टिप्पणी : श्रेय पौडेल १४
'आधार इलाका'मा आक्रोश १५
बाघ हमलाले हैरान २३
संकटमा शून्य उच्च मावि ३६

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), सहरमा (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने

कपी डेस्क : ईश्वरी ज्ञवाली, विमल आचार्य, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २४ पुस २०७३, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

राज्यको मानो खाएर विदेशीसामु लम्पसार !

गैरसरकारी संस्था (एनजीओ)का गतिविधिमा राजनीतिक दलका प्रतिनिधि संलग्न हुनु आफैँमा विसंगतिपूर्ण हो *(दाताको प्रभाव : सांसदहरूको सर्वदलीय एनजीओ, २४ पुस)*। राजनीतिक व्यक्ति आफैं एनजीओमा आबद्ध भएर सहयोगका लागि विदेशीसामु दानपात्र थाप्नु झनै लाजमर्दो कुरा हो। कतिपय एनजीओ तथा स्वयं दातृ निकायले नै पनि राजनीतिक दलका विभिन्न तहका नेताहरूको सर्वदलीय संयन्त्र बनाई आफ्ना एजेन्डामा छलफल, बहस र पैरवी गर्नु/गराउनु पेरिस सिद्धान्तको विपरीत हो। सांसदहरूका जातीय, क्षेत्रीय, लैंगिकता र उमेरका आधारमा समूह (ककस) बनाएर संसद्/संविधानसभाका गतिविधि प्रभावित पार्ने अभ्यासको परिणाम के भयो, सबैका सामु जगजाहेर छ। हुँदाहुँदा राज्यको मानो खाएर, जनताको सार्वभौम अधिकार प्रयोग गर्ने अख्तियारी पाएर विदेशी दातासामु लम्पसार पर्नु राज्यविरुद्धको घात हो। यसलाई राज्यविरुद्धको कसुर ठानी कारबाही चलाउनुपर्छ।

● **विनय थापा**
नयाँ बानेश्वर, काठमाडौं

- सभामुख ओनसरी घर्तीले दलहरूका कारण सांसदहरूको आचरण अनुगमन समिति बन्न नसकेकाले सांसदहरूले के गरिरहेका छन् भन्ने अनुगमन हुन नसकेको लाचार अभिव्यक्ति दिइछन्। उनको पद सुहाउँदो अभिव्यक्ति भएन यो। संसद्‌बाहिर समानान्तर एनजीओ खोली विदेशीका एजेन्डामा बग्ने सांसदहरूलाई अविलम्ब निलम्बित गरी कारबाही अघि बढाउनुपर्छ।

● **रमेश तिवारी**
कीर्तिपुर, काठमाडौं

- सांसद/नेताहरूको एनजीओ एनएफपीपीडी एक्लो होइन। यस्ता त सयौं छन्। एउटै नेता वा सांसद दर्जनौं संस्थामा आबद्ध भएका उदाहरण पनि छन्। तर, यसलाई मात्र तारो किन बनाइएको हो ? बुझ्न सकिएन।

● **रमिला कार्की**
कालीमाटी काठमाडौं

अपत्यारिलो गफ

कुनै बेला नेपाली राजनीतिको 'लाइमलाइट'मा रहेका अमिक शेरचनसँगको कुराकानी देख्दा जति उत्साही भएँ, पढेपछि त्यो अपेक्षा पूरा भएन *(घूस दिने महानिर्देशकलाई बर्खास्त गरें, २४ पुस)*। सुरुआतबाटै उनमा प्रशस्त कुण्ठा देखियो, आत्मरतिमा पनि रमाएका छन्। जनमोर्चा माओवादीमा गाभिएपछि उनी

ओझेल परेका हुन्। खासमा माओवादीले उनलाई पत्याएन। तर, उनले उपाध्यक्ष र कोषाध्यक्षको पद अस्वीकार गरेको मात्र होइन, आफू राष्ट्रपतिको उम्मेदवार हुन मानेको भए विद्यादेवी भण्डारी उपराष्ट्रपति हुने गफसम्म लडाएछन्। उता, घूस दिने महानिर्देशकलाई बर्खास्त गरेको नालीबेली पनि आफूलाई केन्द्रमै राखेर उल्लेख गरेका रहेछन्। जब कि, कानुन र नियमतः महानिर्देशकलाई बर्खास्त गर्ने अधिकार मन्त्रीसँग हुँदैन। निजामती सेवा ऐनको दफा ६२ को १ अनुसार बर्खास्त गर्ने अधिकार मन्त्री होइन, मन्त्रिपरिषद्‌मा निहित हुन्छ। जताबाट पनि उनले आफैँलाई महान् र इमानदार देखाउने चेष्टा गरेका छन्। उसो त शेरचनको मात्र होइन, नेपाली नेताको आमप्रवृत्ति नै यस्तै छ।

● **सुन्दर गुरागाईं**
बनेपा, काभ्रे

कुलमानजस्तालाई बचाउनैपर्छ

'परिहास' स्तम्भमा कुलमान बचाऔं अभियानलाई लोकमान बचाऔं अभियानसँग तुलना गरेको पटक्कै चित्त बुझेन *(कुलमान कि कुलेखानी ? १७ पुस)*। कुलमान घिसिङजस्ता मुलुकका लागि केही गरौं भन्ने उद्देश्य लिएका व्यक्ति यसअघि नेपाल विद्युत् प्राधिकरणमा आएकै थिएनन्। तसर्थ, कुलमान र उनीजस्ता राष्ट्रसेवक जो-कोहीलाई अभियान चलाएरै भए पनि

बचाउनु हामी सबैको कर्तव्य हो । उनको अभियान आखिर काठमाडौंलाई उज्यालो बनाउने न हो । तसर्थ, जनतालाई उज्यालोतर्फ डोऱ्याउने यस्ता अभियन्तालाई उडाउने होइन, संरक्षण दिएर प्रोत्साहित गर्नुपर्छ ।

● **हिमाल राई**
खोटाङ

समृद्धिको करिडोर

कालीगण्डकी करिडोर यस भेगका जनताको विकास, समृद्धि र जीवनस्तरमा परिवर्तन आउनमा सहयोगी बन्नेमा शंका छैन *(समृद्धिको बाटो, १७ पुस)* । मुस्ताङको कोरलाबाट बेनी, कुश्मा, मिर्मी, पाल्पा हुँदै रुपन्देहीको बेलहिया जोड्ने यो योजनाले कालीगण्डकी नदी किनारका फाँट र दुर्गम गाउँलाई दिने विकास र सहज पहुँचले अवश्य पनि यस क्षेत्रमा विकासको मूल फुटाउने छ । शिक्षा र स्वास्थ्यसम्म जनताको सहज पहुँच स्थापित गर्न सडकको अपरिहार्य आवश्यकता हुन्छ । यस भेगका जनताका लागि यो करिडोर अवश्य पनि वरदान बन्नेछ ।

● **रमेश न्यौपाने**
गैंडाकोट, चितवन

चन्दा र सहयोगका नाममा गैरकानुनी रकम

स्वदेशका नेतामाथि भ्रष्टाचारको आरोप लगाइरहँदा विदेशमा रहेका हामी नेपाली भने आफैँले संकलन गरेको सहयोग रकममा सामान्य पारदर्शिता कायम गर्न पनि चुकिरहेका छौं *(निकाय मात्रै धेरै, १० पुस)* । विदेशी विनिमय ऐन र नेपाल राष्ट्र बैंकले पनि यस्ता विकृत अभ्यासलाई कानुनी माध्यममा ल्याउन सकेको देखिँदैन ।

नेपालमा प्राकृतिक प्रकोप एवं मानवीय संवेदनशीलतालाई छुने घटना हुँदा गैरआवासीय नेपालीका संघ-संस्था र नेपाली तथा विदेशी व्यक्तिमार्फत पीडितहरूका नाममा थुप्रैतिर चन्दा संकलन हुने गर्छ । चन्दादाताबाट उठेको रकम वा जिन्सी जसका लागि उठाइएको हो, उनीहरूले पाए या पाएनन् भनेर सोधखोज गर्ने संयन्त्र मुलुकमा छैन । यही कमजोरीको फाइदा उठाएर हुने अपारदर्शी गतिविधिका कारण यस्ता सहयोगी अभियानहरूप्रतिको विश्वास गुम्दो छ । हरेक चन्दादातालाई आफूले गरेको सहयोगको उपयोगिताबारे प्रश्न सोध्ने अधिकार हुन्छ । तर, उनीहरूले चन्दा दिएपछि आफ्नो जिम्मेवारी पूरा भएको ठान्छन् । त्यसको फाइदा पनि चन्दा संकलनकर्ताले उठाइरहेका छन् । यस्तै भ्रष्टाचार, छलकपट वा बेइमानीबाटै ठूला अपराध जन्मिन्छन् । विदेशमा रहने नेपालीहरूमा पनि यस्तो विकृति बढ्दै जानु दुःखद पक्ष हो । यस्तो अभ्यासलाई कानुनी उपचार र सामाजिक बहिष्कार गर्न सकिएन भने ठगिने शृंखलाले निरन्तरता पाउनेछ ।

विदेशमा रहेका नेपाली र अन्य दाताबाट पीडितका नाममा उठाइएको लाखौंको चन्दा-सहयोग पनि पीडितसमक्ष पुग्न नसक्नु विडम्बना नै हो । विदेशमा १० हजार डलरभन्दा बढी नगद साथमा लिएर यात्रा गर्न कुनै पनि मुलुकको कानुनले इजाजत दिँदैन । चन्दाबाट संकलन भएको नगदको आयस्रोत नखुलेकाले एउटा बैंकबाट अर्कोमा पठाउन पनि मिल्दैन । त्यसो भए चन्दादाताहरूद्वारा संकलित लाखौं रकम कहाँ जान्छ ? वा नेपाल नै पुग्ने भए पनि त्यो कसरी पुऱ्याइन्छ ? प्रश्न गम्भीर छ । कतिपय चन्दा संकलनकर्ताका संस्था त सम्बन्धित मुलुकमा कानुनी रूपले दर्तासमेत भएका हुँदैनन् । धेरैजसोले त आफ्नो अर्थोपार्जनको माध्यम चन्दा संकलनलाई बनाएका छन् । गैरकानुनी हुन्डीबाट पैसा पठाएका छन् भने त्यसलाई प्रोत्साहन गर्ने कि नगर्ने ?

● **विजय मोक्तान**
जर्मनी

विदेशबाट

'हिमालयको स्वर्ग'



सीएनएन अनलाइनले नेपालको पर्यटनमा भूमिका खेल्ने पाँच बुटिक होटललाई 'हिमालयको स्वर्ग' भन्दै छनोट गरेको छ । उसको सूचीमा काठमाडौँको द्वारिकाज होटल, पाटनको स्वथा ट्रेडिस्नल होम्स, पोखराको पेलिभियन्स हिमालय, चितवनको बाराही जंगल लज र भक्तपुरको हेरिटेज होटल छन् । मल्लकालीन समय र नेपाली संस्कृतिको झल्को भेटिने द्वारिकाजलाई 'लिभिङ म्युजियम'का रूपमा बुझिन्छ । पाटनको स्वथा होम्स ७० वर्ष पुरानो नेवारी शैलीको घरको पुनःजीवन हो । पोखराको पेलिभियन्स हिमालय 'इको रिसोर्ट' हो, जसको आफ्नै फार्म छ । त्यहाँ स्थानीयहरू नै काम गर्छन्, फार्मलाई परम्परागत शैलीबाट सिञ्चित गरिन्छ, उस्तै गरी ऊर्जा सिर्जना गरिन्छ । राप्ती किनारमा रहेको बाराही लजमा थारू संस्कृति र प्रकृतिको सुन्दर समिश्रण छ । भक्तपुरको हेरिटेज होटलका सबैजसो फर्निचर शताब्दी पुराना दरबार र घरबाट जम्मा पारेर प्रयोगमा ल्याइएका हुन्, जसले होटल बसाइलाई दरबारकै झैं बनाउँछ । ◆

सुर-बेसुर

"ड्युटी आवरमा पार्टीको झन्डा बोक्ने, आमसभामा जाने कर्मचारीलाई कारबाही गर्नुपर्छ । सरकारी तलब खाएर दलको सेवा गर्न मिल्दैन कर्मचारीले । आज मेरो पार्टीको जुलुसमा जाने भनेर सरकारी कर्मचारीको ड्युटी हुँदैन ।"

लालबाबु पण्डित
पूर्वसामान्य प्रशासनमन्त्री
अनलाइनखबर डटकम

तस्बिरमा इतिहास

बेलायतमा महेन्द्र : १७ अक्टोबर १९६० मा खिचिएको तस्बिरमा लन्डनको भिक्टोरिया स्टेसनदेखि बकिंघम दरबार पुग्ने क्रममा राजा महेन्द्र र बेलायतकी महारानी एलिजाबेथ द्वितीय ।

सोझै



तथ्यचित्र

स्रोत : ग्लोबल पासपोर्ट पावर र्‍याङ्क, २०१७
इन्फोग्राफिक्स : यमन मानन्धर

साताका चर्चित

मीरा राई, खेलाडी

उत्कृष्ट धाविका भएबापत बेलायतमा रहेका नेपालीहरूले जम्मा गरेको २८ लाख रुपियाँ प्राप्त गरेकाले ।

चट्याङ मास्टर, स्रष्टा

५० हजार रुपियाँको 'भैरव अर्याल हास्यव्यंग्य पुरस्कार' प्राप्त गरेकाले ।

अर्जुननरसिंह केसी
सहरी विकास मन्त्री

संसद् भवनभित्रै थुकेर अमर्यादित व्यवहार प्रदर्शन गरेकाले ।

मलाई भेडो बनाइयोस्, प्रभु !

अघिल्लो जुनीमा म के थिएँ, थाहा छैन । अर्को जुनी होस्-नहोस्, मतलब छैन । तर, प्रभुसंग तागत छ भने म एउटा पुकारा गर्छु- प्रभु, मलाई भेडो बनाइयोस् । खालि पुच्छर नभएको र दुई खुट्टाले उभिएको मात्र मान्छेको संरचना मलाई चाहिएन ।

प्रभु, यहाँ देखादेखी मान्छेहरू चोर्छन्, म चोर भन्न सक्दिनँ । आफैं ठगिंदा म ठगिएँ भन्न सक्दिनँ । स्कुल गयो, त्यहीं पाता कस्छन् । अस्पताल गयो, त्यहीं ढाड सेक्छन् । सहकारीका साहूहरू असनका साँढेजस्तो गरी निक्षेपकर्ताको रकम फिर्ता गर्नुपर्दैन भन्दै डुक्रन्छन् । तर, म बोल्न सक्दिनँ । हाकाहाकी ठग्न पाऊँ, लुट्न पाऊँ भन्दै नेपाल बन्द गर्दासमेत म प्रतिकार गर्न सक्दिनँ प्रभु ! कर्मचारी मालदार ठाउँ रोज्छन्, हाकिमकहाँ धर्ना दिन्छन्, धम्काउँछन् । त्यतिखेर नि म चुप । सांसदहरू दानपात्र लिएर दाताका दैलामा लाम लाग्दा नि मेरो विवेक जाम हुन्छ ! मलाई बोसो जमेको खोपडीवाला दुईखुट्टे मनुवा हुनुछैन, मलाई भेडो बनाइयोस्, प्रभु !

■ **रुन्चे राइँलो**

झन् झन् गरिब प्रधानमन्त्री

पहिले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सुकिलामुकिलालाई झटारो हानिरहन्थे, अहिले सुकिलामुकिलाले उनलाई झटारो हानेका हान्यै छन् । खास गरी उनको सर्वहारा सम्पत्ति विवरण कसैले पत्याएनन् । चिया-गफ चलिरहेका छन्, प्रचण्ड कति फुर्मासी रहेछन् ? त्यत्रो तलबभत्ता कपालमा जेल लगाएरै सक्छन् कि जुवामा उडाउँछन् ? सुशासनको नारा दिएर नथाक्ने सरकार-प्रमुखको बैंक खाता खोइ ? आदि इत्यादि ।

दुई-दुईचोटि प्रधानमन्त्री भइसकेका

सुशासन-समृद्धिका अधिकृत बिक्रेता

'यहाँ सुशासन र समृद्धि पाइन्छ' भन्ने साइनबोर्डमुनि सहरमा भव्य तामझामससहित एउटा दोकान खुलेको बिर्सिनु भा छैन होला । भूकम्पपीडित (भूपी)हरूले एकसरो सर्ट लाउन नपाइरहेका बेला पत्रपत्रिकालाई ज्याकेट लगाइदिएको पनि यादै होला । जहाँ उपभोक्ताहरूले जे खोजिरहेछन्, त्यहाँ त्यो पसल खोले मज्जाले चल्छ भनेर अर्थमन्त्रीसमेत भएका ती प्रोपाइटरलाई जति अर्थशास्त्रको नियम अरूलाई थाहा हुने कुरा पनि भएन ।



सुशासन र समृद्धिको अनिकाल परेका बेला उनले अलिकति भए पनि बीउ जोगाएका छन् कि भनेर उनको पसलतिर दुई-चार दिन ग्राहकको बाक्लै भीड पनि लाग्यो । तर, जब प्रोपाइटर कहिले टोपीको विरोध गर्छन्, फेरि संस्कृतमा ट्वीट गर्छन् । राजनीति गर्नेहरूको बेग्लै पेसा हुनुपर्छ, बाख्रापालन गर्छु भन्छन् अनि फेरि बलि प्रथा रोकौं पनि भन्छन् । देशमा सुशासन र समृद्धि नपाएर मान्छे तड्पिएका तड्पियै छन् तर आफूलाई 'सुशासन र समृद्धिको अधिकृत बिक्रेता' बताउने ती प्रोपाइटर दोकानमा ग्राहक नआदिएर भड्किएका भड्कियै गरेको देखेर चाणक्यचाहिं दंग छ !

■ **चाणक्य नेपाली**

नेतालाई के 'जोगी' होओस् भन्न खोजेको ? १० वर्ष भूमिगत युद्ध हाँकेका नेतालाई के 'माग्ने' बनाउन खोजेको ? जाबो एक कट्ठा पनि नभएका भए हाम्रा प्रधानमन्त्री सुकुमबासी हुने रहेछन् । जाबो तीन तोला सुनलाई संशोधन गरी 'तीन तला' भन्नेहरूलाई के थाहा ? सुनको भाउ घटेको घट्यै छ । तोलामा कति हजार घटिसक्यो ? प्रधानमन्त्रीलाई कति हजार घाटा लागिसक्यो ? यही रफ्तारमा घट्दै जाने हो भने प्रधानमन्त्रीको हालत के हुन्छ भन्ने कहिल्यै सोच्नु भएको छ ? प्रधानमन्त्री दिनानुदिन गरिब भइरहेका छन् । तपाईंहरूचाहिं प्रधानमन्त्रीजस्तो मान्छेको गरिबीको खिल्ली उडाउने ?

■ **लाल कुमाल**

यी महारथि र अतिरथि

पत्रकारका पनि अनेक हैरानी छन् । नेता हुन् कि अभिनेता हुन्, विज्ञ हुन् कि विद्वान्, नभेटी सुखै छैन । उनीहरूसँग पत्रकारले त्यतिबेला सहज पहुँच पाउँछन्, जब तिनका लागि त्यो भेटघाट लाभकारी हुन्छ । उनीहरूको बौद्धिक स्तर उकास्ने साधन यदि पत्रकार बनिदिन्छन् भने स्वीकार्य छन्, स्वागतयोग्य छन् । तर, यदि तिनको दिमागी सतहभन्दा माथिको प्रश्न गरियो वा कुनै जिज्ञासा राखियो भने यिनको कन्सिरी तातिजान्छ ।

सार्वजनिक पद धारण गर्नेहरूको एउटै मान्यता छ, आफ्नो व्यक्तिगत जीवन लुकाउन पाउनुपर्छ । त्यसैले अलिकति विवादास्पद-व्यक्तिगत जीवनमा प्रवेश गरेर प्रश्न गर्‍यो भने पत्रकारमाथि खनिने त आदत नै हो, नेपाली समाजका यी सेलिब्रिटीहरूको । पत्रकारिताचाहिं जिम्मेवार हुनुपर्ने ! उनीहरूले चाहिं व्यक्तिगत जीवन भन्दै देश-दुनियाँ ढाँटेर छल गर्न पाइरहनुपर्ने ! अनि, देश र जनताका लागि मात्र आफूले कर्म गरिरहेको दाबी गर्ने यस्ता धुरन्धरहरूका एकरागे बयान मात्र पत्रकारले सुनिदिनुपर्ने, लेखिदिनुपर्ने ! अर्थात् यस्ता महारथि र अतिरथिका सामुन्ने पत्रकार सधैं निरीह रहिरहनुपर्ने ?

■ **वाटरगेट उपाध्याय**

झटारो | लक्ष्मण गाम्नागे

मन्त्रीजीको खैनी उर्फ दालचिनी व्यवस्थापन

धेरै मान्छेसँग अनेक अस्वाभाविक स्वभाव हुन्छन् । कोही नाक कोट्याइरहन्छन्, कोही घाँटी माडिरहन्छन्, कोही ठाउँ कुठाउँ प्याच्च पुच्छ थुक्दै हिँड्छन् । निकै ठूलठूला मानिसको पनि महिनौंसम्म ननुहाउने बानी हुन्छ भन्ने पनि पढिएको छ । कति धनाढ्यहरू रेस्टुराँमा खाना खाएर जुठो चम्चा गोजीमा हालेर हिँड्छन् रे ! बच्चामा लुतोले सताएका मान्छेलाई आजन्म शरीर कन्याइरहने बानी बस्छ भनेर पनि अनुसन्धाताहरूले बताएका छन् । तर, यस्ता अनौठा बानीले गर्दा मानिसहरू कहिलेकाहीँ आपत्मा पनि पर्छन् । भर्खरै एक जना मन्त्री यस्तै एउटा आदतको चपेटामा परेर कति दिनसम्म रुनु न हाँस्नु भए ।

पत्रकारहरू खतरनाक सिकारी हुन्छन् भन्ने कसलाई थाहा छैन र ! क्यामेराको पासो बोकेर हिँडेपछि कहीं न कहीं सिकार समातिहाल्छन् । कति पत्रकार हल्ला फैलाउन त्यस्तै सिपालु हुन्छन्, मुसो मारेर स्याल समातेको हल्ला गर्छन्, सुँगुरलाई घाइते बनाएर हात्ती लडाएको रिपोर्टिङ गर्छन् । ती मन्त्रीज्यूका सम्बन्धमा पनि त्यस्तै भयो । पत्रकारले सहरी विकासको गहन जिम्मेवारी सम्हालेका वरिष्ठ मन्त्रीले सदनभित्र खैनी फाले भनेर ठूलो समाचार बनाए । रस चुसेर खोस्टो भइसकेको त्यो बिकामे पदार्थ खुसुक्क टेबुलमुनि फालेको कुरालाई कत्ति न टेबुलमाथि विष्टा नै गरेको जस्तो गरी प्रचार गरेको देख्दा मन्त्रीज्यूसमेत छक्कै पर्नुभयो ।



प्रसारित भिडिओमा प्रस्टै देखिन्छ, मन्त्रीज्यूले त्यो विवादास्पद पदार्थ फाल्नुअघि निकै सतर्कता अपनाउनुभएको छ । थुक्नुअघि वरिपरि नियालेर वातावरण अनुकूल भएकामा ढुक्क भएपछि मात्रै मुखबाट हातमा खन्याएर सो पदार्थलाई टेबुलमुनितिर फुत्त फाल्नुभएको छ । फालेर पनि कतै अगाडि बस्ने माननीयज्यूका सुरालतिर पो पर्‍यो कि भनेर निरीक्षण पनि गर्नुभएको छ । यो अत्यन्तै गोप्य रूपमा गरिएको कार्य हो । व्यक्तिका यस्ता गोप्य कर्मलाई सार्वजनिक गरेर पत्रकारहरूले मन्त्रीज्यूको मानहानि मात्र होइन, उहाँको गोपनीयता र व्यक्तिगत स्वतन्त्रताको हकसमेतको हनन् गरेका छन् ।

यसैबीच मन्त्रीज्यूले वाध्यतावश उक्त पदार्थ फाल्नुपरेको कुरा बताउनु भएको छ । साथै, खैनीलाई संशोधन गरेर दालचिनी बनाइसक्नु भएको छ । संविधानै संशोधन गर्ने अधिकार राख्ने माननीयले खैनीलाई दालचिनी भनिसकेपछि अझै पनि यो विषयमा हल्ला गरिरहनु आवश्यक छैन । बरू अब उप्रान्त माननीय सदस्यहरूले त्यसरी रस चुसिसकेका दालचिनीलगायतका पदार्थ हातमा खन्याएर टेबुलमुनि हुत्याउनुभन्दा सोफा, कुर्सी वा टी टेबुलका चेपचापमा अति गोप्य रूपमा व्यवस्थापन गर्नु उपयुक्त हुने सुझाव दिन सकिन्छ । संसद् सचिवालयले माननीयहरूलाई जुनसुकै बेला पनि दालचिनी सर्किएर आपत् पर्न सक्ने कुरालाई मध्यनजर गरेर उहाँहरूका टेबुलमुनि पिकदानी, चुठुवा, कोपरा आदिको व्यवस्था गरिदिएमा आगामी दिनमा यस प्रकारका समस्या आउने छैनन् । आगे सभामुखज्यूको जो विचार !

अन्तिम कुरा, दालचिनीका छोक्रालाई फोहरका थोक्रै बनाएर आलोचना गर्ने मित्रहरूले संसद्भित्र खैनीको दालचिनी फाल्नै नहुने पनि नसोचौं । त्यहाँ कुटाकुट गर्न हुन्छ, थुकाथुक गर्न हुन्छ, कुर्सी पछार्न हुन्छ, माइक भाँच्न हुन्छ, निदाउन हुन्छ, मनलागी बोल्न हुन्छ, जाबो खैनीका खोस्टा फ्याँक्दैमा के हुन्छ भन्ने तर्कतिर पनि ध्यान दिऊँ र समाचारको खैनी उर्फ दालचिनी अध्यायलाई यहीं समाप्त गरौं ।

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
MANAGEMENT
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Management; omnipresent in business. How is the world evolving in Management techniques? What makes a good Manager?
Find all you need to know about Management.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
EVERY MONDAY
IN THE KATHMANDU POST



बडापत्र फिर्ता

राणा शासन भनेको पानीलाई आगो र आगोलाई पानी भने पनि त्यसैलाई सही ठान्नुपर्ने काल थियो। त्यतिबेला जिल्लाभरिका कार्यालय प्रमुखहरूको पनि प्रमुख बडाहाकिम हुन्थ्यो। उसलाई जिल्लाका कार्यालयहरूको निगरानीदेखि न्यायिक अधिकारसम्म थियो । वास्तवमा बडाहाकिमको अधिकार र जिम्मेवारी असीमित हुन्थ्यो ।

झापामा बडाहाकिमका रूपमा बस्दा मैले गरेका कुनै निर्णय र फैसला उच्च न्यायालयबाट उल्टिएनन्। त्यसबापत सरकारले मलाई पुरस्कृत गर्नुका साथै वार्षिक रूपमा पाँच सय रुपियाँ भत्ता बढाइदिने निर्णय गरेको थियो । त्यतिबेला राम्रो काम गर्नेलाई पुरस्कृत र खराब काम गर्नेलाई दण्ड-सजाय र जरिवाना गर्ने प्रचलन पनि थियो । तर, दण्डका नाममा परिबन्द र नियतवश कसैलाई फसाउने प्रवृत्ति पनि उत्तिकै हुन्थ्यो ।

विसं २००५ को प्रसंग हो। प्रधानमन्त्री श्री ३ मोहनशमशेर राणाको हस्ताक्षर रहेको एउटा पत्र मकहाँ आइपुग्यो । मेरो मातहतको झापा माल अड्डाका हाकिम 'सुब्बा भगीरथ उपाध्यायलाई कारबाही गर्नू' भन्ने बेहोराको पत्र थियो, त्यो । विश्वनाथ उपाध्याय, जो पछि ख्यातिप्राप्त प्रधानन्यायाधीश नै भए, का पिता भगीरथ इज्जत र मर्यादामा बसेका व्यक्ति थिए। उनका पदचाप पछ्याएर हिँड्ने मानिस झापामा थुप्रै थिए । म आफैं पनि उनको बेदाग छविको प्रशंसा गर्थें ।

बडाहाकिम कार्यालयको आफ्नो कक्षमा त्यो पत्र खोलेर पढ्दा मेरो त दिमाग नै घुम्यो । सपना पो हो कि भनेर आफ्नै शरीरलाई चिमोटेँ, दुख्यो। विपना नै रहेछ। त्यसपछि एकछिन पनि अफिसमा बस्न सकिनँ। तुरुन्तै निवासमा फर्किएँ र आफ्नो बैठक कक्षमा बसेर त्यो पत्र ओल्टाइ-पल्टाइ, दोहोऱ्याइ-तेहेऱ्याइ पढ्न थालेँ । मनमा अनेक कुरा खेल्न थाले । भगीरथका छोरा विश्वनाथ हाम्रो निवासमा आएर खेलेको र रमाएको दृश्य मेरो मानसपटलमा नाच्न थाल्यो। उनी आफ्ना मावली हजुरबुबाका साथ लागेर हामीकहाँ आउँथे र रमाइ-रमाइ मेरा केटाकेटीका साथ खेल्थे ।

खासमा उनलाई फसाउने उद्देश्यले कसैले झूटो उजुरी हालेको रहेछ । त्यही उजुरी अनुसार कारबाहीको आदेश आएको रहेछ । मेरो व्यक्तिगत निकटताका कारण मात्र होइन, भगीरथजस्तो इमानदार राष्ट्रसेवकलाई बिनाकसुर दण्ड दिनु भनेको मेरो आत्माले स्वीकार गर्न नसक्ने कुरा थियो। मनले यो कुरा निश्चित गरेपछि मैले भगीरथ र आफ्नो मातहतका कुनै पनि कर्मचारीलाई नभनीकनै सीधै प्रधानमन्त्रीलाई पत्र लेखेर सत्यतथ्य जानकारी गराउनु आफ्नो कर्तव्य सम्झैं । र, सादा कागज लिएर जवाफ लेख्न बसेँ ।

माल अड्डाको हाकिम भएर उनले गरेका काम र ती कामका कारण सरकार र जनताको इज्जत एवं प्रतिष्ठा बढेका अनेक उदाहरण थिए मसँग। उनको निर्विवाद र असल छविबारे बढाइचढाइ गर्नै पर्दैनथ्यो। केही प्रसंग उल्लेख गर्दा नगर्दै झन्डै चार पाना सिद्धिएको मैले पत्तै पाइनँ। अन्त्यमा 'यो आरोप उनका विरोधीले फैलाएको हल्ला मात्र हो। र, त्यस कुरामा कुनै सत्यता नरहेकाले कारबाही गर्नु मनासिब देखिन आएन' भनी जवाफी पत्र तयार गरेँ । अर्को दिन पत्र प्रधानमन्त्री मोहनशमशेरका नाममा रजिस्टरी गरी हुलाकमार्फत काठमाडौं पठाएँ।

पत्र त पठाएँ तर मनमा अनेक आशंका मडारिरहे। मुलुकको प्रधानमन्त्री श्री ३ मोहनशमशेरलाई उनको एक कारिन्दाले यस्तो पत्र लेख्नु कति दुस्साहस त ठहरिन्न ? २६/२७ वर्ष एक नौजवान ठिटोको आवेश र जोश मात्रै त होइन यो ? हुन त पत्र लेख्दा नै यी कुरा मनमा नखेलेका होइनन् । 'कन्भिन्सिङ वे'मा पत्र लेखेकाले जोखिम नै भए पनि होस् भन्नेमा पुगेँ म ।

करिब एक महिनासम्म मैले त्यस पत्रको जवाफ र प्रतिक्रिया पाइनँ। एक दिन अचानक सप्तरीका रामराजाप्रसाद सिंहका बुबा जयमंगलप्रसाद सिंहले फोन गरेर तुरुन्त काठमाडौं आउन आग्रह गरे । म अधैर्य भएँ र कारण सोधेँ । उनले भारदारी सभामा मोहनशमशेरले 'अनिरुद्धप्रसाद सिंहले जस्तै गरी सरकारको हित चिताएर काम गर्ने हो भने त जनतामा सरकारको छवि उँचो हुने र हामीलाई कुनै दोषै आउँदैन। आधिकारिक र गोप्य भनिएका सूचना पनि सच्याएर अघि बढ्न सहयोग नै मिल्छ' भनेर मेरो प्रशंसा गरेको खबर मात्रै सुनाएनन्, काठमाडौं आएर राम्रो ठाउँमा सरुवा माग्न पनि सुझाव दिए। म त झन् आश्चर्यचकित भएँ ।

यो वार्तालापको १० दिन मात्र बितेको थियो, प्रधानमन्त्रीको अर्को पत्र आइपुग्यो, जसमा लेखिएको थियो, 'तिमीले जाहेर गरेको कुरा बहुतै मनासिब लाग्यो । उप्रान्त यस्तै बुद्धि पुऱ्याई काम गर्नेछौ भन्ने उम्मिद राखेका छौं । पठाइबक्सेको बडापत्र फिर्ता पठाइदिनू ।' मोहनशमशेरको यो पत्र पाउनासाथ 'भगीरथ उपाध्यायलाई कारबाही गर्नू' भन्ने बेहोराको गोप्य बडापत्र फिर्ता पठाइदिएँ । जीवनमा उचित लागेको कुरा गर्न मैले कहिल्यै सम्झौता गरिनँ। अहिले पनि यसैमा सन्तोष लाग्छ ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

टिप्पणी

॥ श्रेय पौडेल

किन विरोध भयो, टोपी दिवसको ?

जनवरी १ लाई टोपी दिवसका रूपमा मनाइन थालिएको भर्खरै हो । सामाजिक सञ्जालले यस दिवसमा ढाका टोपीलाई नै विशेष महत्त्व दियो । खासमा यो दिवस यस्तो समयमा मनाउन थालियो, जब ढाका टोपी र दौरा-सुरुवालजस्तै बक्खु र धोतीको आवाज पनि प्रखर रूपमा सुनिन थाल्यो । यस्तो अवस्थामा ढाका टोपीलाई एक निर्जीव टोपीका रूपमा मात्र नभई एक राजनीतिक-सांस्कृतिक प्रतीकका रूपमै हेर्नुपर्छ ।

ढाका टोपीको सन्दर्भलाई खोतल्दा, यसलाई कसले पहिरिन्छ भन्ने बुझ्न जरुरी हुन्छ । यसलाई अहिले आएर पक्कै पनि पश्चिम रोल्पाका खाम मगर, इलामका राई तथा झापाका बाहुनले पहिरिने गरेका छन् । यस अर्थमा ढाका टोपीलाई समग्र पहाडी नेपालसँग जोड्न सकिन्छ । तर, ढाका टोपीको पुरानो राजनीतिक सन्दर्भलाई भने बिर्सन मिल्दैन । राणाकालयता एक खास जातिको आभिजात्य वर्गले यस देशमा शासन गर्‍यो । तिनीहरू नेपाल राष्ट्रका सबै नागरिकभन्दा आर्थिक रूपमा पृथक् थिए । तर, सामाजिक-सांस्कृतिक रूपमा चाहिँ उनीहरू पहाडी नेपालकै एक विशेष जाति, भाषा र धर्मकै अंश थिए । शासक इतरका अन्य जाति, भाषा र धर्म विसं ०४६ अघि खुलेआम सांस्कृतिक बहिष्करणमा परेका थिए । राईले साकेला खेल्न पाउँदैनथे, मधेसीको राष्ट्रियतामाथि पञ्चायत सरकारले शंका गर्थ्यो । सरकारी कर्मचारीहरूले ढाका टोपी र दौरा-सुरुवाल अनिवार्य लगाउनुपर्ने नियम थियो । त्यस्तै, नागरिकताको फोटो खिच्दा पुरुषले ढाका टोपी लगाउनैपर्ने थियो ।

यस हिसाबमा, एक खास जाति, भाषा र धर्म मान्ने शासक वर्गको पहिरन, ढाका टोपी र दौरा-सुरुवाललाई राष्ट्रियताको बोझ बोकाइयो । ०४६ पछिको प्रजातन्त्रले भने केही हदसम्म अन्य जाति, भाषा र धर्मलाई राहत दिएकै हो । तर, प्रजातान्त्रिक युगमा समेत हरेक प्रधानमन्त्री-मन्त्री ढाका टोपी र दौरा-सुरुवाल पहिरिने नै हुन पुगे । यस अर्थमा, आर्थिक रूपमा प्रजातान्त्रिक शासकहरू पक्कै पनि जनताकै छोराहरू थिए (छोरी कोही हुन पाएका छैनन्) । तर, सांस्कृतिक रूपमा उनीहरू पहिलेका शासकभन्दा खासै फरक हुन सकेनन् । यसकारण, ढाका टोपी र दौरा-सुरुवाल निर्जीव पहिरन हुँदाहुँदै पनि तिनमा शासकको सांस्कृतिक आत्मालाई घुसाइयो ।

यस्तो परिवेशको राजनीतिक फाइदा नेपाली माओवादीले उठाए । पहिचानका मागहरूलाई शान्तिपूर्ण रूपमा उठाउन सकिने भए तापनि माओवादीले सशस्त्र आन्दोलन नै उचित सम्झे । माओवादी विद्रोहको हिंसात्मक औचित्य पुष्टि नभए पनि सांस्कृतिक बहिष्करणमा परेकाहरूको माग त्यसै आन्दोलनले उठाइदियो । पश्चिममा थारूलाई कमैया राख्नेहरूमध्ये ढाका टोपी लगाउनेहरू नै अगाडि देखिन्थे । पूर्वमा लिम्बूवान खोज्नेहरू पनि ढाका टोपीवालाकै विरोधमा देखिए । यसकारण पहिचानको आन्दोलन गर्नेहरूले ढाका टोपीलाई हेर्ने दृष्टिकोण शासक जातिको भन्दा फरक बन्न पुग्यो ।

अब ढाका टोपीले अरू सबैको पहिचान मेट्नु हुँदैन भन्ने स्वर नेपाली राजनीतिमा स्थापित भइसक्यो । बक्खु र धोतीले सोचेजस्तो चाँडो परिवर्तन नआए पनि परिवर्तनरूपी नदीले बेग लिइसक्यो । बिस्तारै, यसले पुराना ढुंगा-मुढालाई खुलाउँदै लानेछ । तर, यो नदीले ढाका टोपीलाई बगाएर पिँधमा पुर्‍याउने एजेन्डा भने बनाएको छैन । यद्यपि, दौरा-सुरुवाल, ढाका टोपी लगाउने एउटा ठूलो पंक्तिमा यस नदीले बगाई पो दिने हो कि भन्ने त्रास विद्यमान छ । अक्स्फोर्ड विश्वविद्यालयका अनुसन्धानकर्ताद्वय डेविड गेल्नर तथा कृष्ण अधिकारीका अनुसार कतिपय अवस्थामा असहिष्णु भएका पहिचानका आन्दोलनका कारण नेपालका बाहुनहरूमा एउटा ठूलो डर पैदा भएको छ । त्यसैले इतिहासमा सायदै कहिल्यै बाहुनहरूले नितान्त जातीय आधारका संगठनहरू खोलेका थिए होलान्, जति अचेल खोलेका छन् । गेल्नर-अधिकारीकै विश्लेषणलाई विस्तार गर्दा भन्न सकिन्छ- इतिहासमै कहिल्यै नचाहिएको टोपी दिवस, जसमा ढाका टोपीको मात्रै महत्व बुझाइयो, अहिले मनाउन थाल्नुको कारण पनि त्यही त्रास नै हो ।

ऐतिहासिक रूपमा बहिष्करणमा परेकाहरूले टोपी दिवसको विरोध गर्नुलाई स्वाभाविक रूपमा नै लिनुपर्छ । पहिचानका आन्दोलनहरू सामाजिक न्यायका अनुभवहरूले नै उठेका हुन् । यसकारण टोपी दिवसको विरोध गर्नेका स्वर पहिचानकै तर्कबाट सुसज्जित छन् । तर, अन्तिममा बक्खु, धोती र ढाका टोपी न्यायपूर्ण रूपमा सँगै बस्नुपर्ने अहिलेको राजनीतिक सत्यलाई पनि सबै पक्षले आत्मसात् गर्नु अति जरुरी छ । ◆

‘आधार इलाका’मा आक्रोश

प्रधानमन्त्री, मन्त्री र सांसदलाई रोल्पामै अवरोध

काशीराम डाँगी/लिबाङ

दाङ, रोल्पा, रुकुम र डोल्पा जोड्ने निर्माणाधीन सहिद मार्गको अवलोकन गर्न ९ पुसमा रोल्पाको घर्तीगाउँ आएका प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’प्रति आक्रोशित स्थानीयले कालो झन्डा देखाए । संविधान कार्यान्वयन गर्न नसकेको भन्दै स्थानीयले उनको अक्षमताविरुद्ध नाराबाजीसमेत गरे । नेपाली सेनाको हेलिकप्टरबाट घर्तीगाउँ आएका प्रधानमन्त्रीले भने त्यो विरोधलाई राजनीतिक प्रतिशोधबाट उब्जिएको परिस्थितिको संज्ञा दिए ।

कालो झन्डा बोकेका स्थानीयले घर्तीगाउँमा नाराबाजी गरिरहँदा प्रचण्ड रोल्पामा विकास योजनाको प्याकेज ल्याउने आश्वासन दिइरहेका थिए । तर पनि स्थानीयको आक्रोशमा कमी आएन, उनको प्रतिबद्धताप्रति उनीहरूले विश्वास गरेनन् । परिणामत: लगातारको विरोधका कारण करिब आधा किलोमिटरमुनिको सहिद मार्गमा प्रधानमन्त्री प्रचण्डले खुट्टो टेक्नसम्म पाएनन् । बाक्लो सुरक्षा घेराका बीच उनको हेलिकप्टर ओरालिएको ठाउँनजिकै बनाइएको मञ्चसम्म मात्र पुग्न सके ।

माओवादीको दसवर्षे सशस्त्र संघर्षका दौरान रोल्पा ‘आधार इलाका’ मात्रै थिएन, सबैभन्दा बढी मानवीय एवं भौतिक क्षति यही जिल्लाले बेहोरेको थियो । माओवादी हिंसात्मक विद्रोहका मुखियासमेत शान्ति प्रक्रियापछिको पहिलो संविधानसभा निर्वाचनमा रोल्पाबाटै प्रत्यक्ष निर्वाचित भएका थिए । त्यही सशस्त्र विद्रोहको मुनाफा खाइरहेका प्रचण्डलगायत उनको पार्टी र सरकारले विकासको एक अंश पनि दिन नसकेकामा स्थानीयवासीको तीव्र आक्रोश प्रकट भएको हो ।

प्रचण्ड मात्रै होइन, पारिवारिक कामले अघिल्लो महिना गृहजिल्ला रोल्पा आएका उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरालाई पनि राजधानी फर्किने क्रममा स्थानीयले अवरोध सिर्जना गरिदिए । प्रदेश-५ टुक्र्याउन संसद्मा दर्ता गरिएको संविधान संशोधन प्रस्तावविरुद्ध आक्रोशित स्थानीयले अर्थमन्त्रीसमेत रहेका महरा फिर्ता जाने बाटोमा अवरोध गरिदिएका थिए । अवरोध थेग्न नसकेर महरा लिबाङबाट भालुबाङ निस्कने कालोपत्रे सडक छाडेर लिबाङ-जुँगार हुँदै सल्यानको कपुरकोटसम्मको कच्ची सडक पार गर्दै दाङ झरेका थिए ।

०६२/०६३ पछि दुईपटक संविधानसभामा

तस्बिरहरू : काशीराम डाँगी

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ रोल्पाको घर्तीगाउँमा कडा सुरक्षाका बीच (माथि) र उनका विरोधमा प्रदर्शन

निर्वाचित नेता महरा रोल्पाबाट उच्च तहमा पुग्ने र अवसर पाउनेमध्ये पर्छन् । पहिलो संविधानसभा निर्वाचनमा रोल्पा-१ बाट प्रत्यक्ष निर्वाचित महरालाई यहाँ जति सजिलो थियो, फर्केर मन्त्रालय पुग्न भने निकै सास्ती भयो । जिल्ला सुरक्षा समितिका एक सदस्य भन्छन्, "अरू अवरोध भएको भए हेलिकप्टरबाटै फर्कने व्यवस्था गर्नेसम्मको योजना बनाएका थियौं ।" महरा उपप्रधानमन्त्री रहेको सरकारले प्रदेश-५ टुक्र्याउने गरी संसद्मा दर्ता गराएको संविधान संशोधन प्रस्तावका कारण रोल्पालगायतका पहाडी जिल्लामा असन्तुष्टि आन्दोलन जारी छ ।

एमाले संसदीय दलका सचेतक गोकुल घर्तीमगरविरुद्ध पश्चिमी रोल्पाको जुँगारमा आफ्नै कार्यकर्तासमेतले नाराबाजी गरे । स्थानीय तहको पुन:संरचना गर्ने क्रममा प्रस्तावित त्रिवेणी गाउँपालिकाको केन्द्र जुँगारलाई तोक्ने क्रममा असहयोग गरेको आक्रोशमा सांसद घर्तीमगरविरुद्ध मंसिरको तेस्रो साता एमालेसहित कांग्रेस, राप्रपा, माओवादीलगायतका कार्यकर्ता र सर्वसाधारणले नाराबाजी गरेका थिए । जुँगार, गैरीगाउँ, बुढागाउँ, करेटी र नुवागाउँ गाविस गाभेर बनाइएको प्रस्तावित त्रिवेणी गाउँपालिकाको केन्द्र जुँगार वा त्रिवेणी राख्ने भन्ने विवाद अझै टुंगिएको छैन । यो विवाद टुंग्याउन सांसद घर्तीमगरले सहयोग नगरेको स्थानीयको बुझाइ छ ।

जनता आफैँले निर्वाचित गरेका प्रधानमन्त्री, मन्त्री र सांसदविरुद्ध ग्रामीण तहसम्मै आक्रोशको मात्रा बढ्दै गएको छ । जनभावना बुझ्न नसक्नु, नातावाद एवं पहुँचवालासँग मात्र व्यवहार बढाउनु, विकास निर्माणका योजनाभन्दा आश्वासन र असम्भव योजनाको मात्र प्रचार गर्नुले आक्रोशको मात्रा बढेको स्थानीयको बुझाइ छ । जलजला बहुमुखी क्याम्पसका पूर्वप्रमुख एवं अर्थशास्त्रका अध्येता विनोद आचार्यका अनुसार नेताले भन्ने एउटा र गर्ने अर्को भएका कारण जनता र नेताबीच ठूलो खाडल उत्पन्न भएको हो । भन्छन्, "जनता जति सचेत बन्छन्, त्यति नेतालाई ढाँटछल गर्न मुस्किल हुन्छ ।"

विगतको माओवादी सशस्त्र विद्रोह खेपेका रोल्पालीको प्राथमिकतामा शान्ति प्रक्रियायता भने विकास छ । त्यसैले केही समययता स्थानीयवासी आफ्नै आस्थाका नेतालाई समेत मन पराउन छाडेका छन् । सामाजिक अध्येता एवं बुद्धिजीवी नन्दबहादुर घर्तीमगर भन्छन्, "जनताको चेतनाले बुझेसम्म नेताका खराब कार्यको विरोध हुन्छ ।" ◆

'अबको सरकार हाम्रा सभापतिको नेतृत्वमा'

माओवादीले १६ वर्षअघि पति चन्द्रनारायण यादवको हत्या गरेपछि राजनीतिमा आएकी **सीतादेवी यादव**ले नेपाली कांग्रेस सिरहाको नेतृत्व सम्हालिन्, त्यो पनि लगातार तीन कार्यकाल । दोस्रो संविधानसभामा सिरहा-३ बाट निर्वाचित यादव २५ फागुन ०७२ मा 'हेभिवेट'हरूलाई हराएर पार्टीको कोषाध्यक्ष निर्वाचित भइन् । अहिले शान्ति तथा पुन:निर्माण मन्त्रीको जिम्मेवारीमा रहेकी यादवसँग **सन्तोष आचार्य**ले गरेको कुराकानी :

सर्वोच्च अदालतको आदेशपछि मुलुक फेरि सहमतिको राजनीतिमा अघि बढ्छ र संविधान कार्यान्वयनका लागि चुनाव हुन्छ भन्नेमा तपाईं आशावादी हुनुहुन्छ ?

सर्वोच्चको जुन निर्णय आएको छ, त्यसले राजनीतिक गतिरोध हटेको छ । सहमतिको ढोका खुलेको छ । संविधान संशोधन विधेयक पारित हुन्छ ।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले ८३ वटाजति माग संशोधन गर्नुपर्ने भनेको छ, त्यसैले मोर्चा सहमतिको मार्गमा फेरि बाधक भएर आउँछ कि भन्ने एकथरीको आंशका छ नि ?

मधेसी मोर्चा अब बाधक हुँदैन । कांग्रेसको मुटु नै मधेस हो । मधेसबिना कांग्रेसको अस्तित्व छैन । मोर्चाको मात्र त्यो माग होइन, कांग्रेसको पनि त्यही माग हो । मधेसी

जनताको माग पनि हो ।

तपाईंहरूले तत्कालीन पार्टी सभापति सुशील कोइरालालाई यो संविधान जारी हुन नदिन दबाब दिनुभएको थियो, होइन ?

यो संविधान जारी हुनुभन्दा अघि मधेसबाट प्रतिनिधित्व गर्ने कांग्रेसका २५ जना सभासद् तत्कालीन पार्टी सभापति तथा प्रधानमन्त्री सुशील कोइरालालाई भेट्न गयौँ । संविधान जारी गर्न हतार नगर्न भन्यौँ । संविधानका केही बुँदा संशोधन गर्न आग्रह गर्‍यौँ । तर, सुशील दाइले आँखामा आँसु लिएर भन्नुभयो- म पनि मधेसमा जन्मिएको हो । बढेको हो । मधेसको अन्न खाएको छु । तपाईंहरूले मधेसलाई संविधानले सम्बोधन नगर्ला भनेर नसोच्नु होस् । अहिलेलाई संविधान जारी हुन दिनूस् ।

पार्टी सभापतिमाथि सबैले विश्वास गर्‍यौँ । संविधान पनि जारी भयो । दबाब दिएको होइन । आफ्नो असन्तुष्टि मात्र व्यक्त गरेका हौँ ।

मधेसलाई पहाडबाट छुट्याउने कि नछुट्याउने भनेर प्रदेश-५ को सन्दर्भमा विवाद चलिरहेको छ, यसमा तपाईंको दृष्टिकोण के हो ?

सबैका आ-आफ्ना धारणा हुन्छन् । संविधान संशोधनका लागि पार्टी सभापतिजीलाई सम्पूर्ण अधिकार केन्द्रीय कार्य समितिका साथीहरूले दिइसकेका छन् ।

तपाई आफैं पनि अंगीकृत नागरिक हुनुहुन्छ । यो समस्या पनि राजनीतिसँग जोडिएर आउने गरेको छ । कसरी हल होला ?

अंगीकृत नागरिक पनि दुई किसिमका हुन्छन् । विवाह गरेर नेपाल आउने वैवाहिक अंगीकृत नागरिक र व्यापार-व्यवसायका लागि आउने अर्कोथरी अंगीकृत नागरिक । मेरो वैवाहिक अंगीकृत नागरिकता हो ।

नागरिकताको मुद्दामा गलत नियत लुकेको छ भन्ने एकथरीको आशंका छ नि ?

अंगीकृत महिलालाई निश्चित पदमा बन्देज गरिएको छ । यो राम्रो कुरा होइन । समय-सीमा तोकेर अपमानित नहुने व्यवस्था गर्नैपर्छ । अपमानित हुन कसैलाई मन पर्दैन । चाहे महिला हुन्, उनको छोरा होस् वा श्रीमान् ।

> **अंगीकृत महिलालाई निश्चित पदमा बन्देज गरिएको छ । यो राम्रो कुरा होइन । समय–सीमा तोकेर अपमानित नहुने व्यवस्था गर्नैपर्छ । अपमानित हुन कसैलाई मन पर्दैन । चाहे महिला हुन्, उनको छोरा होस् वा श्रीमान् ।**

फरक प्रसंग, 'जनताको सेवा गर्छु, समाज परिवर्तन गर्छु' भनेर विगत १६ वर्षदेखि तपाई राजनीतिमा हुनुहुन्छ । के योगदान दिनुभयो ?

सबै सपना एकैचोटि पूरा हुँदैनन् । तर, केही हदसम्म पूरा भएका छन् । अरू सपना पनि पूरा गर्ने आशा र विश्वास लिएकी छु ।

तपाईंले 'द्वन्द्वपीडितहरूका लागि केही व्यवस्था गर्छु, द्वन्द्वमा ध्वंश भएका पूर्वाधार बनाउँछु' भन्नुभयो । तर, तपाईंले सम्हालेको शान्ति तथा पुनःनिर्माण मन्त्रालय नै सुस्त छ त ?

हो, सबभन्दा पहिला मृतकको नजिकको हकदारलाई सरकारले ६ वर्ष पहिला निर्णय गरेको पाँच लाख रुपियाँ दिने निर्णय कार्यान्वयन भयो । शान्ति कोषको म्याद पनि थपियो । तर, म आफैं आफ्नो कामबाट सन्तुष्ट छैन । द्वन्द्वकालमा भत्केका संरचनाहरू पूर्ण रूपमा निर्माण भएका छैनन् । सबै ठाउँमा मन्त्रालयका सचिव/सहसचिवहरूलाई पठाइरहेकी छु । द्वन्द्वपीडितका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा न्याय हो । त्यससँगै राहत, रोजगारी, द्वन्द्वकालमा जफत भएको सम्पत्ति फिर्ता, अपहरणमा परेकाको मुक्ति, विस्थापित भएका र टुहुरा बालबालिकाका लागि स्वास्थ्य उपचार, मनोचिकित्सालगायतका धेरै काम बाँकी छन् ।

जुन पार्टीको कारणले पति गुमाउनु पर्‍यो, उही नेतृत्वको मन्त्रिपरिषद्मा बसेर अपराध क्षमा गर्ने क्षमता तपाईंमा कसरी आयो ?

गिरिजाबाबुले देश र जनताका लागि आफ्नो दुःख पनि बिर्सिनुपर्छ भन्नुभएको थियो । उहाँको त्यही वचनले मलाई प्रेरणा मिलेको हो । मेरो दुःख त आफ्नो ठाउँमा छँदै छ । अरू द्वन्द्वपीडितको दुःखले मलाई अझ दुःखी तुल्याएको छ । माओवादी द्वन्द्वपीडितका लागि केही गर्न सकिनँ भने त मेरो जीवनको केही अर्थ हुँदैन, केही सार्थकता हुँदैन । यो कुर्सीको केही महत्त्व हुँदैन ।

नेपालको राजनीतिमा कांग्रेसले स्पष्ट दृष्टिकोण बनाउन सक्ने र त्यसलाई नेतृत्व गर्न सक्ने जुन क्षमता थियो, त्यो अहिले क्रमशः गुमाउँदै गएको हो ?

कार्यरूप लिन नसकेको मात्र हो । प्रयास जारी छ । तर, जति राम्रो ढंगले पार्टी अघि बढ्नुपर्ने हो, त्यो भइरहेको छैन ।

माओवादीसँग भएको सहमति अनुसार अब कांग्रेसको नेतृत्वमा सरकार बन्छ ?

बन्छ । किन नबन्ने ? माओवादीले राजनीतिक बेइमानी गर्न मिल्दैन ।

तर, राजनीतिमा बेइमानी त हुन्छ नि ?

म आशावादी छु । अबको सरकार हाम्रा सभापतिको नेतृत्वमा बन्छ । ◆

तस्बिर : भास्कर ओझा

अनुमतिबिनाका अस्पताल

मेडिकल शिक्षामा अर्को मनोमानी

■ भिषा काफ्ले

दर्ता नै नभएको भन्दै स्वास्थ्य मन्त्रालयले डेढ महिनाअघि काठमाडौं उपत्यका र बाहिरका केही क्लिनिक बन्द गर्ने निर्णय गऱ्यो । निर्णयमा अर्को सूचना जारी नभएसम्म नयाँ क्लिनिक दर्ता नगरिनेसमेत उल्लेख थियो । स्वास्थ्य मन्त्रालय र मातहत निकायमा दर्ता नभएका क्लिनिकमा कुनै चिकित्सक गएर उपचार गरे उसको अनुमतिपत्र खोसिन सक्ने चेतावनीसहितको सूचना पनि निकालियो ।

क्लिनिकहरूमाथि कडाइ गरिए पनि वर्षौंदेखि अनुमतिबिना नै सञ्चालनमा रहेका ठूला मेडिकल कलेज अन्तर्गतका अस्पताल भने निस्फिक्री चलिरहेका छन् । यसै गरी स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति नलिएका ठूला अस्पतालहरूमा करिब दुई हजार चिकित्सक सामान्य जाँचदेखि जटिल शल्यक्रिया निर्धक्क गरिरहेका छन् । हाल सञ्चालनमा रहेकामध्ये तीनवटा मेडिकल कलेजले मात्र दुई सय शय्या बराबरको स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति पाएका छन् । अन्य केहीले स्वीकृतिका लागि निवेदन पेस गरेका त छन् तर मापदण्ड पूरा गर्न नसकेका कारण स्वीकृति पाइसकेका छैनन् ।

स्वास्थ्य मन्त्रालय स्रोतका भनाइमा तीन ठूला मेडिकल कलेजले त अझ दर्ताको निवेदनसमेत दिएका छैनन् । मन्त्रालयले स्वीकृतिका लागि त्यस्ता अस्पतालहरूलाई आवश्यक कागजातसहित आउन पटक-पटक पत्राचार गरेको छ । तर, प्रक्रियामा आउन चाहेका छैनन् । नियमविपरीत अस्पताल सञ्चालन गर्ने यस्ता मेडिकल कलेजलाई मन्त्रालयले कारबाहीको दायरामा ल्याउन सकेको छैन ।

कानुनतः स्वास्थ्य मन्त्रालयको अनुमति नलिई वा नवीकरण नगरी अस्पताल सञ्चालन गर्न पाइँदैन । यदि कानुनी स्वीकृतिबिना अस्पताल सञ्चालन गरिएको छ भने सरकारले त्यस्ता अस्पतालको स्वास्थ्य सेवा सञ्चालन बन्द गर्न सक्छ । सुशासन ऐन, २०६४ अनुसार स्वास्थ्य मन्त्रालयले ७ पुस ०७० मा स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका नै जारी गरेको थियो । त्यो निर्देशिकाले सबै निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरूलाई स्वीकृति तथा नवीकरणको बाध्यकारी व्यवस्था गरेको छ । तर पनि, १४ शिक्षण अस्पताल बिनास्वीकृति सञ्चालनमा छन् अझै पनि । अन्य मेडिकल कलेज तथा अस्पतालले पनि थोरै शय्याको स्वीकृति लिएर धेरै शय्याका अस्पताल सञ्चालन गरिरहेका छन्, जसले नवीकरण गराउनैपर्छ । निर्देशिका अनुसार दुई सयभन्दा धेरै शय्यासहित सञ्चालन भएका स्वास्थ्य संस्थाले अनिवार्य रूपमा स्वास्थ्य मन्त्रालयबाट स्वीकृति लिनुपर्ने हुन्छ । तर, सञ्चालनमा रहेका तीनबाहेक अरू मेडिकल कलेजले स्वीकृति नपाएको स्वास्थ्य मन्त्रालय अन्तर्गत चिकित्सा महाशाखाका प्रमुख डा भोला श्रेष्ठ बताउँछन् ।

स्वास्थ्यमन्त्री गगन थापाले जिम्मेवारी सम्हालेलगत्तै दर्ताबिना सञ्चालित स्वास्थ्य संस्थालाई १५ दिनभित्रमा तोकिएको कागजातसहित प्रक्रियामा आउन पत्र पठाउने तयारी गरेको थियो । सोही अनुसार चिकित्सा महाशाखाबाट टिप्पणी उठेर मन्त्री थापाकहाँ निर्णयार्थ पेस पनि भयो । तर, पत्र पठाउँदा भने मातहतका निकायलाई दर्ता तथा अनुमतिका लागि नियमनमा ल्याउनुपर्ने जानकारी मात्र गराइएको छ । र, त्यसमा समयावधि पनि उल्लेख गरिएको छैन । स्रोतका भनाइमा, समयावधि तोकेर पठाउन लागिएको पत्राचारको जानकारी जब ठूला अस्पताल सञ्चालकहरूले पाए, त्यसपछि उनीहरूले मन्त्रालयका उच्च पदाधिकारीलाई समयावधि नतोक्ने बेहोरासहितको पत्र पठाउने व्यवस्था गर्न दबाब दिए । र, त्यसमा सफल पनि भए ।

यसअघि ०७० मै सरकारले भवन विभागले तोकेको मापदण्डभित्रका संरचना निर्माण गर्न सात वर्षको सहुलियतपूर्ण समय दिएको

सरकारी स्वीकृतिबिनै सञ्चालित शिक्षण अस्पताल नेसनल मेडिकल कलेज, वीरगन्ज (बायाँ) र नेपाल मेडिकल कलेज, काठमाडौं

स्वास्थ्य मन्त्रालयबाट स्वीकृत शय्या र मेडिकल काउन्सिलमा पेस गरिएको शय्या संख्या

मेडिकल कलेज	मन्त्रालयबाट स्वीकृत शय्या संख्या	काउन्सिलमा बुझाएको शय्या संख्या	मन्त्रालयमा माग गरेको शय्या संख्या	आगामी वर्ष विद्यार्थी अध्यापन गर्न पाउने संख्या	
				एमबीबीएस	बीडीएस
चितवन मेडिकल कलेज	७५७	७५०	७५०	११५	२५
गण्डकी मेडिकल कलेज	३००	५३९	३००	९०	
किस्ट मेडिकल कलेज	१००	७५०	७५०	११०	४५
लुम्बिनी मेडिकल कलेज	१००	-	६४२	१००	
नोबेल मेडिकल कलेज	१००	७५०	९११	१०५	१५
काठमाडौं मेडिकल कलेज	छैन	७५०	७५०	११५	४०
मणिपाल मेडिकल कलेज	छैन	-	७५०	११५	
काठमाडौं विश्वविद्यालय मेडिकल कलेज (धुलिखेल, काभ्रे)	छैन	४४०	४५०	७५	४०
युनिभर्सल मेडिकल कलेज (भैरहवा)	छैन	७६२	७५०	११५	५०
नेपालगन्ज मेडिकल कलेज	छैन	७७५	७५०	११५	
नेपाल मेडिकल कलेज (काठमाडौं)	छैन	-	माग नै नगरेको	११५	४०
कलेज अफ मेडिकल साइन्सेज (चितवन)	छैन	७५०	माग नै नगरेको	११५	२५
देवदह मेडिकल कलेज	१००	३८१	थप शय्याको लागि निवेदन दर्ता नभएको	२४	
जानकी मेडिकल कलेज	छैन	५३७	३००	८०	
नेसनल मेडिकल कलेज, (वीरगन्ज)	छैन	-	माग नै नगरेको	११५	
पिपल्स डेन्टल कलेज एन्ड हस्पिटल	छैन	१००	३००		५०
कान्तिपुर डेन्टल कलेज	छैन	१००	१५० डेन्टल र १०० जनरल अस्पतालका लागि		४५
बी एन्ड बी अस्पताल (ग्वार्को)	१००	अस्पताल मात्र	३००		

स्रोत : स्वास्थ्य मन्त्रालय र नेपाल मेडिकल काउन्सिल

थियो, प्रत्येक वर्षको प्रगतिसहितको प्रतिवेदन बुझाउनुपर्ने सर्तसहित। मन्त्रालयले दिएको यो सहुलियतपूर्ण निर्देशनको पनि उनीहरूले अटेर गर्दै आएका छन्। त्यसरी अटेर गर्नेमा प्रक्रिया अगाडि बढाउन निवेदन दिएका अस्पतालहरूसमेत छन्।

यस्तो प्रक्रिया पुर्‍याउन नसक्ने अस्पतालमा राजधानीका काठमाडौं मेडिकल कलेज, नेपाल मेडिकल कलेज र कान्तिपुर डेन्टल कलेज छन्। उपत्यकाबाहिर कास्कीको मणिपाल मेडिकल कलेज, भैरहवाको युनिभर्सल मेडिकल कलेजका अस्पताल पनि अनुमतिबिनै चलेका छन्। त्यसै गरी काठमाडौं विश्वविद्यालयको धुलिखेल अस्पताल, काभ्रे, नेपालगन्ज मेडिकल कलेज, बाँके, कलेज अफ मेडिकल साइन्सेज, चितवन, जानकी मेडिकल कलेज, धनुषा, नेसनल मेडिकल कलेज, पर्साले पनि स्वीकृति लिएका छैनन्।

प्रक्रियामै नआई सञ्चालित नेपाल मेडिकल कलेज, जोरपाटी, कलेज अफ मेडिकल साइन्सेज, चितवन र नेसनल मेडिकल कलेज, वीरगन्जले १ सय १५ विद्यार्थी पढाउने अनुमति पाएका छन्। प्रतिविद्यार्थी पाँच शय्या बराबरको अस्पताल सञ्चालन गर्नुपर्ने अनिवार्य व्यवस्था नेपाल मेडिकल काउन्सिलले गरिदिएको छ। यस अनुसार यी कलेजहरूले कम्तीमा ५ सय ४५ शय्याका लागि स्वीकृति प्राप्त गरेर मात्र अस्पताल सञ्चालन गर्नुपर्छ। तर, हाल सञ्चालनमा रहेका मध्ये चितवन मेडिकल कलेजबाहेक अरूले यो मापदण्ड पालना गरेका छैनन्।

१ सय १० सिटमा विद्यार्थी पढाउने अनुमति पाएको किस्ट मेडिकल कलेज एक सय शय्याको अस्पतालको मात्र स्वीकृति लिएर सञ्चालन गरिरहेको छ। सय शय्याको मात्र स्वीकृति पाएर सञ्चालन भएका अन्य मेडिकल कलेजमा लुम्बिनी मेडिकल कलेज (पाल्पा), नोबेल मेडिकल कलेज (विराटनगर), देवदह मेडिकल कलेज (रुपन्देही), नेपाल स्वास्थ्य सेवा सहकारी संस्था (काठमाडौं), बी एन्ड बी अस्पताल (ग्वार्को) छन्। यी कलेजले ७५ देखि १ सय १५ जनासम्म विद्यार्थी अध्यापन गराउँदै आएका छन्।

मन्त्रिपरिषद्को ७ मंसिर ०७३ को बैठकले दर्ता नगरी सञ्चालन भइरहेका स्वास्थ्य संस्थाहरूलाई एकपटकका लागि दर्ता/नवीकरण गर्न मौका दिएको छ। फागुन मसान्तभित्र दर्ता प्रक्रियामा नआए सेवा सञ्चालनमा रोक लाग्न सक्नेछ। मन्त्रालयको चिकित्सा महाशाखा प्रमुख डा श्रेष्ठ प्रक्रियामा नआउने अस्पताललाई कानुन अनुसार कारबाही गरिने बताउँछन्। भन्छन्, "अहिले हामीले मापदण्डमा तोकिएको कागजातसहित प्रक्रियामा आउन आग्रह गरेका छौं। समयमा नै कागजातसहित प्रक्रियामा नआए सरकार कानुन अनुसार अघि बढ्छ।" ◆

'हामी व्यावहारिक पक्ष मात्र हेर्छौं'

– प्राडा धर्मकान्त बाँस्कोटा, अध्यक्ष, नेपाल मेडिकल काउन्सिल

मेडिकल काउन्सिलले कागजी प्रक्रियामा अस्पतालहरूको शय्या संख्या भए/नभएको भन्दा पनि साँच्चै गोटा गन्तीमा शय्या संख्या भए/नभएको हेर्ने गरेको छ। शय्या संख्या त हामीभन्दा पहिले सम्बन्धित विश्वविद्यालयले सिट संख्या सिफारिस गर्नुपूर्व पनि हेरेको हुन्छ। त्यहाँबाट सिफारिस भएपछि र हामीले स्वीकृति दिनुअघि निरीक्षणका लागि जाँदा पनि हेर्छौं। त्यहाँको संकाय, उपकरण, बिरामीको चाप, शैक्षिक कार्यतालिका र शय्याको संख्याका आधारमा हामी सिट संख्या निर्धारण गर्छौं। हामीले व्यावहारिक पक्ष हेर्ने हो। त्यसैले कागजी रूपमा उनीहरूले स्वास्थ्य सेवाका लागि स्वीकृति पाएका छन्/छैनन्, त्यो हेर्ने गरेका छैनौं।

'नियन्त्रित अस्थि

सन्तोष आचार्य

तत्कालीन सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंह आमरण अनशन बसे, २७ मंसिर ०५० मा । सिंहदरबार सामुन्ने भद्रकालीमा गरिएको उक्त अनशनमार्फत सिंहले १० बुँदे माग अघि सारेका थिए, तीमध्ये केही माग यस्ता थिए :

- नागरिकता परिचयपत्र ।
- शाही सेनामा मधेसीको सामूहिक प्रवेश ।
- राष्ट्र भाषाका रूपमा हिन्दीलाई संवैधानिक मान्यता ।
- सरकारी-अर्धसरकारी सेवामा मधेसीलाई ५० प्रतिशत र पहाडका जनजातिका लागि ३० प्रतिशत आरक्षण ।
- समान जनसंख्या र भौगोलिक तथा सांस्कृतिक एकरूपताका आधारमा निर्वाचन क्षेत्र निर्धारण ।
- संघात्मक व्यवस्था (प्रान्तीय सरकार)को स्थापना ।

यी मागमा रहेका पछिल्ला चार बुँदा तत्कालीन सन्दर्भमा उठाइएका थिए, जो यहाँ उल्लेख छैन । नेपाली राजनीति अहिलेसम्म त्यही ६ बुँदे मागकै वरपर अल्झिएको छ, २३ वर्षदेखि । सिंहले उठाएजस्तो बुँदा नम्बर-७ मा रहेको संघात्मक व्यवस्थाको प्रावधान अन्तरिम संविधानमा राखियो, ०६३ मा । संविधानसभाबाट जारी संविधानमा सिमाना र अधिकारको सूचीसहित संघीयताको खाका तोकियो । संघीयतासँगै आएको सीमांकन भने झनै जटिल बनेका कारण मुलुकको राजनीति अहिले गम्भीर आशंकाबीच गुज्रिरहेको छ ।

संघीयता : ध्रुवीकरणको अस्त्र

०४७ सालको संविधानले सरल रेखातिर सोझ्याउन खोजेको मुलुकको राजनीति १० सूत्रीय मागसहित सिंहले भद्रकालीमा गरेको अनशनपछि अस्थिरतातिर मोडियो । मध्यावधि निर्वाचनदेखि सांसद खरिद-बिक्री प्रकरण अनि पजेरो काण्डलगायतका विकृतिहरू क्रमशः देखिए । संसदीय व्यवस्थालाई अफापसिद्ध गर्ने अभियान नै थालियो । सक्रिय राजतन्त्र, ०४६ सालको जनआन्दोलनपछि संवैधानिक राजतन्त्रमा सीमित थियो । राजा र उनमा निहित असीमित शक्ति अँध्यारो खोपीमा दबिएको थियो । नेपालमा 'नियन्त्रित अस्थिरता' चाहने वैदेशिक शक्ति र राजसंस्थाको स्वार्थ संसदीय व्यवस्थालाई बदनाम गराउनेमा केन्द्रित भएपछि १ फागुन ०५२ देखि माओवादी हिंसात्मक आन्दोलन आरम्भ भयो । सिंहले १० सूत्रीय माग राखेर गरेको शान्तिपूर्ण अनशनको दुई वर्षपछि हिंसात्मक अभियान थालिएको थियो । माओवादी आन्दोलन सुरु भएको एक दशकपछि भारतको रोहबरमा नयाँ दिल्लीमा नेपालका सात राजनीतिक दल र विद्रोही नेकपा माओवादीबीच १२ बुँदे समझदारी भयो । भारतले धाइआमाको भूमिका निर्वाह गर्‍यो । अनि, ०६२/०६३ को जनआन्दोलनको पुच्छर समातेर माओवादी पनि मूलधारको राजनीतिमा सामेल भयो ।

माओवादीले आफ्नो हिंस्रक आन्दोलन अवधिभर सिंहले भनेजस्तो संघीय स्वरूपको नभई जातीय राज्यको वकालत गरेको थियो । मुलुक संघीयताको प्रणालीमा जाने कुरा त्यतिबेला आयो, जतिबेला पहिलोपटक मधेसमा आन्दोलन भयो । मधेसी जनअधिकार फोरम, नेपालको नेतृत्वमा वीरगन्ज नाका ११ दिनसम्म बन्द गरिएपछि तत्कालीन प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालादेखि प्रमुख राजनीतिक दलका नेताहरू संघीयताको मागलाई अन्तरिम संविधानमा समावेश गर्न राजी भए ।

तर, संघीयताको सीमांकनकै विषयमा मधेसकेन्द्रित दलहरूले चित्त बुझाउन नसकेपछि पहिलो संविधानसभा असफल भयो । दोस्रो संविधानसभाले निकै सकससाथ संविधान बनायो । तर, जब त्यसले कार्यान्वयनको तहमा उक्लिने कोसिस गरेर निर्वाचनमा जाने तयारी गर्‍यो, मूल रूपमा सीमांकनकै मुद्दामा गम्भीर तहमा पुग्यो नेपाली राजनीति, जुन आजपर्यन्त कायम छ ।

रता'को नियति

खासमा संघीयताबिना नेपालको उन्नति सम्भवै छैन भन्दै यो मुद्दालाई अति उछालियो । मधेसी र जनजाति समुदायलाई यही मुद्दा देखाएर नेपाली समाज र राजनीतिलाई ध्रुवीकृत गर्ने प्रयास गरियो, यो दुई दशकमा । जब संघीयता कार्यान्वयन गर्ने तहमा पुग्यो, तब सीमांकनको विवादको आडमा यसलाई थाती राखेर संविधान कार्यान्वयन हुन नदिने प्रपञ्च रचिँदै छ । त्यसैले यो नेपालभित्रैका शक्तिहरूको विवाद र लेनदेन मात्र होइन भन्ने छर्लंग छ ।

माओवादीलाई जंगल पठाउनेदेखि १२ बुँदे समझदारीमार्फत सिंहदरबारमा विराजमान गराउने तहसम्म कसको भूमिका रह्यो, भनिरहनु पर्दैन । संघीयता, धर्मनिरपेक्षतादेखि गणतन्त्रसम्मको मुद्दा मात्र होइन, मधेसकेन्द्रित दलहरूमार्फत उठाइएका नागरिकतादेखि जनसंख्याका आधारमा निर्वाचन क्षेत्र अनि आरक्षणलगायतका मुद्दामा पनि 'रोटी बेटी'को सम्बन्ध भएको भनिएको छिमेकीको सीधा स्वार्थ प्रकट हुन थाल्यो । नेपालीलाई आपसमै लडाउने, पछि आफू अभिभावकजस्तो भएर मिलाउने अनि त्यही बीचमा आफ्नो स्वार्थ पूरा गराउने यो छिमेकीको चाहना बेलाबेला प्रकट भएकै छ ।

> **संघीयतालाई गिजोलिरहँदा नेपाली राजनीतिमा स्थान खोज्ने विदेशी शक्तिलाई दोहोरो फाइदा हुन्छ ।**

१७ कात्तिक ०७३ मा काठमाडौंको एक होटलमा आयोजित कार्यक्रममा प्राध्यापक एसडी मुनिले 'नेपालका मधेसी र जनजाति मिलेर अन्य जातिलाई एक्ल्याउने वा अल्पमतमा पार्नुपर्ने' प्रवचन दिए । प्रस्ट छ, 'विशेष सम्बन्ध' भएको भनिएको यो छिमेकी नेपाली समाजलाई गिजोल्न चाहन्छ । जुन किसिमले अहिले सात प्रदेशको खाका आएको छ, त्यसले सहजै नेपाली समाज नगिजोलिन सक्छ । त्यसैले यही संघीयता हाललाई लागू नगर्ने, संविधानले गति लिने प्रमुख आधार निर्वाचन पनि हुन नदिने अनि अस्थिरताका बीच आफू अनुकूलको सरकार निर्माण गर्नमा उसको ध्यान केन्द्रित छ ।

प्रत्येक देशको एउटा 'सफ्ट बेली' हुन्छ । चीनको तिब्बत, भारतको कश्मीर, श्रीलंकाको जाफ्ना, बंगलादेशको चक्मा । हाम्रो मधेसलाई छिमेकी यस्तै 'सफ्ट बेली' बनाइरहन चाहन्छ भन्ने अब कतै छिपेन । हाललाई 'एक मधेस दुई प्रदेश' र भविष्यमा 'समग्र मधेस एक प्रदेश'को एजेन्डा यथावत् रहनेछ । तर, बुझ्नुपर्ने कुरा के हो भने यस किसिमको संघीयता लागू हुने हदसम्म भने स्वयं ऊ पनि पुऱ्याउन चाहँदैन । हाललाई मधेस र पहाडलाई अलग गरेर समाजलाई ध्रुवीकृत गर्ने प्रस्ट योजना देखिइसकेको छ । पहिले पूर्वको प्रदेश-२ लाई पहाडबाट अलग गर्न जोड गरियो । त्यतिबेला प्रदेश-२ लाई पहाडबाट अलग गर्न हुने, अहिले प्रदेश-५ लाई अलग गर्न किन नहुने भन्दै अन्तरद्वन्द्व चर्काइएको छ । यदि यसमा सम्झौता भएको खण्डमा अर्को चरण प्रदेश-१ र प्रदेश-७ मा गएर ठोकिनेछ । प्रदेश-७ को कैलाली र कञ्चनपुर तथा प्रदेश-१ बाट झापा, मोरङ र सुनसरीलाई पहाडबाट अलग गर्ने प्रयत्न सुरु हुनेछ । त्यही किचलोको बीच एक मधेस दुई प्रदेशबाट दुवै प्रदेशको निर्णयले ती दुई प्रदेशलाई एकीकृत गरी एक मधेस प्रदेश बनाउनुपर्ने माग बुलन्द गरियो भने आश्चर्य हुने छैन । सँगसँगै अलग मधेसी राष्ट्रियता वा उपराष्ट्रवादको नारा त अहिले नै लागिसकेको छ । त्यसलाई केही बुद्धिजीवीले सिद्धान्तको जलप पनि लगाइरहेकै छन् ।

कालान्तरमा यो मुद्दा स्वतन्त्र मधेस देशको नारामा रूपान्तरित हुने त्रास अहिलेदेखि नै बढिसकेको छ । अनि, अलग मधेस राष्ट्र निर्माणको डर देखाएर यो छिमेकी नेपालमाथि फेरि एकपटक हावी हुन सक्नेछ ।

संघीयता अझै टाढा

पहिलो मधेस आन्दोलनदेखि उठेको संघात्मक शासन व्यवस्थाको मार्गभित्र मधेसकेन्द्रित दलहरूले समग्र मधेस एक प्रदेश थियो । यो मुद्दाका कारण मधेसकेन्द्रित दलहरूभित्र थारू समुदायलाई आकर्षित गर्न सक्ने देखिएन । यो समुदायलाई पनि आकर्षित गर्न नै हो, मधेसकेन्द्रित दलहरू अहिले 'एक मधेस दुई प्रदेश'मा आएका ।

संघीयतालाई गिजोलिरहँदा नेपाली राजनीतिमा स्थान खोज्ने विदेशी शक्तिलाई दोहोरो फाइदा हुन्छ । एकातिर नेपालको राजनीति र समाजलाई एकसाथ ध्रुवीकृत बनाइरहन सकिन्छ भने अर्कोतिर 'नियन्त्रित अस्थिरता'को मूल डोरो आफ्नो हातमा राखिरहन सकिन्छ ।

खासमा नेपालको राजनीतिमा भारत, चीन, युरोपेली राष्ट्र र अमेरिकाको चासो अन्तरघुलित भएर आएको बुझ्न कठिन छैन । चीन एकातिर र भारतलगायत पश्चिमा शक्तिको नजर नेपाली राजनीतिमा निरन्तर छ । आपसमा ध्रुवीकृत यी शक्ति नेपालमा संघीयता हाललाई तत्काल लागू होस् भन्ने चाहँदैनन् ।

जस्तो : चीन नेपालमा संघीय राज्य नबनोस् भन्ने नै चाहन्छ। अझ जातीय राज्य वा हिमालमा जडान वा अन्य कुनै नाम दिएर प्रादेशिक राज्य बनाउने कुरामा उसको आपत्ति विभिन्न कोणबाट प्रकट भइसकेको छ। संघीय प्रदेशको आडमा तिब्बत ताकेर आफूलाई विदेशी शक्तिले बिथोल्ने हुन् कि भन्ने चीनको चिन्ता रहँदै आएको छ। बरू नेपालमा संघीय प्रदेश बन्ने नै हो भने मधेसमा एक प्रदेश बने आफ्ना लागि हितकर नै हुने ठम्याइ उसको छ। बेग्लै मधेस प्रदेश बनेमा भारत मधेस मिलाउनमै 'इन्गेज' हुने र पहाडी प्रदेशहरूमा आफ्नो प्रभाव बढाउन सकिने चीनको रणनीति हुन सक्छ। एक मधेस प्रदेशको माग गर्दै आएको उपेन्द्र यादव नेतृत्वको मधेसी जनअधिकार फोरमको वीरगन्ज महाधिवेशनमा चिनियाँ प्रतिनिधिमण्डलको सहभागिताले त चीन पहाड पार गरेर मधेससम्मै पुगेको संकेतका रूपमा धेरैले अर्थ्याएका थिए। चीनको यही चाहना बुझेपछि भारत मधेसमा एक प्रदेशको चाहनाबाट पछि हट्यो। मधेसकेन्द्रित केही दलले त्यो मुद्दा छाड्दै जानुको अर्को कारण यही थियो।

संविधान निर्माणको प्रक्रिया चलिरहेका बेला नेपाल भ्रमणमा आएका भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर-दक्षिण संघीयतातर्फ संकेत गरेका थिए। हरेक प्रदेशको उत्तरी सीमा चीनसँग र दक्षिणी सीमा भारतसँग जोडिएको हुनुपर्ने मोदी मन्त्र थियो, जुन मोडल सुरुमा कांग्रेस र एमालेले नै अघि सारेका थिए। तत्कालीन कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले आफ्नो जीवनको उत्तरार्धमा 'काँक्रोजस्तो होइन, उत्तर-दक्षिण भूगोलसहितको सुन्तलाजस्तो संघीयता'को वकालत गरेका थिए। तर, पहिलो मधेस आन्दोलनपछि 'एक मधेस एक प्रदेश'को मुद्दा अगाडि आउँदा उत्तर-दक्षिण संघीयता ओझेल पर्‍यो। मधेसमा माओवादी प्रभाव निस्तेज गर्न एक मधेस प्रदेशको नाराप्रति सुरुमा भारत सकारात्मक भए पनि नेपालमा चीनको प्रभाव झनै बढ्ने देखेपछि अहिले यो मुद्दामा ऊ मौन छ। यो बेग्लै कुरा हो कि, एक मधेस प्रदेशको मुद्दा पनि उसको हातमा छँदै छ।

> "न भारत न चीन, आफ्नो 'बफर स्टेट'मा एक आपसमा भिड्न तयार देखिँदैनन्।"

रोचक त के भने एक मधेस प्रदेश बन्नासाथ पहाडका प्रदेशमार्फत चीनको प्रभाव नेपालको हिमालदेखि चुरेभावरसम्म फैलन सक्ने खतरा बुझेपछि भारतले त्यो मुद्दामा रूचि देखाउन छाडिदियो। अझ यस किसिमको प्रदेशको माग अघि सार्दै आएका मधेसकेन्द्रित दलहरूलाई विभाजित गर्नसम्मै उसको भूमिका रहेको स्वयं ती दलका नेताहरूले सार्वजनिक रूपमा भनेकै छन्।

नेपालका हिमालहरू पनि भारतको सुरक्षा प्रणालीका प्राकृतिक किल्ला हुन् भन्ने भारतीय नीतिलाई 'हिमालयन फ्रन्टियर पोलिसी' भनिन्छ। नेपालको तराईदेखि हिमालसम्मको भूभागलाई आफ्नो अघोषित सुरक्षा किल्ला ठान्ने भारत त्यो सीमालाई मधेसमै खुम्च्याउन चाहँदैन। स्मरण रहोस्, उत्तर (चीन)को म्याकमोहन रेखादेखि कन्याकुमारीसम्मलाई आफ्नो सुरक्षा क्षेत्र मान्छ भारत। चीनका तर्फबाट 'नेपालमाथि हुने कुनै पनि खाले विदेशी हस्तक्षेप खास गरेर सार्वभौमसत्ता, स्वतन्त्रता र भौगोलिक अखण्डताको सवालमा सहने छैन' भन्ने राजनीतिक टिप्पणी बेलाबखत आइरहनुको कारण के हो भन्ने पनि भारतले नबुझेको छैन।

भारतीय सचिव केपीएस मेननले ६ डिसेम्बर १९८८ मा दिल्लीस्थित नेपाली दूतावासमा द्विपक्षीय सरोकारका विषयबारे पत्र बुझाएका थिए। त्यसमा उनले लेखेको एउटा अंश नै भारतको अहिलेसम्मको नेपाल नीति हो भन्ने बुझ्न समस्या छैन। त्यो पत्रमा धम्कीपूर्ण भाषामा लेखिएको छ, 'नेपालले बफर स्टेटको मर्यादा खोज्यो भने नेपालको भविष्य अनयोलग्रस्त र अनिश्चित हुनेछ।'

भारतले आफ्ना विभिन्न संयन्त्रमार्फत संघीयतालाई 'झगडिया, महँगो र आर्थिक रूपमा धान्न नसक्ने शासकीय व्यवस्था'को रूपमा व्याख्या गराउन थाल्नुको कारण पनि यही हो। आफ्नै देशको काबेरी नदीको पानी तामिलनाडु र कर्नाटकका जनतालाई बराबरी भाग लगाउन नसक्ने भारतले नेपालको संघीयता आफूलाई नै कति घाँडो हुन्छ भन्ने बुझेको छ।

संविधानमै जलस्रोत परियोजना केन्द्रीय सरकारको दायरामा पर्ने स्पष्ट संवैधानिक व्यवस्था छ। त्यसैले कुन नदी कुन प्रदेशमा पर्छ भन्ने कुराले खास महत्त्व राख्दैन। ठूला परियोजनाका लागि चाहिने बाँध महाभारत पर्वत शृंखलामा मात्रै बन्न सक्छन्। पानीसँग भारतको चासो हेर्ने हो भने पूर्वमा सुनसरी- मोरङ र पश्चिममा बुटवल तथा कैलालीमा देखिएको सीमांकन विवादसँग भारतको पानी स्वार्थको त्याङठ्याङ मिल्दै मिल्दैन।

बिर्सन नहुने कुरा के हो भने भारतको 'सुरक्षा छाता'भित्र ऊर्जा एवं जलस्रोत स्वार्थ पनि पर्छ। भारतीय प्रधानमन्त्री मोदीले नेपालको संसद्मा 'पहाडको पानी र जवानी'को चर्चा गर्नुको अन्तर्य यही नै हो। अहिले तराई र पहाड टुक्र्याउन हुँदैन भनेर जुन आन्दोलन बुटवललगायतका पश्चिम नेपालका जिल्लामा चलिरहेको छ, त्यो सतहमा हेर्दा राष्ट्रवादी देखिए पनि त्यसले भारतको भित्री चाहनालाई नै पृष्ठपोषण गरिरहेको छ। उसले मधेसकेन्द्रित दलहरूलाई साथमा लिएर दुई राष्ट्रियताको मुद्दालाई नियन्त्रित रूपमा त्यतिबेलासम्म चलाई नै रहन्छ, जबसम्म नेपाललाई आफ्नो 'सुरक्षा छाता'भित्र ल्याउँदैन।

भारतको अर्को मुख्य चासो भनेको तराईमा तेस्रो मुलुकको लगानी र पश्चिमा गैरसरकारी संस्थाहरूको उपस्थिति नहोस् भन्ने हो। उसले विगतदेखि नै अमेरिकालगायतका पश्चिमा मुलुकलाई सन्देश दिँदै आएको छ कि, 'यो क्षेत्र भारतको छिमेक हो, हाम्रो छिमेक नीतिमा हस्तक्षेप नहोस्।'

जस्तो : माओवादीलाई १२ बुँदे समझदारीमार्फत शान्ति प्रक्रियामा ल्याउने क्रममा अमेरिका र नेपाली सेना विरोधमै थिए। तर, भारतको सक्रियतामा दलहरूबीच समझदारी भयो र राजनीतिक कोर्स अघि बढ्यो।

युरोप, अमेरिका र भारतको टाउको दुखाइ आर्थिक र सैन्य सामर्थ्यसहित उदाउँदो चीन हो। चीनलाई कमजोर पार्न सकिने एउटा आधार नेपाली भूमि हो। नेपाली भूमिलाई राजनीतिक र सामाजिक रूपमा अस्थिर बनाउन सकियो भने चीनविरुद्ध खेल्न सहज हुने आकलन यो शक्तिको छ। नेपालमा बलियो र स्थिर सरकार भएमा तिब्बती शरणार्थीको घुसपैठ हुन सहज नहुने र तिब्बती शरणार्थी समस्या चर्कन नसक्ने भएकाले पनि यो शक्ति नेपाली भूमिमार्फत खेल्न चाहन्छ। तर, के पनि सत्य हो भने न भारत न चीन, आफ्नो 'बफर स्टेट'मा एक आपसमा भिड्न तयार देखिँदैनन्।

नेपालमा जति पनि परिवर्तनका एजेन्डा आउँछन्, त्यसको स्वामित्व दक्षिणले पाउनैपर्ने हो। यो नियतिबाट नेपाल कहिल्यै मुक्त भएन र तत्काल हुने सम्भावना पनि छैन। परिवर्तनको एजेन्डा नेपालले तय गर्ने तर त्यसको जस लिन नसक्ने वा नपाउने नियतिबाट जबसम्म मुलुकले त्राण पाउँदैन, तबसम्म यो देश 'नियन्त्रित अस्थिरता'मै अलमलिने निश्चित छ। ◆

तस्विर : डीबी चौधरी

बाघ हमलाले हैरान

सिंगो बस्ती नै त्रासमा

केबी राना/कावासोती

२९ कात्तिकमा कावासोतीको रातमाटे जंगलमा घाँस काट्न गएका डिलबहादुर श्रेष्ठ साँझसम्म घर फर्किएनन्। आफन्तहरू खोज्न जंगलतर्फ जाँदा बाघ आक्रमणले क्षतविक्षत् लास मात्र भेटियो। ४ कात्तिकमा नवलपरासीकै अम्रसामा आज्ञावती रानामगर र १० मंसिरमा दुम्कीबासकी आसमती मश्रागीले उस्तै प्रकृतिको घटनामा ज्यान गुमाए। नवलपरासीका यी तीनवटै स्थान झन्डै २० किलोमिटर आसपासमा छन्। नजिकैको चितवन राष्ट्रिय निकुञ्जबाट निस्केका बाघले एक महिनाकै अन्तरालमा यसरी तीन जनाको ज्यान लिएपछि स्थानीय त्रस्त छन्।

त्यसो त गैंडा र जंगली हात्तीको सास्तीसमेत उत्तिकै झेल्नुपर्छ उनीहरूले। ०७२/०७३ मा बाघ आक्रमणबाट दुई जना, गैंडा आक्रमणबाट दुई जना र हात्ती आक्रमणबाट एक जनाले ज्यान गुमाए। ४९ जना घाइते भएका थिए। ०७१/०७२ मा गैंडा आक्रमणबाट पाँच र बाघबाट तीन जनाले ज्यान गुमाएका छन्। १९ जना घाइते भएका थिए।

बाघले खाइदिने घरपालुवा जनावरको त लेखाजोखा नै छैन। "मानिसहरूमा बाघ फोबिया नै भएको छ," मध्यविन्दु नगरपालिकाका रामप्रसाद महतो भन्छन्, "जंगलमा घाँस-दाउरा गर्ने काम त ठप्प भयो नै, साँझमा कसैलाई अप्ठ्यारो पर्दासमेत धेरै सोचेर मात्र निस्किनुपर्ने भइसक्यो।"

छिटोछिटो एकै प्रकृतिका घटना भएपछि मानिसहरूलाई कतै बाघ नरभक्षी भएको त होइन भन्ने त्रासले पिरोलेको छ। बाघलाई नियन्त्रण गर्न पीडित स्थानीयहरू निकुञ्ज प्रशासनसम्म पुगे तापनि ठोस काम नभएको बताउँछन्। कावासोतीका स्थानीय लालप्रसाद बरालले आक्रोश पोखे, "निकुञ्जले केही नगर्ने हो भने हामीले आफ्नै उपाय लगाउनुपर्नेछ। कतिन्जेल यस्तो त्रासमा बस्ने ?"

बाघ आक्रमण बढेसँगै एक टोली पठाएर स्थलगत अध्ययन गरिएको निकुञ्ज प्रशासन बताउँछ। तर, उनीहरूले अहिलेसम्म बाघ भेट्टाउन सकेका छैनन्। बाघ नरभक्षी भएको जस्तो प्रारम्भिक अनुसन्धानबाट नदेखिएको अधिकारीहरू बताउँछन्। निकुञ्जका सूचना अधिकृत लुरेन्द्र अर्याल भन्छन्, "नरभक्षी भएको भए बाघ मानव बस्ती छेउछाउमा भेटिनुपर्थ्यो तर त्यस्तो पाइएन।" मध्यवर्ती क्षेत्रका मानिसहरू स्वाभाविक रूपमा सचेत हुनुपर्नेमा लापरबाहीले पनि त्यसो भएको हुनसक्ने बताउँछ, निकुञ्ज। निकुञ्जका निमित्त संरक्षण अधिकृत देव खड्का भन्छन्, "जंगल पस्दा जनावरका पाइला, आवाज, बस्ने ठाउँहरूको विशेष ख्याल गर्नुपर्छ।" पछिल्ला हमला मध्यवर्ती क्षेत्रसँग जोडिएका बस्तीमा भएका छन्।

निकुञ्जले बेलाबखत मध्यवर्ती क्षेत्रका स्थानीयहरूलाई जनावरको स्वभाव र उनीहरूसँग जम्काभेट हुँदा जोगिने तालिम दिने गर्छ। गैंडा, हात्तीलाई जंगलबाट मानव बस्तीमा जान रोक्नका लागि बारिएको तारमा करेन्ट छाडिन्छ। नन्द भाउजू मध्यवर्ती उपभोक्ता समिति, कोल्हुवाका अध्यक्ष दुमन भण्डारी भन्छन्, "दिउँसोमा खोला-खोल्साबाट छिर्ने गरेकाले तार हुँदैमा पूरै सुरक्षित महसुस गर्न सकिँदो रहेनछ।"

जंगली जनावरहरू ओहोदोहोर गर्ने एउटा चक्र नै हुन्छ। हिउँदमा उनीहरू गाउँमा बाली, तरकारी, उँखु खान मानव बस्तीमा प्रवेश गर्छन्। मौसम फेरिँदा समेत अनुकूल ठाउँ खोज्न उनीहरू बाहिर निस्किने सम्भावना हुन्छ। त्यस्तो बेला आक्रमण हुने सम्भावना हुन्छ। ♦

संख्या बढ्दो

पछिल्ला वर्षमा बाघ र गैंडाको संख्यामा समेत वृद्धि भएको छ। सन् २०११ को गणनामा ५ सय ३ गैंडा रहेकामा सन् २०१५ मा बढेर ६ सय ५ पुगेको छ। सन् २००९ को तथ्यांक अनुसार निकुञ्ज क्षेत्रमा ९१ वटा बाघ थिए, जो बढेर सन् २०१३ सम्म आइपुग्दा १ सय २० पुगेका छन्। त्यसयता उनीहरूको संख्या बढेको हुन सक्ने निकुञ्ज प्रशासनको अनुमान छ।

सैन्य अभ्यासपूर्वको

सैनिक मामिलामा चीन पनि संलग्न

सीताराम बराल

परराष्ट्र मन्त्रालयमा १४ पुसमा आयोजित पत्रकार सम्मेलनमा जब नेपाल-चीनबीचको संयुक्त सैनिक अभ्यासबारे सञ्चारकर्मीहरूले जिज्ञासा राखे, परराष्ट्रमन्त्री प्रकाशशरण महतले उत्तर दिए, "नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबीच संयुक्त सैनिक अभ्यास गर्नेबारे कुनै निर्णय भएको छैन ।" संयुक्त सैनिक अभ्यासबारे प्रतिक्रिया जनाउँदै भारतीय सञ्चारमाध्यमहरूले नेपाली सेनामा चिनियाँ प्रभाव बढेको भन्ने समाचार टिप्पणी प्रकाशित गरेको प्रति असन्तुष्टि जनाउँदै यस्तो प्रतिक्रिया दिएका थिए, महतले ।

परराष्ट्रमन्त्री महतको भनाइ प्रस्तावित सैन्य अभ्यास भाँड्ने नियतले आएको ठान्यो, सायद चिनियाँ रक्षा मन्त्रालयले । त्यसैले भोलिपल्टै १५ पुसमा बेइजिङमा पत्रकार सम्मेलन आयोजना गरी विदेश मन्त्रालयका प्रवक्ता याङ युजुनले नेपाल-चीनबीच छिट्टै संयुक्त सैनिक अभ्यास हुने ठोकुवा गरिदिए । प्रवक्ता युजुनको भनाइ थियो, 'नेपाल-चीनबीच सैन्य सहयोग आदान-प्रदानका विभिन्न स्वरूपमध्ये आगामी वर्ष सन् २०१७ मा नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबीच संयुक्त सैनिक अभ्यास गरिँदै छ ।'

नेपाली सेनाका प्रवक्ता सहायकरथी ताराबहादुर कार्की नेपाल-चीनबीचको संयुक्त सैनिक अभ्यास प्रारम्भिक चरणमा रहेको बताउँछन् । अभ्यासका क्रममा दुवै देशका सेनाले सिकेका सैनिक ज्ञान आपसमा साझेदारी हुने बताउँछन् कार्की । भन्छन्, "तर, सैनिक अभ्यासका विषयमा धेरै भन्न सकिने अवस्था छैन । किनभने, यो विषय बल्ल प्रस्ताव भएको छ र तयारीको प्रारम्भिक चरणमै छ ।" उनका भनाइमा, आतंकवाद प्रतिकार सम्बन्धमा नेपाली सेनासँग रहेको ज्ञान र अनुभव लिनका लागि चीनले सैन्य अभ्यासको प्रस्ताव गरेको हो ।

संयुक्त सैनिक अभ्यास दुई प्रकारका हुन्छन्, बहुपक्षीय र द्विपक्षीय । यसमध्ये बहुपक्षीय सैनिक अभ्यास विपत् सामना र शान्ति स्थापना कार्यसँग सम्बन्धित हुन्छ । नेपाली सेनाले सन् २००१ र २०१३ मा गरी दुईपटक संयुक्त सैनिक अभ्यास गरिसकेको छ । यीमध्ये पहिलोमा चार देशका सेनाको सहभागिता थियो भने दोस्रोमा २३ देशका सेनाको । शान्ति स्थापनासँग सम्बन्धित अर्को बहुपक्षीय संयुक्त सैनिक अभ्यासको तयारीमा पनि छ नेपाली सेना । यसै वर्ष हुने भनिएको अभ्यासमा झन्डै तीन दर्जन मुलुकका सेनाको सहभागिता हुनेछ ।

जहाँसम्म द्विपक्षीय संयुक्त सैनिक अभ्यास हो, यस्तो अभ्यासचाहिँ मूलतः दुई परिस्थितिमा गरिने बताउँछन् सैन्य मामिलाका जानकार गेजा शर्मा वाग्ले । एक, भूराजनीतिक महत्त्व भएको मुलुकको सेनासँग र अर्को त्यो मुलुकको सेनासँगको सम्बन्धलाई प्रगाढ बनाउन । अहिलेसम्म नेपाली सेनाले भारतीय र अमेरिकी सेनासँग मात्र द्विपक्षीय सैनिक अभ्यास गरिआएको छ । वाग्ले भन्छन्, "भारत र अमेरिकाले जस्तै चीनले पनि नेपाललाई सामरिक महत्त्वको मुलुकका रूपमा हेर्न थालेको संकेत हो यो ।"

चिनियाँ पक्षले नेपाली सेनासँग आगामी माघ अन्तिम साताका लागि संयुक्त सैनिक अभ्यासको प्रस्ताव गरेको छ । जंगी अड्डा स्रोतका भनाइमा, अपहरित व्यक्तिलाई कसरी अपहरणमुक्त गराउने विषयमा हुने अभ्यासमा दुवै देशका एक-एक प्लाटुन, टुकडी वा त्यसभन्दा पनि कम संख्यामा हतियारविहीन कमान्डो सैनिकहरू सहभागी हुनेछन् । सकभर तिब्बतसँग सीमा जोडिएका नेपालका उत्तरी जिल्लामा यस्तो अभ्यासको प्रस्ताव पनि गरेको छ चीनले । संयुक्त अभ्यासको प्रस्ताव गरेर चीनले नेपाली सेनामा समेत आफ्नो प्रभाव र पहुँच विस्तार गर्न खोजेको बुझ्न कठिन छैन ।

परम्परागत प्रभाव

नेपाल जस्तो भूराजनीतिक अवस्थितिमा

तरंग

संयुक्त सैन्य अभ्यास/तालिम

नेपाल-भारत

पाँच वर्षदेखि नेपाल-भारतबीच 'अभ्यास सूर्यकिरण' नामक संयुक्त सैनिक अभ्यास हुँदै आएको छ । करिब ६ महिनाको अवधिमा हुने यस्तो अभ्यास नेपाल र भारतमा पालैपालो हुन्छ । पछिल्लो अभ्यासचाहिँ रूपन्देहीको सालझन्डीमा भएको थियो, जसको निरीक्षण प्रधानसेनापति राजेन्द्र क्षेत्री र तत्कालीन भारतीय समकक्षी दलवीर सिंहले संयुक्त रूपमा गरेका थिए । नेपाल-भारतबीचको संयुक्त सैनिक अभ्यास मूलतः प्रतिविद्रोहसम्बन्धी विषयमा हुँदै आएको छ ।

नेपाल-अमेरिका

नेपाली र अमेरिकी सेनाबीच भएको पछिल्लो संयुक्त सैनिक तालिम/अभ्यास हो, तालिम 'टेक नेल १७- ०१' । सेनाको महावीर गण छाउनीका अलावा रसुवा, पोखरालगायतका स्थानमा यो अभ्यास १-२६ कात्तिकसम्म भएको थियो । यसबाहेक ०६९ मा दुई देशका सेनाबीच मानवीय सहयोग र प्रकोप विषयक 'टेबल टप' अभ्यास भएको थियो । १८ पुसदेखि १ माघसम्म चलेको यो पनि संयुक्त सैनिक अभ्यासकै एउटा रूप थियो ।

नेपाल-चीन

आगामी २८ माघदेखि सुरु गर्ने गरी चीनले नेपालसँग संयुक्त सैनिक अभ्यासको प्रस्ताव गरेको छ । २३ असोजमा भक्तपुरको खरिपाटीमा नेपाली सेनाले प्रदर्शन गरेको 'आतंक प्रतिकार अभ्यास-२' अवलोकन गरेका चिनियाँ सैनिक सहचारीको प्रस्ताव अनुसार चिनियाँ सेनाले अपहरित व्यक्ति उद्धारसम्बन्धी ज्ञान नेपाली सेनाबाट हासिल गर्ने उद्देश्यले नेपालसँग संयुक्त सैनिक अभ्यासको प्रस्ताव गरेको हो । चिनियाँ प्रस्ताव अनुसार संयुक्त सैनिक अभ्यास हुनसके यो नेपाली सेना र चिनियाँ जनमुक्ति सेनाबीचको पहिलो अभ्यास हुनेछ ।

बहुपक्षीय अभ्यास

शान्ति स्थापनामा अनुभव अन्य मुलुकसमक्ष बाँडफाँट गर्न आयोजना गर्दै आएको बहुपक्षीय सैनिक अभ्यास/तालिम गर्ने तयारीमा छ नेपाली सेना । सन् २०१७ भित्रै गर्ने योजना बनाइएको शान्ति स्थापनासम्बन्धी संयुक्त सैनिक तालिम/अभ्यास नेपाली सेनाले यसअघि दुईपटक आयोजना गरिसकेको छ- सन् २००१ र २०१३ मा । सन् २०१३ को बहुपक्षीय सैनिक अभ्यासमा चीन, भारत, अमेरिका, बेलायत, पाकिस्तान, बंगलादेशलगायत मुलुकका सैनिक सहभागी थिए ।

छ, सैनिक दृष्टिले समेत नेपालले दुवै छिमेकी मुलुक चीन र भारतसँग सन्तुलन कायम गरेर जानुपर्ने हो । तर, सुगौली सन्धिदेखि हालसम्म नै सैन्य/सामरिक दृष्टिले नेपालको ढल्काइ दक्षिणकेन्द्रित छ । राणा शासनलाई ब्रिटिसकालीन भारतले भरथेग गरेकाले नेपालको ढल्काइ त्यतैतिर हुन गयो । भारतमा ब्रिटिस शासनको अन्त्यपछि पनि त्यसले निरन्तरता पाइरह्यो । यसको मुख्य कारण हो, तालिम, हातहतियार तथा बन्दोबस्तीलगायतका समानको निरन्तर सहयोग ।

तर, दुई दशकदेखि भने नेपाली सेनाले जर्मन र अमेरिकी हतिहारको प्रयोग थालेको छ । खास गरी जर्मनीमा निर्मित जी-३६ र अमेरिकामा निर्मित एम-१६ जस्ता आधुनिक राइफल । यसै गरी नेपाली सेना र अमेरिकी सेनाबीच एकाध संयुक्त सैनिक अभ्यास पनि भएका छन् । तर, भारत निर्मित हतियारको तुलनामा नेपाली सेनासँग अमेरिकी हतियार निकै कम छन् । सेनाले प्रयोग गर्ने हतियारमा भारतनिर्मित राइफल इन्सास र एसएलआरको वर्चस्व छ । अधिकांश मेसिनगन र तोपहरू पनि भारतमै बनेका वा भारतीय सेनाले प्रयोग गरिसकेपछि नेपाली सेनालाई उपहारस्वरूप दिइएका छन् ।

नेपाली सेनाका जवान र अधिकृतहरूले विदेश गएर लिने तालिममा पनि भारतीय तालिमकै वर्चस्व छ । नेपाली सेनामा भर्खर क्याडेटका रूपमा प्रवेश गरेको उपसेनानी होऊन् वा सबैभन्दा उच्च तहको सैनिक कोर्स मानिने वार/डिफेन्स कोर्स- नेपाली सेना आफैँले सञ्चालन गर्ने तालिमबाहेक अधिकांश भारतीय सेनाबाटै पाउँदै आएका छन् । पूर्वसैनिक प्रवक्तासमेत रहेका अवकाशप्राप्त उपरथी राजेन्द्र थापा भन्छन्, "बेलायत, अमेरिका, बंगलादेश र पाकिस्तान गएर नेपाली सैनिक अधिकारीहरूले

उच्चस्तरको कोर्स/तालिम त गरेका छन्। तर, भारतबाहेक अन्य देशबाट प्राप्त गर्ने कोर्स र तालिमको संख्या एकदम कम छ।"

नेपाली सेनाका पूर्वरथी कुलबहादुर खड्का भारतले नेपाली सेनामाथि किन यति धेरै सहयोग गरेको छ भन्ने कुराको जवाफ शक्ति राष्ट्रहरूले अन्य मुलुकका सेनालाई किन सहयोग गर्छन् भन्ने प्रश्नको उत्तरमा खोज्नुपर्ने बताउँछन्। भन्छन्, "एक, यस्तो सहयोग गरेपछि परेका बेला सहयोग पाइन्छ। अर्को, आफैँसँग भएजस्तो हतियार-प्रविधि र तालिम उसलाई दिइयो भने भोलि उसलाई साथमा लिएर लडाइँ लड्न सजिलो हुन्छ। त्यसैले सामरिक महत्त्वाकांक्षा बोकेका मुलुकहरूले अन्य मुलुकलाई यस्तो सहयोग दिने गर्छन्। भारतले दिने सहयोग पनि यसभन्दा भिन्न छैन।"

त्यसैले सामरिक महत्त्वाकांक्षा बोकेका मुलुकले यस्तो सहयोगको निर्णायक लाभ कसरी लिँदा रहेछन् भन्ने बुझ्न काफी छ, भारतको स्वतन्त्रताअघि नेपाली सेनाले बेलायतलाई र स्वतन्त्रतापछि भारतलाई गरेको सैन्य सहयोग। जस्तो : राणाकालभरि ब्रिटिस-इन्डियाले नेपाली सेनालाई हातहतियार र तालिममा सहयोग गर्‍यो। बदलामा बेलायतले विश्वयुद्धमा नेपाली सेनाको साथ र सहयोग पायो। जनरल बबरशमशेर राणाको नेतृत्वमा नेपाली सेनाका विभिन्न नौ बटालियनका १४ हजार नेपाली सैनिक पहिलो विश्वयुद्धमा बेलायती सेनाको सहयोगका लागि विश्वयुद्धको मैदानमा थिए भने दोस्रो विश्वयुद्धमा जनरल किरणशमशेर राणाको नेतृत्वमा १४ बटालियन र झन्डै २० हजार फौज।

जंगी अड्डाले हालै प्रकाशित गरेको *द नेप्लिज आर्मी* नामक पुस्तकमा उल्लेख गरिए अनुसार यसबाहेक पहिलो विश्वयुद्धकै क्रममा सन् १९१७ मा बजिरीस्तान (अफगानिस्तान)मा जब पठान विद्रोह सुरु भयो, त्यो दबाउन बेलायती सेनासँगै तीन बटालियन नेपाली फौज सरिक थियो। यसै गरी सन् १९१९ को अफगानिस्तान युद्धमा पनि नेपाली सेनाको सहभागिता रह्यो। त्यसअघि सन् १८५७ को सिपाही विद्रोह दबाउँदा पनि ब्रिटिस-भारतीय सेनाले नेपाली सेनाको निर्णायक सहयोग पाएकै हो। भारतले स्वतन्त्रता प्राप्त गरेपछि सन् १९४८ मा भएको हैदराबाद विद्रोह दबाउन पनि नेपाली सेनाको सहभागिता थियो।

बेलायतबाट स्वतन्त्रता प्राप्त गरेलगत्तै भारतले सबैभन्दा सुरक्षा खतरा महसुस गरेको मुलुक साम्यवादी चीन थियो। भारत-चीनबीचको सन् १९६२ को युद्धमा भारतले नेपाली सेनाको पनि साथ लिने प्रयास गर्दा हो, यदि नेपाल-भारतबीचको सम्बन्ध सुमधुर रहेको भए। तर, आफ्नै भूमिलाई आधार बनाएर नेपाली कांग्रेसले पञ्चायतविरुद्ध सशस्त्र संघर्ष गरिरहेकाले भारतले प्रयास गर्ने अवसर नै पाएन।

भारतको चीन लक्षित सैन्य कूटनीतिको सबैभन्दा उल्लेख्य घटनाचाहिँ १७ माघ २०२१ (३० जनवरी १९६५) को भारत-नेपालबीचको सैनिक मामिलासम्बन्धी पत्राचारलाई मानिन्छ। 'सन् १९६५ को गोप्य सैनिक सन्धि'समेत भनिने सो पत्राचारमार्फत भारतले नेपाली सेनाका चारवटा ब्रिगेडसहित १७ हजार सैनिकको हातहतियार, गोलीगट्ठा र कलपुर्जा आपूर्तिको दायित्व लिने प्रतिबद्धता मात्र व्यक्त गरेन, नेपालको शस्त्र भण्डारलाई चाँडोभन्दा चाँडो आधुनिकीकरणको दायित्वसमेत स्वीकार गर्‍यो। नेपाली सेनालाई आवश्यक पर्ने सम्पूर्ण तालिम पनि दिने बतायो।

खासमा दुई वर्षअघि भएको चीनसँगको सीमायुद्धलाई मध्यनजर गर्दै भारतले यसरी नेपाली सेनाको आधुनिकीकरणको प्रतिबद्धता व्यक्त गरेको थियो। नेपाल हुँदै चिनियाँ सेना भारततर्फ अघि बढ्न खोजे नेपाली सेनाले नै प्रतिकार गर्न सक्ने गरी हातहतियार, गोलीगट्ठा र तालिमको दायित्व लिएको थियो भारतले।

सैनिक प्रभावका आरोह/अवरोह

बेलायती प्रभाव

भीमसेन थापाको पतनपछि आन्तरिक राजनीतिमा सैनिक पद धारण गरेका भारदारहरू बलिया हुँदै गए। भारदारमध्येकै सैनिक पद धारण गरेका जंगबहादुर राणालाई काठमाडौंस्थित बेलायती राजदूतावासको परोक्ष सहयोग रह्यो। कोतपर्वपछि उनले सत्ता हत्याए। जंगबहादुरको उदयदेखि ००७ सालसम्म नेपाली सेनामा बेलायती सेनाको निर्णायक प्रभाव रह्यो।

निर्णायक नयाँदिल्ली

बेलायती उपनिवेशबाट मुक्त हुनासाथ नेपाली सेनामाथि भारतले आफ्नो प्रभाव विस्तार गर्‍यो। सन् १९५० को शान्ति तथा मैत्री सन्धिमार्फत नेपाललाई आफ्नो सुरक्षा छाताभित्र मात्र राखिएन, नेपाललाई आवश्यक पर्ने हातहतियार भारतको सहमतिमा ल्याउनुपर्ने व्यवस्थासमेत गरियो। भारतीय सैनिक मिसन (२००९)ले भारतीय सेनाको ढाँचा अनुकूल नै नेपाली सेनाको पुनःगठन गर्‍यो।

अमेरिका-चीनको प्रवेश

भारतीय हातहतियार र प्रविधिको हालिमुहाली रहेको नेपाली सेनामा विसं '२० को दशकमा अमेरिकी प्रविधि पनि भित्रियो। सञ्चार प्रविधि अन्तर्गत फोन र आकाशवाणी मात्र रहेकामा अमेरिकी प्रविधिका सञ्चार सेट सैनिक अड्डामा छिरे। यसै गरी '३० को दशकमा नेपाली सेनाले चिनियाँ प्रविधिका सञ्चार सेटहरूको प्रयोग गर्न थाल्यो। स्पेसल फोर्सका लागि इजरायल निर्मित गलिल राइफलको प्रयोग पनि आरम्भ भयो।

भारतलाई चुनौती

विसं ०४५ मा नेपाली सेनाले चीनबाट विमानभेदी तोप (एन्टी एयरक्र्याफ्ट गन) खरिद गर्‍यो। चीनबाट हतियार खरिदमार्फत सैनिक मामिलामा भारतीय खटनपटन स्वीकार्य छैन भन्ने सन्देश दिन चाहेको थियो, नेपाली सेनाले। नेपाली सेनाको यो निर्णयप्रति असन्तुष्टि जनाउँदै भारतले नेपालविरुद्ध नाकाबन्दी त गर्‍यो। तर, भारतबाहेकका देशबाट हतियार आउने क्रम रोकिएन।

तस्बिरहरू : सैनिक जनसम्पर्क निर्देशनालय

नेपाल–भारत संयुक्त सैन्य अभ्यासको निरीक्षण गर्दै प्रधानसेनापति राजेन्द्र थापा र भारतीय समकक्षी दलवीर सिंह, कात्तिक ०७३, सालझन्डी, रुपन्देही

हातहतियार, गोलीगट्ठा र तालिमबाट नेपाली सेना थप सुदृढ भएपछि नै हो, भारतले उत्तरी सिमानामा रहेका आफ्ना चेकपोस्टहरू हटाउन सहमति जनाएको ।

त्यसयता नेपालमा भारतको सैन्य प्रभाव निरन्तर बढिरहेको छ । तर, नेपाली सेनासँग सैनिक अभ्यास गर्ने चीनको पछिल्लो प्रस्तावले परिस्थितिमा बिस्तारै बदलाव आउने सक्ने बताउँछन् अवकाशप्राप्त उपरथी थापा । सेनामा सबैभन्दा उच्चस्तरको मानिने नेसनल डिफेन्स कोर्स चीनको नेसनल डिफेन्स युनिभर्सिटी (एनडीयू)बाट गरेका थापा भन्छन्, "नेपाल–चीनबीच जुन संयुक्त सैनिक अभ्यास हुन लागेको छ, त्यसले सैनिक कूटनीति/सम्बन्धको पुरानो अभ्यास तोडिने संकेत देखा पर्दै छ । र, सैन्य कूटनीतिका दृष्टिले पनि नेपाल सन्तुलनको बाटोमा जाँदै छ ।"

चिनियाँ चासो

लामो समयदेखि भारतीय प्रभाव रहेको नेपालमा उत्तर छिमेकी चीनले पनि आफ्नो सैन्य/सामरिक प्रभाव विस्तार गर्न नखोजेको चाहिँ होइन । तर, नेपाल–भारतबीचको १९५० को शान्ति तथा मैत्री सन्धि, १९६५ को पत्राचारमार्फत नेपाली सेनासम्बन्धी सम्पूर्ण दायित्व लिने भारतको प्रतिबद्धता र त्यसप्रति नेपालको स्वीकारोक्ति आदिका कारण नेपालमा सैन्य प्रभाव विस्तार गर्न उसले अपेक्षित सफलता प्राप्त गर्न सकेन । यद्यपि, यसबीचमा पाएका सानातिना अवसरलाई चाहिँ उसले गुमाएन पनि । यसमध्ये विसं '२० को दशकको अन्त्यमा नेपाली सेनाका लागि सञ्चार सेट र '४० को दशकको अन्त्यमा विमानभेदी तोपहरूको बिक्री प्रमुख छन् ।

विसं '२० को दशकसम्म नेपाली सेना आधुनिक सञ्चार प्रविधिका दृष्टिले टेलिफोन र आकाशवाणीमा भर पर्नुपर्ने स्थिति थियो । त्यही दशकको सुरुआतमा अमेरिकी सेनाले नेपाली सेनालाई चारवटा आधुनिक वाकीटकी सेट दियो, जो उसले भियतनाम युद्धमा प्रयोग गरिरहेको थियो । तर, अत्यन्त थोरै भएका कारण सेनाका तल्ला युनिटमा वाकीटकी सेट पुग्न सकेनन् । जब नेपाली सेनाले चीनबाट आधुनिक सञ्चार सेट खरिद गर्‍यो, त्यसपछि मात्र सेनाका तल्ला युनिटमा यस्ता आधुनिक सञ्चार उपकरण पुगेका हुन् ।

त्यसपछि चीनले सैनिक प्रभाव विस्तारको अवसर ०४४/४५ मा पायो, नेपाली सेनालाई झन्डै तीन दर्जन विमानभेदी तोप (एन्टी एयरक्र्याफ्ट गन) बिक्री गरेर । त्यसकै असन्तुष्टिस्वरूप हो, भारतले नेपालमाथि एकवर्षे नाकाबन्दी लगाएको । भारतीय नाकाबन्दीकै बीचमा नेपालमा राजनीतिक परिवर्तन भयो । त्यो राजनीतिक परिवर्तनको परिवेशमा चीनले थप १० वर्ष नेपालमा सैनिक प्रभाव विस्तारको अवसर पाएन । हिंसात्मक माओवादी आन्दोलनविरुद्ध जब सेना परिचालन भयो, नेपाली सेनालाई हतियार, तालिमलगायतको सहयोगका कारण सैन्य मामिलामा भारतको हालिमुहाली झन् बढ्यो । कतिसम्म भने बेल्जियममा बनेको मिनिमी मेसिनगन आपूर्ति गर्दा भारतले अवरोध सिर्जना गरेपछि नेपालले भारतबाहेक अन्य मुलुकबाट हतियार खरिदको साहस नै गर्न सकेन ।

बरू आतंकवादविरुद्धको अभियानको बहानामा नेपाली सेनामा अमेरिकी सेनाले चाहिँ प्रभाव विस्तारको मौका पायो । त्यस अवधिमा केही हजार थान एम-१५ राइफल नेपाली सेनाले अमेरिकी सेनाबाट प्राप्त गर्‍यो भने सेनालाई प्रतिविद्रोहसम्बन्धी तालिमका अलावा माओवादी आक्रमणबाट जोगाउन

अमेरिकी-जर्मन हतियारको प्रयोग

चीनबाट एन्टी एयरक्र्याफ्ट खरिद गरिएको झन्डै १० वर्षपछि ०५४ मा नेपाली सेनाले पाँच हजार थान अमेरिकी एम-१६ राइफल खरिद गर्‍यो । राष्ट्रसंघीय शान्ति सेनाका लागि आवश्यक पर्ने भन्दै अमेरिकी हतियार खरिद गरेको नेपाली सेनाले लगत्तै जर्मनीमा निर्मित जी-३६ राइफल पनि किन्यो । यो निर्णयबाट भारत असन्तुष्ट भए पनि महाशक्ति अमेरिकाबाट खरिद गरिएकाले उसले यसमा अवरोधचाहिँ गरेन ।

भारतलाई फाइदा

जब माओवादी विद्रोहविरूद्ध नेपाली सेना परिचालन भयो, माओवादीविरूद्ध परिचालित र झन्डै ५० हजारको संख्यामा थपिएको फौजका लागि आवश्यक तालिम र हातहतियारका लागि फेरि भारतकै भर पर्नुपर्ने भयो । द्वन्द्वको अवधिमा नयाँदिल्लीले तेस्रो मुलुकबाट हतियार खरिद नगर्न दबाब दिँदै आफ्नो सेनासँग रहेका हतियारहरु नेपाली सेनालाई बेच्यो । नेपाली सेनामा फेरि भारतीय प्रभाव बलियो भयो ।

आतंकवादका नाममा

आतंकवादी संगठन अलकायदाले सेप्टेम्बर ९ (२००१) मा ट्वीन टावरमा गरेको आक्रमणपछि अमेरिकाले विश्वव्यापी रूपमा आतंकवादविरूद्धको अभियान सञ्चालन गर्‍यो । त्यसक्रममा उसले नेपाली माओवादीलाई पनि आतंकवादीको सूचीमा राख्यो र नेपाली सेनालाई सहयोग राशि बढायो । अमेरिकी सहयोगमा नेपाली सेनाका ब्यारेक र हवाई शक्तिलाई बलियो बनाइयो । अमेरिकी विदेशमन्त्री कोलिन पावेलले नेपालको भ्रमणसमेत गरे, ५ माघ ०५८ मा ।

बढ्दो उत्तरी चासो

०६३ को परिवर्तनपछि पनि नेपाली सेनामाथि भारतीय प्रभाव घटेको त छैन । तर, चिनियाँ सैनिक चासो भने निरन्तर बढ्दो छ । यस अवधिमा चीनबाट पटक–पटक उच्चस्तरीय सैन्य भ्रमण भएका छन् भने सबै नेपाली प्रधानसेनापतिहरु चीन भ्रमणमा गएका छन् । नेपाली सेनामा चीनको आर्थिक सहयोग पनि बढिरहेको छ । सेनाको गैरसैनिक क्षेत्रमा सहयोग गर्दै आएको चीनले अब संयुक्त अभ्यासको प्रस्ताव गरेर विशुद्ध सैनिक क्षेत्रमा पनि सहयोग र सहकार्यको अपेक्षा गरेको छ ।

सैनिक ब्यारेकलाई सुरक्षित बनाउनेसम्बन्धी प्रविधि प्राप्त गर्‍यो । भारत आफैं पनि आतंकवादबाट पीडित भएकाले आतंकवादविरोधी अभियानमा नेपाली सेनालाई अमेरिकाले गरेको यो सहयोगको उसले विरोध गर्न सकेन ।

नेपालमा यतिधेरै भारतीय सैनिक चासो र प्रभावका बाबजुद पनि केही सैनिक तालिम र कोर्सहरूचाहिँ नेपाली सेनाले चिनियाँ सेनाबाट ०४६ ताकादेखि नै पाइरहेको थियो । जब नेपाली सेनाले ०४५ मा चीनबाट विमानभेदी तोप भित्र्यायो, यो सैन्य उपकरण सञ्चालनसम्बन्धी तालिम लिन नेपाली सेनाका अधिकृतहरू चीन गए । यसरी जानेमा पहिलो लट (०४६)का नेतृत्वकर्ता थिए, वर्तमान प्रधानसेनापति राजेन्द्र क्षेत्री । संयोगवश क्षेत्री नै प्रधानसेनापति हुँदा चीनले पहिलोपटक नेपाली सेनासँग संयुक्त सैन्य अभ्यासको प्रस्ताव गरेको छ ।

त्यसबाहेक विसं '५० को दशकको मध्यदेखि चिनियाँ सेनाले नेपाली सेनालाई अझ विशिष्ट प्रकारको सैन्य कोर्सको अवसर दिँदै आएको छ । त्यो हो, ब्रिगेडियर जनरल तहका सैनिक अधिकारीले लिने नेसनल डिफेन्स कोर्स । सैनिक अधिकारीहरूले गर्नेमध्येको सबैभन्दा उच्चस्तरको मानिने यो कोर्सको अवसर पाउने सैनिक अधिकारी मात्र उपरथी (मेजर जनरल)मा बढुवाका लागि योग्य हुन्छन् । यो कोर्स नेपाली सेनाका अधिकारीहरूले चीनका अलावा अमेरिका, भारत, पाकिस्तान र बंगलादेशी सेनाका डिफेन्स कलेजबाट पनि गर्दै आएका छन् । पूर्वप्रधानसेनापति छत्रमानसिंह गुरुङले पनि यो कोर्स चीनबाट नै गरेका हुन् ।

नेपाली सेनालाई ०४६ देखि नै तालिम र उच्चस्तरका कोर्सको अवसर दिँदै आए पनि चीनले प्रत्यक्ष रूपमा सैनिक चासो बढाएको चाहिँ ०६३ को परिवर्तनपछि हो । त्यसपछि नेपालमा चीनका तर्फबाट उच्चस्तरीय सैनिक भ्रमणको क्रम बढ्यो । चिनियाँ जनमुक्ति सेनाका प्रमुख चेन विङ्देले नै ९-११ चैत ०६७ मा नेपालको भ्रमण नै गरे । त्यही क्रममा विङ्देले नेपाली सेनालाई अत्याधुनिक मेडिकल उपकरण, विपत् व्यवस्थापन उपकरण, विकास निर्माण उपकरणका लागि १ अर्ब ४३ करोड रुपियाँ बराबरको सहयोग दिने सम्झौतामा हस्ताक्षर गरेका थिए । त्यसपछि तत्कालीन प्रधानसेनापति छत्रमानसिंह गुरुङको चीन भ्रमण (१३-२० कात्तिक ०६८)मा ४ करोड ९ लाख चिनियाँ युवान बराबरको सहयोग सम्झौतामा हस्ताक्षर भयो ।

नेपालमा चीनको सैनिक चासो र स्वार्थ कति बढेको रहेछ भन्ने बुझ्न काफी छ, गुरुङ प्रधानसेनापति छँदा भएको एउटा घटना । चिनियाँ पक्षले आफूले दिने सहयोग राशि अन्तर्गत सैनिक अस्पतालमा बहिरंग (ओपीडी) भवन बनाउन जोड गर्‍यो । तत्कालीन चिनियाँ राजदूत क्यू गोहोङले त ओपीडी भवन निर्माणमा सहमति नभए आफू कार्यकाल नसकिँदै स्वदेश फर्कनुपर्ने जनाउसमेत दिए । तर, गुरुङले मानेनन् । गत साल प्रकाशित आफ्नो पुस्तक *जनताको छोरो*मा पूर्वप्रधानसेनापति गुरुङले लेखेका छन्, 'चिनियाँ सेना प्रमुख विङ्दे नेपाल भ्रमण सकेर फर्केको भोलिपल्ट १२ चैतमा चिनियाँ राजदूत गोहोङ र चिनियाँ सैनिक सहचारी मलाई भेट्न आउनुभयो । राजदूतले भन्नुभयो, मलाई कलब्याक भयो, म भोलि नै चीन फर्कँदै छु । अब भेट हुँदैन । गुडबाई भन्न आएको हुँ ।'

तिब्बत सुरक्षाप्रति चीनको चिन्ताकै कारण नेपालको सैन्य मामिलामा समेत चीनको चासो बढेको हुन सक्ने बताउँछन् सैन्य तथा सुरक्षा मामिलाका जानकार वाग्ले । भन्छन्, "संयुक्त सैन्य अभ्यासको प्रस्तावले चीन अब बिस्तारै शुद्ध सैनिक मामिलामा पनि संलग्न हुन चाहन्छ भन्ने देखिएको छ ।" ◆

रूपक सापकोटा

सैन्य अभ्या

विश्व राजनीतिमा दोस्रो विश्वयुद्धको अन्त्य र शीतयुद्धको सुरुआतसँगै मुलुक-मुलुकबीच सामरिक सम्बन्धका आयाममा उल्लेख्य परिवर्तन आयो । सामरिक सम्बन्धको प्रमुख अंग संयुक्त सैन्य अभ्यासको उद्देश्यमा पनि परिवर्तन भयो । यसमा मूलतः दुई प्रवृत्ति टड्कारो रूपमा देखापरे । एक, ठूला र शक्तिशाली मुलुकले क्षेत्रीय प्रभुत्व कायम गर्न आफूसरह वा आफूभन्दा कमजोर मुलुकसँग सैन्य आदानप्रदान गर्ने परम्परा सुरु गरे । दोस्रो, साना तथा कमजोर मुलुकले आफूमाथि सम्भावित खतरा भएको अमुक मुलुकको आक्रमणबाट जोगिन अर्को शक्तिशाली मुलुकसँग सैन्य आदानप्रदानसहितको संयुक्त सैन्य अभ्यास थाले ।

ठूला र शक्तिशाली मुलुक प्रभुत्व स्थापित गर्न कति सफल भए वा साना र कमजोर मुलुक कति सुरक्षित भए, त्यसको अलग्गै विश्लेषण हुन सक्छ । तर, यसमा समानता के छ भने यी दुवै प्रवृत्तिमा मनोवैज्ञानिक प्रभाव ज्यादा बलशाली देखिन्छन् । समकालीन विश्वको परिवर्तित स्थितिमा भने आतंकवादविरुद्ध, सीमापार अपराध नियन्त्रण आदिको आवरणमा सैन्य आदानप्रदान हुने नयाँ प्रवृत्ति देखापरेको छ ।

निकट भविष्यमा पहिलोपटक हुन लागेको नेपाल-चीन संयुक्त सैन्य अभ्यासको नाम 'प्रतिकार' दिइएको छ । तर, यसको आकारप्रकार र प्रकृति कस्तो हुने भन्ने प्रस्ट खुलेको छैन । यसर्थ अहिले नै यसको समग्र परिणामको विहंगम विश्लेषण गर्न हतारो होला । तर, नेपाल-चीन सैन्य अभ्यासको समग्र पक्षको उद्घाटनपूर्व नै भूराजनीतिसँग जोडेर अत्यधिक चर्चा हुनुले यसको मनोवैज्ञानिक पाटोलाई भने प्रस्टसँग उजागर गरिदिएको छ ।

नेपाल-चीन सम्बन्ध र नेपाल-भारत सम्बन्धका आ-आफ्नै विशिष्टता एवं मौलिकता छन् । नेपाल-चीनबीच वर्षौंदेखि समान र पारस्परिक सम्बन्धका आधारमा दुई सेनाबीच आपसी सहयोग र सहकार्यका अनगिन्ती शृंखला छन् । दुई देशबीच आकस्मिक र नाटकीय तवरबाट यस्तो सैन्य अभ्यास हुन लागेको पनि होइन । चीन मात्र होइन, निकट भविष्यमा हुन लागेको नेपाल-भारत सैन्य अभ्यासलाई समेत विगतका सहकार्यको विकसित स्वरूप मान्न सकिन्छ ।

भारत नेपालमा आफ्नो अविच्छिन्न सामरिक स्वार्थ रहेको ठान्छ । नेपालले सदैव भारतको सुरक्षा चासोमा दखल नपुगोस् भनेर ख्याल गर्नु पनि पर्छ । तर, दुई मुलुकको सामरिक सम्बन्धमा एकअर्काबीच समान व्यवहारको अपेक्षा गर्नु उचित नहुन सक्छ । अर्थात्, भारतले नेपाल वा चीनप्रति जस्तो व्यवहार वा सोच प्रदर्शन गर्छ, नेपालले पनि उस्तै गर्नुपर्छ भन्ने सोच व्यावहारिक नहुन सक्छ । किनभने, साना र कमजोर मुलुकको सुरक्षाका आफ्नै बुझाइ र बाध्यता हुने गर्छन् । त्यसो त एक समय युद्ध

सका संकेत

लडेका चीन र भारत आफैंले समेत पछिल्लो दुई दशकमा सैन्य आदानप्रदानलाई निरन्तरता दिएका छन् ।

चीनसँग समस्याग्रत मनोदशामा बाँचेको भारतले नेपाल-चीन सम्बन्धलाई सदैव संशयले हेर्छ, जुन सर्वथा अनुचित र असंगतिपूर्ण छ । नेपाल-चीन सम्बन्धका विविध आयाम छन्, जस्तो : कूटनीतिक, व्यापार, कनेक्टिभिटी, आर्थिक सहायता र सहकार्य आदि । तर, भारत सदैव नेपाल-चीनबीचका हरेक सम्बन्धलाई सामरिक दृष्टिका आधारमा विवेचना गर्छ । पछिल्लो उदाहरणका रूपमा, नेपालले चीनसँग गर्न चाहेको सडकको निर्माण एवं विस्तार होस् वा चीन-नेपाल रेलमार्गलाई बढावा दिने योजना, भारतले सामरिक सोच राखेर नै अवरोधात्मक नीति लिएको छ । सुरुमा नेपाली सिमानासम्म चिनियाँ रेल विस्तारको योजनालाई भारतले परम्परागत (कन्भेन्सनल) सुरक्षा दृष्टिकोणका आधारमा विरोध गर्दै आयो । यति मात्र होइन, परम्परागत सुरक्षा दृष्टिकोणमा आधारित सोच समयक्रमसँगै निष्प्रभावी हुँदै जाँदा पछिल्लो समय वातावरणीय एवं पर्यावरणीय प्रतिकूलताहरू पैदा हुने नयाँ तर्कका आधारमा अवरोध गर्न चाहेको देखिन्छ । यही सोचका कारण भारत चीनसँग उत्तरपूर्वी राज्यहरूको सीधा सम्पर्क स्थापना गर्न हिचकिचाएको छ । यसको मुख्य कारण फेरि पनि चीनबाट भारतले महसुस गरेको असुरक्षा नै हो ।

नेपालमा चीनको सुरक्षा चासो तिब्बत मामिला नै हो भन्ने प्रस्ट छ । केही समयअघिसम्म चीनले नेपालमा आफ्नो सुरक्षा चासोलाई रक्षात्मक नीतिका आधारमा सम्बोधन वा सीमित गर्दै आएको थियो । हालैका दिनमा चीनले नेपालसँगको सुरक्षा चासोलाई 'होलिस्टिक एप्रोच'का आधारमा सम्बोधन गर्न चाहेको छ । पछिल्लो दुई दशकमा नेपालसँग चीनको गहिरो आर्थिक सम्बन्ध विकास भएको छ । सरकार-सरकारबीचको सम्बन्ध, दुवै देशका सुरक्षा निकायबीचको सहकार्य, जनता-जनताबीचको सम्बन्ध बढावाका लागि सञ्चालित कार्यक्रम र भ्रमण अदानप्रदान, मिडिया-मिडियाबीचको सम्बन्ध विस्तार आदि सबै तह र निकायसँग 'डिल' गर्न थालेको अनुभूत गर्न सकिन्छ । केही वर्षयता चीन-नेपाल उपल्लो सैन्य अधिकारीहरूको आपसी भ्रमण र सैन्य आदानप्रदानका कार्यक्रमले पनि व्यापकता पाएको छ ।

हालसम्म नेपालको संयुक्त सैन्य अभ्यास भारत र अमेरिकासँग मात्र थियो । उत्तरी छिमेकीसँग पहिलोपटक हुँदै छ । यसबाट उदीयमान शक्तिराष्ट्रका रूपमा चिनियाँ सेनाले सैन्य प्रविधिका आधारमा जुन अब्बल विकास गरेको छ, त्यस्तो सेनासँगको संयुक्त अभ्यासबाट नेपाली सेनाले प्रत्यक्ष लाभ हासिल गर्न सक्छ । अनि, यसबाट प्रकारान्तरले नेपाली सेनालाई पनि क्रमशः उन्नत प्रकृतिको तालिम र प्रविधिबाट सुसज्जित हुन मद्दत मिल्नेछ । यस प्रकारका सैन्य सहकार्य नेपाली सेनाको उच्च मनोबल विकास गर्न सहायकसिद्ध हुनेछ ।

विश्वशक्ति राष्ट्र अमेरिकासँगको नेपाली सेनाको सैन्य अभ्यास भनेको सारतः सांकेतिक मात्र हो । भारतसँगको सैन्य सहकार्यका चाहिँ उपलब्धि थोरै र समस्या धेरै छन् । उदाहरणका लागि, प्राविधिक रूपमा भारतलाई आवश्यक पर्ने हतियार, गोलीगट्ठा र ठूला सैन्य उपकरण भारत आफैंले उत्पादन गर्न सकेको छैन । भारतीय सेनाले प्रयोग गर्ने हातहतियार र सैन्य उपकरणहरूमा मूलतः अमेरिका, फ्रान्स र रुसबाट उत्पादित सैन्य सामग्री तथा प्रविधिको मिश्रण छ, एकरूपता छैन ।

अमेरिका र रुसपछि चीन मात्र एउटा यस्तो मुलुक हो, जो आफ्नै प्रविधिमा आत्मनिर्भर छ । चिनियाँ सेनाले पछिल्लो समय आफ्नो सेनाको संख्या ३५ लाखबाट कटौती गरी २१ लाखमा झारेर गुणात्मक क्षमता वृद्धिमा केन्द्रित गरेको छ । यस अर्थमा चिनियाँ सेनासँग संयुक्त अभ्यासले नेपाली सेनालाई आधुनिक एवं समयसापेक्ष सैन्य प्रविधिसँग साक्षात्-परिचित हुन अवसर प्रदान गर्छ ।

अर्को, नेपाल भूराजनीतिक अवस्थितिका कारण अर्को निकटतम छिमेकीसँगको सैन्य अभ्यासले सामरिक सन्तुलन कायम गर्न सहयोग पुग्छ । नेपालको भूराजनीतिक अवस्थितिका कारण पनि दुवै निकटतम छिमेकीसँग उस्तै-उस्तै प्रकृतिको सामरिक सन्तुलन कायम गर्न सकेमा भौगोलिक अखण्डता र सार्वभौमिकता अझ अक्षुण्ण राख्न मद्दत मिल्छ ।

सारमा, यसपटक हुन लागेको नेपाल-चीन संयुक्त सैन्य अभ्यास सानो आकारकै हुनेछ । तर, यसले दूरगामी परिणाम पहिल्याउनेछ । जसरी एमाले-माओवादी सरकारका पालामा गरिएको पारवहन सम्झौताले सैद्धान्तिक रूपमा भए पनि भारत आश्रित पारवहन निर्भरताको एकाधिकारलाई समाप्त गर्‍यो, त्यसै गरी निकट भविष्यमा हुन लागिरहेको नेपाल-चीन संयुक्त अभ्यासबाट नेपालमा भारतको एकल सामरिक प्रभुत्वको पनि अन्त्य हुनेछ र सामरिक सन्तुलनको स्थिति पैदा हुनेछ । ◆

ओली–संघर्ष कि

सौदा र संघर्षको द्विविधामा दुई ठूला वाम शक्ति

■ रामबहादुर रावल

'तपाईंसँग कुरा गर्न त परै जाओस्, अनुहार हेर्न पनि मन छैन ।'

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई व्यवस्थापिका-संसद्को बैठकस्थलमै दिएको जवाफ हो यो । यो रुखो जवाफ दिएको ठीक एक महिनापछि १७ पुसमा तिनै ओली र प्रधानमन्त्री प्रचण्डबीच करिब दुई घन्टा लामो भेटवार्ता भयो ।

पछिल्लो भेटमा ओली त्यति आक्रामक भएनन् । प्रचण्डप्रति आक्षेपका शब्दहरू पनि उनले धेरै प्रयोग गरेनन् । 'तपाईंले जे गर्नुभयो र जे गरिरहनुभएको छ, त्यो ठीक छैन । संशोधन प्रस्तावले बर्बाद हुन्छ । तपाईंलाई पनि राम्रो गर्दैन,' ओलीले भने ।

प्रचण्डको जवाफ थियो, 'तपाईंले पनि यसलाई राष्ट्रघाती प्रस्ताव त भन्नुभएन नि ? बरू गलत भन्न सक्नुहुन्छ । कुनै समय तपाईंले पनि सही गर्नुभएको प्रस्ताव हो यो । त्यसो भए तपाईंजस्तो नेताले देश टुक्र्याउने प्रस्तावमा झुक्किएर सही गरेको भन्ने त ?'

छलफल संविधान संशोधनमा मात्रै केन्द्रित रहेन । एमाले अध्यक्ष ओलीले चुनावसम्बन्धी कानुन ल्याउन र चुनावको तिथि तोक्न जोड दिइरहे भने प्रधानमन्त्री प्रचण्डले संविधान संशोधन नभई चुनावको वातावरण नबन्नेमा अडान लिइरहे । चुनावकै सन्दर्भमा ओलीले प्रचण्डसामु नयाँ पासा पनि फ्याँक्न भ्याए, चुनावी सहकार्य गर्न सकिने । प्रचण्डले पनि अमूर्त जवाफ फर्काए, 'मिल्नुको त विकल्प नै छैन ।' भेटमा सहभागी माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ भन्छन्, "मिलेर जानुपर्छ भन्ने भाव पहिलाभन्दा बढी छ । सकेसम्म सबै पक्षलाई मिलाएर लैजानुपर्छ । नभए जति मिल्न सक्छन्, मिलेर नै यथाशीघ्र निर्वाचनमा जानुपर्छ भन्नेमा हाम्रो जोड छ ।"

-प्रचण्ड सहकार्य ?

प्रचण्डको गुनासो

सुरुदेखि नै माओवादी सशस्त्र संघर्ष र त्यसका नेता प्रचण्डप्रति कडा आलोचक मानिएका ओली ०७१ चैत अन्तिमतिर नजिकिएका हुन् । त्यतिखेर पनि दुवै वाम शक्तिको नेतृत्वलाई एक ठाउँमा उभ्याउन दोस्रो तहका नेताहरू सक्रिय भएका थिए । त्यहीबीचमा १२ वैशाख ०७२ मा विनाशकारी भूकम्प आएपछि २५ जेठमा कांग्रेस, एमाले, माओवादी र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)बीच १६ बुँदे सहमति भयो । त्यही सहमतिका आधारमा संविधान जारी भयो । र, प्रचण्डकै सहयोगमा ओली प्रधानमन्त्री बने । आफ्नै समर्थन र सहयोगमा प्रधानमन्त्री बने पनि ओलीले कृतज्ञ व्यवहार नगरेकामा प्रचण्डको प्रमुख चित्त दुःखाइ छ ।

चीनसँग समझदारी हुँदा आफूले पनि भूमिका खेलेको तर त्यसको जस ओली एक्लैले लिन खोजेको, आफूलाई चीनविरोधी र भारतपरस्त देखाउने प्रयास गरेको गुनासो प्रचण्डको छ । यति मात्र होइन, ओली सरकारकै पालामा आफूले संघीय गठबन्धनलाई सहमतिमा ल्याउन निकै कोसिस गरेको र गठबन्धन आउनै नचाहेपछि बाध्य भएर ओलीको साथ छाड्नुपरेको प्रस्टीकरण पनि प्रचण्डले एमाले नेतृत्वलाई दिएका छन् । प्रचण्डनिकट एक माओवादी नेता भन्छन्, "ओलीले एकोहोरो नखेद्ने हो र आफ्नो भूमिकाको पनि पुनःमूल्यांकन गर्ने हो भने सहकार्यको सम्भावना बढ्छ ।"

माओवादीमा बदलिंदो माहोल

खास गरी राजनीतिमा आमने-सामने देखिएका यी दुई नेताबीच यस्तो समयमा भेटवार्ता भएको छ, जतिखेर प्रचण्ड सरकारको राजनीतिक धरातल खुकुलो बन्दै छ । सत्ताको नेतृत्व गरिरहेको माओवादी केन्द्रभित्रै प्रचण्ड सरकार करिब असफल भइसकेकाले आफ्नो 'पोजिसन'मा पुनःविचार हुनुपर्ने आवाज उठ्न थालेको छ । नारायणकाजी श्रेष्ठ, शक्ति बस्नेत, गिरिराजमणि पोखरेललगायत नेताहरू एमालेसँग सम्बन्ध बढाउनुपर्ने निष्कर्षसहित संवादमा जुटेका छन् । एमालेका दोस्रो तहका नेताहरू विष्णु पौडेल, प्रदीप ज्ञवाली, शंकर पोखरेल माओवादीसँग नियमित सम्पर्कमा छन् ।

माओवादी नेताहरूको मूल्यांकनमा प्रचण्ड सरकार तीनवटा एजेन्डामा असफल भइसकेको छ । एक, ओली सरकारका पालामा भएका चीनसँगका समझदारीहरूमा कुनै प्रगति प्रचण्डकालमा भएन । दुई, चिनियाँ राष्ट्रपति सी जिनपिङलाई नेपाल भ्रमण गराउन उनले कुनै प्रयत्न गरेनन् र हुनै लागेको भ्रमणको कार्यक्रम रद्द नै भयो । तीन, प्रचण्डले ओलीसँगको सम्बन्ध टुटाउनुको प्रमुख कारणका रूपमा अघि सारिएको विषय थियो, द्वन्द्वकालीन मुद्दा व्यवस्थापनमा प्रगति नहुनु । प्रचण्डको कार्यकालको छैटौं महिना लागिसक्दा पनि त्यो विषय जहाँको त्यहीँ छ ।

ओली सरकार विघटन गरी आफैं सरकारमा उक्लनुपर्ने औचित्यका रूपमा अघि सारिएको प्रमुख तर्क थियो, ओली सरकारले संयुक्त लोकतान्त्रिक मधेसी मोर्चालगायत असन्तुष्ट पक्षलाई संविधानमा सहमत गराउन नसक्नु र निर्वाचनको वातावरण नहुनु । त्यसकारण मोर्चालाई सहमत गराई कम्तीमा स्थानीय तहको निर्वाचन गरी ९ महिनाभित्र कांग्रेसलाई सत्ता हस्तान्तरण गर्नु प्रचण्ड सरकारको प्रमुख कार्यभार मात्रै होइन, वाचा नै थियो । यो वाचा निर्धारित अवधिमा पूरा हुने सम्भावना पनि करिब टरिसकेको छ । बरू मोर्चालाई मनाउन ल्याइएको संविधान संशोधन विधेयकको अन्योलपूर्ण भविष्यसँगै आफ्नो सत्तायात्रा पनि अप्ठ्यारोमा परेपछि प्रतिपक्षीसँग गुहार माग्नु प्रचण्डको बाध्यता पनि बन्न पुगेको हो ।

जतिजति समय उपलब्धिविहीन तवरले घर्किंदै छ, त्यति नै माओवादीका लागि सत्ता गठबन्धन पनि प्रतिकूल बन्दै जानेछ । खास गरी प्रचण्ड सरकारको उत्तरार्द्ध पनि उपलब्धिविहीन हुने छाँटकाँट देखिएपछि कांग्रेसभित्र शशांक कोइराला, कृष्णप्रसाद सिटौलालगायत नेताका लबज सत्ता-गठबन्धनसँग मेल खान छाडेका छन् । एमाले नेता प्रदीप ज्ञवालीका अनुसार कांग्रेस महामन्त्री शशांक कोइरालाले एमालेलाई सहमतिमा नल्याई अगाडि बढ्न नसकिने बताएका छन् भने अर्का नेता रामशरण महत तत्काल निर्वाचन घोषणा गर्नुपर्ने धारणा दलहरूको छलफलमा राखेका छन् ।

एमाले नेता माधवकुमार नेपाल, कांग्रेस नेता सिटौला र माओवादी नेता श्रेष्ठबीचका कुराकानी पनि राजनीतिको अग्रभागमा शान्ति प्रक्रियासँग गहिरो नाता नभएका नेताहरू हावी भएको र सत्तामा रहँदा मात्र आफू सुरक्षित ठान्ने प्रवृत्तिले परिवर्तनका उपलब्धि नै गुम्न सक्ने, राजनीति 'ट्र्याक'बाहिर जान सक्नेजस्ता चिन्तामा केन्द्रित हुन थालेका छन् । र, यी छलफलको उद्देश्य हाल तीन ध्रुवमा बाँडिएका प्रमुख चार राजनीतिक शक्ति कांग्रेस-माओवादी, एमाले र मधेसकेन्द्रित दलहरूको मोर्चालाई सकेसम्म एक ठाउँमा उभ्याउने, नभए संविधान जारी गर्दा एक ठाउँमा उभिएका दलहरूलाई पुनः एक ठाउँमा ल्याउनु हो । यी पहलहरू परिणाममा पुग्न नसके पनि प्रचण्ड-ओलीबीचको तिक्ततापूर्ण सम्बन्धलाई थप प्रतिशोधपूर्ण हुन नदिनमा केन्द्रित छन् । र, कांग्रेससँगको सहकार्यमा समस्या उत्पन्न हुनेबित्तिकै एमालेसँग हात बढाउन सकियोस् । आगामी निर्वाचनमा पनि कांग्रेससँग मिलेर जानुभन्दा वामपन्थी गठबन्धनका नाममा भोट माग्न सहज हुने वार्तारत माओवादी नेताहरूको भनाइ छ ।

घुमिफिरी संसदमा

एमाले अध्यक्ष ओलीले पनि पुस-माघको चिसोमा सडक तताउनु जति कठिन छ, त्यसभन्दा बढी महत्त्वपूर्ण त्यसको उपादेयताको पक्ष छ । सडक प्रदर्शन र संसद् अवरोध समयको बर्बादी मात्र हुने ओलीले बुझेका छन् । समय पनि यस्तो कि ७ माघ ०७४ भित्र स्थानीय, प्रादेशिक र केन्द्रीय तहका निर्वाचन सम्पन्न नहुने हो भने प्रचण्ड सरकारको असफलताको दोष पनि आफ्नो थाप्लोमा आउन सम्भावना हुन्छ । त्यही कारण सत्ता पक्षलाई जस्तै सकस प्रतिपक्षीलाई समेत भइसकेको छ । त्यसैले दुवैका निम्ति एउटा मध्यमार्गी उपायको खोजी अत्यावश्यक छ ।

यही मौकामा १८ पुसमा सर्वोच्च अदालतले संविधान संशोधनको विपक्षमा परेको रिट निवेदनमा मध्यमार्गी निर्णय सुनाइदियो । संविधान संशोधनको विषयमा संसद्मा छलफल हुन सक्ने, निर्णय गर्दा सांसदले विवेक प्रयोग गर्न सक्ने, संसद्ले असंवैधानिक तवरले संविधान संशोधन गर्छ भनेर पूर्वानुमान गर्न नमिल्ने र असंवैधानिक संशोधन गरिए त्यसको न्यायिक पुनरावलोकन हुने अदालतको आदेश छ । यसले पनि संसद्मा छलफल हुनै नसक्ने अडान राखेर सदनका कामकारबाही अगाडि बढाउन नदिने गरी अवरोध गर्दै आएको एमाले रणनीति फेर्न बाध्य छ । त्यसैले अब एमाले अवरोध नगर्ने तर

'सम्बन्ध अझै टाढा'

– शंकर पोखरेल, नेता, नेकपा एमाले

प्रचण्डको मुखै हेर्दिनँ भन्ने एमाले अध्यक्ष ओली प्रचण्डसँग भेट्न थाल्नुभएछ, सम्बन्ध सुध्रिन लागेको हो ?

अहिले टाउको फोराफोरको स्थिति छैन । तर, सम्बन्ध निकै टाढा छ ।

सुधार हुन सक्छ कि सक्दैन ?

सम्बन्ध सुधारका लागि उहाँहरूले विगतमा गरेका गल्ती-कमजोरी 'रियलाइज' गर्नुपर्छ ।

भित्रभित्रै एमाले-माओवादी गठबन्धन बनाउने तयारी त होइन ?

यसका लागि कि त माओवादीले कांग्रेसलाई धोका दिनुपर्छ कि त कांग्रेसले माओवादीलाई । तत्काल यो सम्भावना छैन ।

ओलीले प्रचण्डलाई चुनावी सहकार्यको प्रस्ताव गरेको भन्ने छ, हो ?

पहिलाको सहकार्यले निरन्तरता पाएमा त्यो पनि सम्भावना थियो । चुनावी सहकार्यको कुरा भएको पनि हो । तर, अहिले तीव्र रस्साकसी छ ।

संविधान संशोधनमा एमाले कुन हदसम्म लचिलो बन्न सक्छ ?

हाम्रो मान्यता त प्रदेशसभाको निर्वाचन नभएसम्म सीमांकन हेरफेर गर्नु असंवैधानिक हो । असंवैधानिक विषयमा छलफल गर्नु अनुचित हुन्छ । सर्वोच्च अदालतको फैसलाले पनि त्यही भन्छ ।

यसैमा अडिरहेर त राजनीति जहाँको त्यहीँ रहन्छ नि ?

सरकारले विधेयक फिर्ता लिनु सबभन्दा उत्तम विकल्प हो । त्यो नभए सीमांकनको विषय थाती राख्दा हुन्छ । त्यो पनि नभए हामीसँग मतदानबाट पराजित गर्ने मत छँदै छ । तर, संसद्मा असंवैधानिक विषयमा छलफल हुँदा प्रतिपक्षी त्यसमा सहयोगी बन्यो भन्ने सन्देश दिन चाहँदैनौं ।

‘सहकार्यको भाव बढेको छ’

– **नारायणकाजी श्रेष्ठ**, नेता, नेकपा माओवादी केन्द्र

तपाईंहरूको संशोधन प्रस्तावमा एमाले पनि सहमत नहुने, मोर्चा पनि खुसी नहुने । कसका लागि ल्याउनुभएको ?

अहिले राष्ट्रिय कार्यभार भनेकै संविधानको कार्यान्वयनको प्रक्रियालाई संघीय, प्रादेशिक र स्थानीय तहको निर्वाचन गरेर अगाडि बढाउनु हो । यो भएन भने भोलि के हुन्छ भन्दा पनि अहिले नै प्राप्त उपलब्धि गुम्ने डर हुन्छ । त्यसैले जसरी पनि चुनाव र सकेसम्म सबैलाई सामेल गरेर चुनाव गर्नुपर्छ भनेर हामी ध्यानकेन्द्रित गरिरहेका छौं ।

यसको मतलब केही असन्तुष्ट पक्ष नआए पनि चुनावमा जाने हो ?

हाम्रो पहल त सम्बोधन गरेर समावेश गरेर लैजाने हुन्छ । तर, एउटा वा अर्को कारण देखाएर चुनावमा आउँदै नआउने हो भने देशलाई चुनावमा नलगी, ०७४ माघ त्यसै गुजार्ने पक्षमा हामी हुँदैनौं ।

असन्तुष्ट पक्षले चुनावबिना समय गुजार्न खोजेजस्तो देखिन्छ ?

पछिल्लोपल्ट मधेसी मोर्चा नरम देखिन्छ । ठीकै छ, यही संविधान संशोधन पक्रेर आलोचनात्मक समर्थन गरेर भए पनि अगाडि बढौं भन्ने औपचारिक धारणा आएको छ । हामी आशावादी छौं ।

एमालेसँग खास के कुरा भइरहेको छ ?

निर्वाचन विधेयक, महाभियोग प्रस्ताव र संविधान संशोधन विधेयक सँगै अघि बढाऔं । सदनको अवरोध खोलौं भन्ने कुरा भइरहेको छ । सर्वोच्चको फैसला आउनुअगाडिको छलफलले पनि २२-२४ गतेपछाडि सदन खुल्छ भन्ने लागेको थियो । फैसला आएपछि त अवरोध नहुने निश्चित नै भयो ।

यसमा एमाले सहमत छ ?

निर्वाचन विधेयक र महाभियोग प्रस्ताव अघि बढाउन एमाले सहमत छ । संविधान संशोधन प्रस्तावमा पनि निर्णय प्रक्रियामा तपाईंहरूको आफ्नै भूमिका हुने गरी अगाडि बढाउन दिनूस् भनिरहेका थियौं । सर्वोच्चको आदेश आइसकेको परिप्रेक्ष्यमा कांग्रेस र अन्य दलसमेत बसेर छलफल गर्नुपर्नेछ ।

त्यो भनेको प्रमुख तीन दलबीच सहमति हुने हो ?

तीन पार्टीमध्ये कुनै एक जतासुकै जाओस् भन्नु वा तीन पार्टी एक भए भइहाल्छ भन्नु गलत हुन्छ । नेपालको स्वाधीनता, सार्वभौमिकता र राष्ट्रिय हितलाई कुण्ठित नगर्ने गरी सबै उत्पीडित समुदायलाई सम्बोधन र सामेल गरेर संविधान कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनुपर्छ ।

अब एमालेसँग सम्बन्ध बढाउने सुर हो ?

कांग्रेससँग जुन सम्झौता गरेका छौं, त्यसलाई उसैले उल्लंघन गरेको अवस्थामा बाहेक हामी त्यसलाई उल्लंघन गर्दैनौं, हुबहु लागू गर्छौं । तर, कांग्रेससँगको समझदारीको पक्षमा उभिनुको अर्थ एमालेलाई अझ टाढा धकेल्नुपर्छ भन्ने होइन ।

प्रचण्ड सरकारको नौ महिनाभित्र स्थानीय चुनाव त नहुने नै भयो, होइन ?

चैतमा हुन गाह्रो भयो, वैशाखमा जान्छ अब ।

प्रचण्ड-ओली सम्बन्ध सुधार हुन थालेको हो ?

राष्ट्रहितलाई केन्द्रविन्दुमा राखेमा फेरि पनि मित्रता हुन सक्छ । अहिले उहाँहरूबीच सहकार्यको भाव बढेको देखिन्छ ।

सर्वोच्चको फैसलाले प्रदेश सभाको सहमतिबेगर संघीय संसद्ले प्रदेशको सीमा र अधिकारसम्बन्धी व्यवस्था हेरफेर गर्न नपाइने धारा २७४ को स्मरण गराएकाले उक्त विधेयक पारित हुन नदिने रणनीतिमा केन्द्रित छ ।

एमाले स्थायी समितिको १९ पुसको बैठकले सर्वोच्च अदालतको फैसलाप्रति सम्मान व्यक्त गर्ने निर्णय गरेसँगै संसदीय दलका उपनेता सुवास नेम्वाङले २४ पुसबाट सदन अवरुद्ध नगर्ने वचन सभामुख ओनसरी घर्तीलाई दिइसकेका छन् । र, सभामुख घर्तीले पनि नेम्वाङले दिएको वचनका आधारमा संसद् २४ गतेसम्म स्थगित गरेको जानकारी १९ पुसकै दिन सदनलाई दिएकी थिइन् । यसबाट पनि बुझ्न सकिन्छ, सरकार र प्रतिपक्ष दुवै आफ्ना ‘पोजिसन’ हेरफेर गर्दै छन् । खास गरी संसद्का दुई ठूला वामपन्थी दलबीचको तिक्ततापूर्ण सम्बन्ध र संघर्षको आयाम केही दिनमै फरक रूपमा देख्न सकिने भएको छ । एमाले नेता प्रदीप ज्ञवाली भन्छन्, “संशोधन विधेयकमा हाम्रो विरोध त जारी रहन्छ तर विरोधको स्वरूप फरक हुन्छ । सरकारले विधेयक टेबुल गर्ने भनेको छ तर त्यो मतदानमा लाने कुरा अनुचित हुन्छ । मतदानमै लगिए पनि पराजित गर्ने मत हामीसँग सुरक्षित छ ।”

मध्यमार्गको खोजी

संविधान संशोधन विधेयक छलफल नै गर्न नहुने अडानमा रहेको एमाले सर्वोच्चको आदेशपछि त्यो अडान परिवर्तन गर्न बाध्य छ । तर, विपक्षी मोर्चाका नौवटा दलसँग रहेका दुई सय सांसदको मत उक्त विधेयक विफल पार्न सक्षम रहेको एमालेको आकलन छ । यद्यपि, २१ पुसमा बसेको कांग्रेस, माओवादी र संघीय गठबन्धनको बैठकले संशोधन विधेयक अघि बढाउने निर्णय गरेका छन् । विधेयक मतदानको प्रक्रियामा जाँदा सफल वा विफल जेसुकै होस् भन्नेमा कांग्रेस र माओवादी पुगेका छन् । वर्षमान पुन नेतृत्वको आन्तरिक संगठन अध्ययन गर्न गठित संयन्त्रको २२ पुसको छलफलमा माओवादी नेताहरूले संशोधन विधेयक अगाडि बढाउन सकिने तर पारित गर्ने ग्यारेन्टी नगर्ने बताएका थिए ।

हुन त यो संशोधन प्रस्ताव आएदेखि नै संघीय गठबन्धनका नेताहरू हार्दिकतापूर्वक स्वीकार्न सकिरहेका छैनन् । यसो नहुनुको कारण हालको सीमांकन चित्त नबुझेर मात्र होइन, विधेयक पारित नहुने आशंका भएर पनि हो । पछिल्लोपल्ट उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरमको धारणा गठबन्धनका अन्य घटकहरूसँग मेल नखाँदा पनि संविधानप्रति असन्तुष्ट खेमा सग्लो देखिन सकेको छैन ।

यी समग्र परिवेशमा संघीय गठबन्धनको ‘फेस सेभिङ’ र संशोधन विधेयकको विवादमुक्त अवतरण हुने बाटोको खोजीमा माओवादी-एमालेबीचका छलफलहरू केन्द्रित छन् । एमालेले औपचारिक रूपमै संशोधन विधेयक फिर्ता लिन आग्रह गरेको छ । यो आग्रह सरकार र संघीय गठबन्धनले नमानेमा संशोधन विधेयकबाट सीमांकनसम्बन्धी विषय अलग राखी बाँकी विषय मात्र मतदानको प्रक्रियामा अगाडि बढाउनुपर्ने एमालेको धारणा छ । एमाले प्रचार

विभाग प्रमुख योगेश भट्टराई भन्छन्, "संशोधन विधेयकको सम्पूर्ण विषयवस्तुमा हाम्रो असहमति छ। सीमांकनको विषय अलग गरी बाँकी विषय मात्र अघि बढाइन्छ भने मतदानको परिणाम स्वीकार्य छ।"

विपक्षी गठबन्धनले २२ पुसमा राजधानीमा गरेको प्रदर्शनपछि सरकार लचिलो हुने एमालेको आकलन छ। मतदानमै लगिए पनि संसद्को एक तिहाइ संख्या सुरक्षित गर्ने रणनीतिमा एमाले रहेको छ। खास गरी संशोधन विधेयकको विरुद्धमा रहेको जनमत बुटवलदेखि काठमाडौंसम्म प्रदर्शन गरिसकेपछि संसद्मा पनि आफ्नो आवाज बलियो हुने ओलीले ठानेका छन्। यद्यपि, प्रदेशको सीमा हेरफेर गर्ने विषय संसद्मा टेबुल गरिए पनि त्यो मतदानसम्म पुग्छ भन्नेमा सत्तापक्षकै नेताहरू पनि छैनन्।

स्रोतका अनुसार संघीय गठबन्धनलाई मनाउनकै लागि भए पनि संविधान संशोधन विधेयक सदनमा पेस गर्न दिनुपर्ने प्रचण्डको अडान छ। योसँगै अख्तियार प्रमुख लोकमानसिंह कार्कीविरुद्धको महाभियोग र निर्वाचनसम्बन्धी विधेयकहरू पेस गर्दा सबै पक्षको आग्रह सम्बोधन हुन सक्नेछ। त्यसपछि सीमांकन हेरफेर गर्ने विधेयकलाई सोझै मतदानमा नलगी संसदीय समितिमा छलफलका लागि पठाउने र चुनावसम्बन्धी गृहकार्य अगाडि बढाउने मध्यमार्गी उपाय सबैका लागि मान्य हुन सक्नेछ। तर, कानुनी र प्राविधिक रूपमा यो उपाय विवादित बन्न सक्छ। यसभन्दा कम विवादित उपाय सदनमा टेबुल भएको प्रस्तावलाई सभामुखले प्रदेश सभालाई पठाउने निर्णय गर्नु र राजपत्रमा प्रकाशित गर्नु हुन सक्छ। र, प्रदेश सभाहरू गठन भएपछि त्यसबारे छलफल गरी निर्णय दिन सक्छन्। आयोग बनाएर सीमांकन विवाद मिलाउने काम जिम्मा लगाउने र चुनावी तयारी अगाडि बढाउने विकल्पबारेमा पनि छलफल भइरहेको छ।

वार्तामा सहभागी स्रोतका अनुसार प्रचण्डलाई अहिले स्थानीय तहको निर्वाचन गराउन एमालेबाट जति दबाव छ, त्यसभन्दा कम छैन कांग्रेसको दबाव। किनभने, जतिसक्दो चाँडो स्थानीय तहको निर्वाचन सम्पन्न भयो, त्यति नै सत्ता हस्तान्तरणको दाबी बलियो हुन्छ, कांग्रेस सभापति शेरबहादुर देउवाका लागि। प्रचण्डलाई एउटा चुनाव गर्न दिने मोटामोटी सहमति भएकाले पनि स्थानीय तहको निर्वाचनबिना सरकारमा दाबी गर्न सहज छैन। र, उस्तै परे प्रचण्डले देउवालाई सत्ता हस्तान्तरण गर्न अटेर गर्ने र सत्ता साझेदार फेर्न सक्ने भय पनि कांग्रेस नेतृत्वमा छ। त्यही कारण आफ्नो

संशोधनको पक्षमा

पारित गर्न आवश्यक मत	३९६
नेपाली कांग्रेस	२०७
नेकपा माओवादी केन्द्र	८१
समाजवादी फोरम नेपाल	१५
तराई मधेस लोकतान्त्रिक पार्टी	११
सद्भावना पार्टी	६
नेकपा संयुक्त	३
तराई मधेस सद्भावना पार्टी	३
राष्ट्रिय मधेस समाजवादी पार्टी	३
फोरम (गणतान्त्रिक)	१
नेपाल सद्भावना पार्टी	१
जम्मा	३३१

अस्पष्ट

राष्ट्रिय प्रजातन्त्र पार्टी	३७
फोरम (लोकतान्त्रिक)	१४
अन्य साना दल	१२

विपक्षी मत

पराजित गर्न आवश्यक मत	१९७
नेकपा एमाले	१८२
नेकपा माले	५
नेपाल मजदुर किसान पार्टी	४
राष्ट्रिय जनमोर्चा	३
राष्ट्रिय जनमुक्ति पार्टी	२
नेपाल परिवार दल	१
बहुजन शक्ति पार्टी	१
नेपाः राष्ट्रिय पार्टी	१
मधेस समता पार्टी	१
जम्मा	२००

दाबीलाई स्वाभाविक र औचित्यपूर्ण बनाउन देउवाले प्रचण्डलाई निर्वाचनका लागि दबाब दिनु बाध्यतासमेत बनेको छ। मंसिर अन्तिम सातामै तयार भएको स्थानीय तह पुनःसंरचना प्रतिवेदन बुझ्न ढिलाइ गरिरहेका प्रचण्डले कांग्रेस र एमाले दुवैको दबाबमा २२ पुसमा बल्लतल्ल बुझेका छन्। "बाध्यतावश नै सही, यसलाई निर्वाचनका पक्षमा भएको पहिलो सकारात्मक कदम मान्न सकिन्छ," एमाले नेता ज्ञवाली भन्छन्।

सहकार्य कति सम्भव ?

प्रचण्डले संविधान संशोधन विधेयक पेलेरै मतदानमा लैजान खोजे भने एमाले नेतृत्व थप चिढिन सक्छ। अहिले सीमांकनको सवालमा मधेसका केही नेताहरूको असन्तुष्टिबाहेक बाँकी जनमत आफ्नो पक्षमा रहेको ठम्याइ एमाले नेतृत्वको छ। आफूलाई मधेसविरोधी चित्रित गरिएकामा अब त्यो छाप पनि मेटाउन मधेसकेन्द्रित अभियान चलाउने ओलीले २२ पुसको खुलामञ्चको भाषणमा व्यक्त गरेका छन्। उनको भनाइ थियो, 'राजधानी जागेको छ। यो जागरणलाई हिमाल-पहाड-तराई सबैतिर पुर्‍याउँछौं। मेची-महाकाली अभियान चलाउँछौं।' यो अभिव्यक्तिको आशय आगामी निर्वाचनमा भोटका लागि आग्रह पनि हो।

एमाले अध्यक्ष ओली सकेसम्म यही माहोलमा निर्वाचनमा जान खोजिरहेका छन्। तर, एमालेभित्रै वामदेव गौतमलगायत केही नेताहरू सत्तामा साझेदारीका निम्ति पहल गर्नुपर्ने पक्षमा छन्। उनीहरू कांग्रेस र माओवादीसँग समानान्तर छलफलमा छन्। कांग्रेसमा पनि प्रचण्डसँगको गठबन्धन तोड्नुपर्ने र एमालेसँग सत्ता-सहकार्य गरी निर्वाचनमा जानुपर्ने पक्षमा कतिपय नेताहरू छन्। संघीय गठबन्धनका घटकहरूको प्राथमिकता सत्ताभन्दा विरोध र असन्तुष्टिकै बीच आफ्ना एजेन्डालाई मतदातामाझ पुर्‍याएर शक्ति हासिल गर्नेमा छ। यी विभिन्न खेलहरूबीच संविधान जारी गर्ने प्रमुख शक्तिहरू एक ठाउँमा उभिनुपर्ने तर्कका साथ कांग्रेस, एमाले र माओवादीका छलफलहरू परिणाममुखी भएमा प्रमुख तीन दल र बाँकी सहमत भएसम्मका साना दलहरू आगामी मंसिरभित्र तीनवटै निर्वाचन गर्ने चुनावी मार्गचित्रमा सहमत हुन सक्ने सम्भावना पनि वार्ताकारहरू औँल्याउँछन्। कांग्रेस नेता सिटौला भन्छन्, "संविधान जारी गर्दाका शक्तिहरूबीच समझदारी हुनैपर्छ र त्यसका निम्ति संवाद भइरहेको छ। वैशाखभित्र स्थानीय तहको निर्वाचन हुने गरी दलहरू एक ठाउँमा उभिने वातावरण बनाउन हामी प्रयासरत छौं।" ◆

KMG
KANTIPUR MEDIA GROUP

Radio Kantipur

रेडियो राष्ट्रको

We are Radio Kantipur, Radio Rastrako

Transforming ourselves to flourish the bond connected from heart to heart. We have become the change to embellish every new relationship. Now, we'd like to strengthen our bond, embracing the changing time and circumstances.

संकटमा शून्य उच्च मावि

पूर्वप्राथमिक विद्यालयदेखि कक्षा १२ सम्मै, कि त बन्दको विकल्प

बाबुराम विश्वकर्मा

कक्षा ११ र १२ सञ्चालनको अनुमति, अनुगमन गर्ने र परीक्षा लिने निकाय भक्तपुरको सानोठिमीस्थित उच्च माध्यमिक शिक्षा परिषद् अहिले कतै भेटिँदैन । परिषद्को भवनमा त अहिले राष्ट्रिय परीक्षा बोर्डको साइनबोर्ड झुन्ड्याइएको छ । ६ महिनाअघि भएको शिक्षा ऐनको आठौं संशोधनले उच्च माध्यमिक शिक्षा ऐन र त्यस अन्तर्गतका सबै व्यवस्था तथा संरचना खारेज गरेका कारण परिषद्को कार्यालयमा राष्ट्रिय परीक्षा बोर्डको कार्यालय स्थापना भएको हो । यो परिवर्तनले देशमा करिब दुई दशकदेखि अभ्यास गरिएको उच्च माध्यमिक शिक्षा विधिवत् रूपमा खारेज भएको छ ।

उच्च माध्यमिक तह कार्यान्वयन गर्न भनेर विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह खारेज गरेको डेढ दशक नपुग्दै फेरि सरकारले उच्च माध्यमिक शिक्षा खारेज गरेको हो । १५ असारमा भएको शिक्षा ऐनको आठौं संशोधनले विद्यालय तहलाई आधारभूत र माध्यमिक गरी दुई तहमा मात्र विभाजन गरेको छैन, विद्यालय शिक्षाको परिभाषा नै बदलेर १ देखि १२ कक्षालाई विद्यालय तह भनेको छ । यसअघि विद्यालय तह कक्षा १० मा सीमित थियो भने कक्षा ११ र १२ लाई उच्च माध्यमिक विद्यालय अर्थात् दस जोड दुई भनिएको थियो ।

उच्च माध्यमिक शिक्षा खारेजीको यो कदमले निजी स्तरमा सञ्चालित शून्य उमावि, जसले कक्षा ११ र १२ मात्र चलाइरहेका छन्, तिनको भविष्य अन्योलमा परेको छ । अब यी उमाविले आफूलाई कायम राख्न कि त शैक्षिक गुठी अन्तर्गत पूर्वप्राथमिकदेखि कक्षा १० सम्म चलाउनुपर्छ कि बन्दै गर्नुपर्छ । यसबाहेक सामुदायिक क्याम्पसले देशभरिमा चलाएका उच्च माविको नियति पनि यही हो । शिक्षा मन्त्रालयका विद्यालय शिक्षा शाखाका उपसचिव कृष्णप्रसाद ढुंगाना भन्छन्, “कक्षा १ देखि १० सम्म नभएका कुनै पनि उमावि पुरानै अवस्थामा सुचारु हुन सक्दैनन्, ती तल्लो कक्षादेखि नै चल्नुपर्छ ।”

शिक्षा मन्त्रालयको पछिल्लो कदमले निजी र सरकारी विद्यालयमा सञ्चालन गरिएका उच्च माध्यमिक विद्यालयहरूलाई खासै समस्या छैन, ती स्वतः माध्यमिक तहमा रूपान्तरित भएका छन् । तर, निजी लगानीमा कक्षा ११ र १२ मात्र चलाउँदै आएका शून्य उच्च माविलाई भने ठूलो धर्मसंकटमा पारेको छ, संशोधित शिक्षा ऐनले ।

संशोधित शिक्षा ऐनलाई कार्यान्वयन गर्न शिक्षा मन्त्रालयले अन्तिम रूप दिएर स्वीकृतिका निम्ति अर्थ मन्त्रालय पठाएको शिक्षा नियमावलीको मस्यौदा, २०७३ मा शून्य उमाविबारे यस्तो प्रावधान राखिएको छ, ‘यो नियम प्रारम्भ हुँदाका बखतसम्ममा साबिकको कानुनबमोजिम कक्षा ११ र १२ मात्रको सञ्चालन अनुमति प्राप्त गरी सञ्चालनमा रहेका विद्यालयहरूले चैत ०७५ भित्र तल्लो आधारभूत तहदेखि माध्यमिक तहको १० सम्मका कक्षा सञ्चालन गर्ने अनुमति प्राप्त गर्नुपर्ने वा त्यस्तो कक्षा सञ्चालन गर्ने अनुमति प्राप्त भएको सोही गाउँपालिका/नगरपालिका क्षेत्रभित्रको विद्यालयसँग समायोजन गर्नु पर्नेछ । यस नियमबमोजिम अनुमति नलिने विद्यालयहरूको अनुमति रद्द हुनेछ ।’

शिक्षा मन्त्रालयले कमा र फुलस्टप पनि परिवर्तन नहुने भनेको शिक्षा नियमावलीको यो मस्यौदाले कक्षा ११ र १२ मात्र चलाउँदै आएका उमावि या बन्द हुनुपर्छ, नभए आधारभूतदेखि कक्षा १० सम्मका कक्षा सञ्चालन गर्नुपर्छ । शिक्षा नियमावलीका मस्यौदाकारमध्येका एक शिक्षा मन्त्रालयका उपसचिव ढुंगाना भन्छन्, “यो बाध्यकारी कानुनी व्यवस्था हो, यसबाहेक शून्य उमाविहरूलाई अर्को सुविधा छैन ।”

ढुंगानाको भनाइले शिक्षा मन्त्रालय र यसको संयन्त्र कुनै पनि हालतमा तल्लो तहबिना कक्षा ११ र १२ सञ्चालन गर्न नदिने अडानमा रहेको देखाउँछ । तर, शून्य उच्च माध्यमिक तहका सञ्चालकहरू सरकारी प्रयास विफल पारेर कक्षा ११ र १२ मात्र वा कक्षा ९ देखि १२ अर्थात् माध्यमिक तह सञ्चालन गर्ने बाटो खुलाउने रणनीतिमा छन् । उनीहरू सकभर प्रस्तावित शिक्षा नियमावली आउनै नदिने र आए पनि शून्य उमाविसम्बन्धी हालको प्रावधान संशोधन गराउने योजनामा छन् । निजी विद्यालय सञ्चालकहरूको संस्था उच्च माध्यमिक विद्यालय संघ (हिसान)ले सरकारी कदमको विरोध गर्दै २२ बुँदे ध्यानाकर्षण पत्र सरकारलाई बुझाइसकेको छ । हिसानका अध्यक्ष रमेश सिलवाल भन्छन्, “शून्य उमावि चलाउन नदिने सरकारी निर्णय असफल पारिन्छ, त्यसका लागि आन्दोलन र कानुनी उपचार दुवै खोजिन्छ । सरकारी कानुन मानेर



'झेलपूर्ण खेल असफल हुन्छ'

– **रमेश सिलवाल**, अध्यक्ष, हिसान

सरकारले शून्य उच्च माविलाई समाप्त पार्ने उद्देश्यले शिक्षा नियमावली संशोधन प्रस्ताव गरेको छ, जुन हामीलाई मञ्जुर छैन। अहिलेको समस्या कसरी हल गर्ने भन्नेबारेमा हामीले सरकारलाई विकल्प दिएका छौं। तर, त्यसको सुनुवाइ भएको छैन। कक्षा ११ र १२ मात्र सञ्चालन भएका विद्यालयलाई छुट्टै नियम बनाएर पनि सञ्चालन गर्न सकिन्छ। तर, जसले राम्रो शैक्षिक नतिजा दिएका छन्, तिनैलाई सिध्याउने गरी नियमावली ल्याउन खोज्नु र हामीलाई जर्बजस्ती तल्लो तह चला नभए बन्द गर भनेर 'गर वा मर'को अवस्थामा राज्यले पुऱ्याएको छ। यसबाट निजी क्षेत्रले गरेको लगानीमा समेत कालो बादल मडारिएको छ। सरकारलाई धरौटी बुझाएर खोलिएका अनि नियम-कानुन अनुसार चलेका संस्था एक्कासि ध्वस्त पार्न खोजिएको छ, यसले हामीलाई मात्र होइन, देशलाई नै क्षति हुन्छ।

एक प्रकारले लुकाएर नै शिक्षा नियमावली जारी गर्न खोजिएको छ। त्यसरी आएको नियमावलीले शिक्षाको सुधार गर्दैन। अब सरकारले आफ्नो गल्ती सच्याएर शून्य उमाविलाई सहज रूपमा कक्षा ११ र १२ चलाउने वातावरण बनाउन जरुरी छ अथवा कक्षा ९ देखि १२ सम्म चलाउने बाटो खोले पनि हुन्छ। तर, निजी लगानीमा उच्च प्रतिफल दिएर स्तरीय शिक्षा दिएका शैक्षिक संस्थालाई समाप्त पार्ने अहिलेको खेल झेलपूर्ण छ। यो बन्द हुनुपर्छ। त्यसैले यो खेल असफल पार्न हिसान लागेको छ।

खोलिएका उमावि कसैको लहडको भरमा बन्द गर्न खोजिएको छ, यो हामीलाई स्वीकार्य छैन।"

शिक्षा ऐनको आठौं संशोधनले अब उप्रान्त कुनै पनि विद्यालय कम्पनी ऐनमा दर्ता गर्न नमिल्ने र शैक्षिक गुठीमा दर्ता गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरेकाले शून्य उमाविलाई तल्लो तह विस्तार गर्न पनि सहज भने छैन। पहिला प्रवीणता प्रमाण पत्र तह खारेज गरी उच्च माध्यमिक शिक्षा अनि उच्च माध्यमिक शिक्षा खारेज गरी माध्यमिक शिक्षा, ०४६ सालपछि विद्यालय शिक्षामा गरिएको संरचनात्मक परिवर्तन हो। तथापि, यो परिवर्तनले शिक्षाको गुणस्तर भने सुधार्न सकेको छैन। विद्यालय तहको राष्ट्रिय सिकाइ उपलब्धि ३२ प्रतिशतभन्दा माथि नहुनु अस्थिर शैक्षिक नीतिकै परिणाम हो।

हाल शिक्षा मन्त्रालयले गरेको विद्यालय तहको संरचनात्मक परिवर्तन एकाएक भएको भने होइन। शिक्षा मन्त्रालयले सन् २००९ देखि २०१५ सम्म लागू गरेको विद्यालय क्षेत्र सुधार कार्यक्रममा विश्व बैंक, एसियाली विकास बैंकलगायतका दातासँग विद्यालय शिक्षालाई १२ सम्म विस्तार गर्ने प्रतिबद्धता जाहेर गरेर अनुदान लिएको थियो। तर, ०५८ पछि राजनीतिक खिचातानीका कारण शिक्षा ऐनको आठौं संशोधन हुन नसकेकाले सरकारी प्रतिबद्धता कार्यान्वयन हुन सकेको थिएन। यो तथ्य बुझेरै हुन सक्छ, लामो समयदेखि कक्षा ११ र १२ मात्र सञ्चालन गरिआएको ललितपुरको प्रसादी एकेडेमीका सञ्चालक विक्रम राईले पाँच वर्षअघि नै सरकारले उमावि तह जुनसुकै बेला खारेज गर्न सक्ने चेतावनी दिँदै त्यसको प्रतिवाद गर्न झकझक्याएका थिए तर उनको कुरा कसैले नसुनेपछि उनले हिसान नै छाडे। प्रसादी एकेडेमीका सञ्चालक राई भन्छन्, "तल्लो कक्षा मात्र चलाउनेले माथि चलाउनु नपर्ने अनि शून्य उमाविले स्कुलका सबै कक्षा चलाउनुपर्ने? कति न्यायोचित छ? कक्षा ११ र १२ मात्र किन चलाउन नमिल्ने भन्ने प्रश्नको जवाफ पनि सरकारसँग छैन।" गतिलो शैक्षिक नतिजा हासिल गर्नेमा शून्य उमाविहरू नै अग्रस्थानमा रहेको पनि उनको भनाइ छ।

शिक्षा मन्त्रालयले कक्षा ११ र १२ सञ्चालन गरिरहेका उमाविलाई मात्र तल्ला तह सञ्चालन गराउने गरी शिक्षा नियमावलीको मस्यौदा गरेका कारण पनि निजी उमाविका सञ्चालकहरू त्यसप्रति रुष्ट भएका हुन्। अहिले देशमा कक्षा ३, ५, ८ र १० सम्म मात्र चलेका धेरै सरकारी तथा निजी विद्यालयहरू छन्। तर, तीमध्ये कसैलाई पनि माथिल्लो तह विस्तार गरेर आधारभूत तह वा माध्यमिक तहसम्म जानुपर्छ भनिएको छैन, नियमावलीको मस्यौदामा। "यो नीति विभेदकारी भयो भनेर हामीले पनि सिनियर माध्यमिक तह राखेर कक्षा ११ र १२ मात्र सञ्चालन गर्ने बाटो खोलौं भनेका हौं। तर, त्यसलाई मानिएन," उच्च माध्यमिक शिक्षक एसोसिएसन (हिस्टान)का अध्यक्ष दीपक सुवेदी भन्छन्।

उच्च माविमा राज्यको करिब तीन अर्बभन्दा बढी लगानी छैन। तर, निजी विद्यालयले चलाएको उमावि र शून्य उमाविमा निजी क्षेत्रको झन्डै १० अर्बभन्दा बढी लगानी रहेको अनुमान छ। सरकारले ०४६ मा उच्च माध्यमिक शिक्षा ऐन र ०४९ मा उच्च माध्यमिक शिक्षा परिषद् गठन गरेर निजी क्षेत्रलाई उच्च मावि तह सञ्चालनको ढोका खोलेको हो। शिक्षा ऐनको संशोधनपछि परिषद् नै खारेज भएपछि अब सबै उच्च माध्यमिक विद्यालय स्वतः विद्यालय शिक्षामा समाहित भएका छन् भने तिनको परिषद्ले गरेका सबै काम शिक्षा मन्त्रालय र त्यस अन्तर्गतका निकायले गर्नेछन्। तर, अहिले कक्षा ११ र १२ मात्र सञ्चालन गर्न नमिल्ने निर्णय गरिएपछि त्यहाँ गरिएको ठूलो लगानीको भविष्य के हुन्छ, अन्योल उत्पन्न भएको छ। ◆

वज्र विवाद

भूकम्पमा भत्केका मल्लकालीन सम्पदा पुनःनिर्माणमा वज्र प्रयोग कति ठीक, कति बेठीक ?

गोकर्ण गौतम

हनुमानढोका परिसरको दुई तले जगन्नाथ मन्दिर विसं १९९० को महाभूकम्पले ढल्कियो तर भत्किएन । दुई वर्षपछि मन्दिर भत्काएर पुनःनिर्माण गरियो, पुरानै काठ प्रयोग गरेर । जमिनबाट चार फिटसम्म वज्रको जोडाइ, त्यसभन्दा माथि माटोको । तत्कालीन प्रधानमन्त्री जुद्धशमशेर राणाले हनुमानढोका क्षेत्रको सम्पदाको पुनःनिर्माणको जिम्मा दिएका थिए, इन्जिनियर डिल्लीजंग थापालाई । यिनै थापालाई दुई दशकअघि भेटेका थिए, आर्किटेक्ट इन्जिनियर रोहित रञ्जितकारले । ऐतिहासिक सम्पदा बचाउमा सक्रिय काठमाडौं उपत्यका संरक्षण ट्रस्टका नेपाल निर्देशकसमेत रहेका रञ्जितकार त्यतिबेला छक्क परे, जब थापाले चार फिटसम्म वज्र र त्यसभन्दा माथि माटो प्रयोग गर्नुको कारण खोले । रञ्जितकार भन्छन्, "पुरातात्त्विक महत्त्व बोकेको काठलाई ओसबाट जोगाउन वज्र अनि माथिचाहिँ मल्लकालको स्वरूप र शैली बचाउन माटोको प्रयोग गरिएको रहेछ ।" १२ वैशाख ०७२ को भूकम्पबाट यस मन्दिरमा क्षति पुगेको छैन ।

जगन्नाथ मन्दिरको प्रसंग किन झिकिएको हो भने यतिबेला हनुमानढोका क्षेत्रमा ०७२ को भूकम्पले ध्वस्त बनाएका १२ मध्ये सात सम्पदाको धमाधम पुनःनिर्माण भइरहेको छ । जसमध्ये अधिकांश मल्लकालीन सम्पदा हुन्, जसको जोडाइ माटोको हुन्थ्यो तर पुनःनिर्माणका क्रममा माटोलाई 'अघोषित निषेध' गरिएको छ । पुरातत्त्व विभागले बनाएको मापदण्ड पछ्याउँदै यहाँ मात्र होइन, पाटन दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर, स्वयम्भू, चाँगुनारायण, पशुपति

भक्तपुर दरबार स्क्वायर

यसरी बनाइन्छ वज्र

सबैलाई थाहा छ, वज्र बनाउन चुन र सुर्की चाहिन्छ। तर, चुन र सुर्कीचाहिँ कस्तो हुनुपर्छ ? त्यसको मात्रा र प्रयोगविधि के हो ? यथेष्ट अध्ययन/अनुसन्धान र परीक्षणको अभावको कारण स्पष्ट छैन । पुराना वज्रकर्मी अष्टराज बज्राचार्य, ७६, का अनुसार वज्रका लागि चाहिने सुर्की इँटाको धूलो त हो तर भट्टाबाट निस्कने धूलो भने होइन। असली वज्रका लागि इँटालाई कुटेर बनाइएको धूलो हुनुपर्छ। चुन बनाउन त झन् धेरै मिहिनेत र समय लाग्छ।

चुनका लागि पहिले इँटाजसरी ढुंगालाई पोल्नुपर्छ। ढुंगा पाकेपछि पानीमा डुबाउनु पर्छ। त्यस्तो बेला ढुंगा फुट्छ, मकै भुट्दा फुटेजसरी अनि नरम हुन्छ। पुराना दिन सम्झँदै बज्राचार्य भन्छन्, "यसरी तयार पारिएको इँटाको धूलो दुई भाग र चुना एक भाग राखेर पर्याप्त लस्सेदार नभइन्जेल पानीमा बेस्कन मोल्नुपर्छ। तीन-चार दिन त्यत्तिकै पकाएपछि मात्र हामी वज्र प्रयोग गर्थ्यौं।" यस्तो वज्र जोडाइ र प्लास्टर दुवैका लागि उत्तिकै उपयोगी हुन्छ। तर, यसरी तयार पारिएको बज्र प्रयोग नगरेको वर्षौं भइसकेको उनले सुनाए।

क्षेत्रलगायतमा रहेका सम्पदाको पुनःनिर्माणमा पनि वज्रको मात्र प्रयोग भइरहेको छ।

मल्लकालमा बनेका सम्पदाको मूल विशेषता माटोको जोडाइ हो। वज्र परम्परागत प्रविधि त हो तर राणाकालको, त्यसमाथि आयातित। फेरि जगन्नाथ मन्दिरको झैँ बडो बुद्धिमत्तापूर्वक वज्र र माटोको सन्तुलित प्रयोग गरिएको पनि छैन। त्यसैले वज्रको प्रयोगले मल्लकालका सम्पदाको साख, स्वरूप र शैली नजोगाउने विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। पुरातत्त्वविद् तथा पुरातत्त्व विभागका पूर्वमहानिर्देशक कोषराज आचार्य भन्छन्, "वज्रबारे बृहत् अध्ययन भएको छैन। त्यसैले सम्पदाको पुनःनिर्माणमा वज्रको प्रयोग उपयुक्त हुँदैन। अलि हतार गरियो।"

वज्रका बारेमा यथार्थ भन्दा पनि अतिरञ्जित हल्ला बढी चलेको छ समाजमा। सुर्की (इँटाको धूलो) र चुन मिसाएर प्लास्टर गर्न र इँटा जोड्न प्रयोग गरिने निर्माण सामग्री हो वज्र। जुन नेपालमा जंगबहादुरको बेलायत यात्रापश्चात् भित्रिएको थियो। पुरातत्त्वविद् आचार्यका अनुसार यो 'न्युयो क्लासिकल स्टाइल'मा पर्छ। राणाकालमा बनेका मन्दिर, दरबार र अन्य संरचनामा वज्रको व्यापक प्रयोग भएको पाइन्छ। त्यतिबेला कालीगढहरू भारतबाट ल्याइएको थियो। वसन्तपुर गद्दी बैठक र सिंहदरबार यसका उदाहरण हुन्। धरहरा पनि वज्रको जोडाइ हो। त्यतिबेला सुर्की र चुनसँगै मासको दाल र चाकु मिसाएर वज्रलाई अझ बलियो बनाउने गरेको चर्चा धेरै सुनिन्छ। तर, यसको कुनै लिखित अभिलेख छैन। पुरातत्त्वविद् आचार्य भन्छन्, "धरहरा र सिंहदरबार बनाउँदा मासको दाल, घिउ र चाकुको प्रयोग गरेको मिथ मात्र हो। प्रयोगशालामा त्यसको परीक्षण गरिएको छैन।"

वज्र पनि परम्परागत र सम्पदा भएकाले पुरातत्त्व विभागले निर्माण कार्यमा यसको

तस्बिरहरू : रवि मानन्धर

प्रयोग गरेको दाबी गर्छ । विभागको यो दाबी आफैंमा गलत छैन । किनभने, पुरातात्विक ऐन अनुसार सय वर्ष भएपछि हरेक कुरा सम्पदामा दरिन्छ । तर, सम्पदा भनेर मात्र भएन, कुन कालखण्डको हो भन्ने महत्त्वपूर्ण हुन्छ । आर्किटेक्ट इन्जिनियर तथा सम्पदाका जानकार रञ्जितकार भन्छन्, "वज्र राणाकालीन सम्पदा हो । त्यसैले मल्लकालको संरचना बनाउँदा वज्रको प्रयोग परम्परागत हुन सक्दैन ।"

नेपाली ऐतिहासिक आर्किटेक्चर, सहरीकरण र संस्कृतिका विज्ञ प्रा सुदर्शनराज तिवारी पनि सम्पदा पुनःनिर्माणमा वज्रको प्रयोगलाई सकारात्मक रूपमा लिंदैनन् । मल्लकालको झैं माटोकै जोडाइ गर्दा हरेक दृष्टिले उपयुक्त हुने तिवारीको मत छ (हेर्नूस्, *'माटो नै उत्तम'*) । अध्ययन र बहसबिनै वज्रलाई प्राथमिकतामा राखेको विज्ञहरूको गुनासो छ । तर, पुरातत्त्व विभाग अन्तर्गतको भक्तपुर स्मारक संरक्षण तथा दरबार हेरचाह संरक्षण क्षेत्रका इन्जिनियर मोहनकृष्ण श्रेष्ठ अहिले भक्तपुर दरबार क्षेत्रमा शिल महादेव, सिद्धिलक्ष्मी, नारायण र रामेश्वर मन्दिरको पुनःनिर्माणमा वज्रको प्रयोग भइरहेको बताउँछन् ।

"सकेसम्म परम्परागत सामग्री उपलब्ध नभए नयाँ प्रयोग गर्नैपर्छ । मल्लकालको जस्तो स्तरीय माटो अहिले पाइँदैन," श्रेष्ठ भन्छन्, "त्यसैले सिमेन्टभन्दा वज्रमा जानु उपयुक्त देखियो । युनेस्कोले पनि चुनलाई परम्परागत मसला भनेको छ ।" अचम्म त के छ भने चुन र सुर्कीमा बालुवा पनि मिसाइएको छ । उनका अनुसार एक भाग चुन, एक भाग सुर्की र तीन भाग बालुवा राखेर मसला तयार पारिएको छ । घटीमा एक हप्ता कुहाएपछि मात्र वज्र प्रयोगयोग्य र प्रभावकारी हुन्छ ।

वज्रको जोडाइबाट पुनःनिर्माण गरिएको भक्तपुर दरबार स्क्वायरको मूलद्वार

तर, भक्तपुरसहित अन्य क्षेत्रमा चुन, सुर्की र बालुवालाई मसला बनाउनासाथ धमाधम जोडाइमा हालिन्छ । इन्जिनियर श्रेष्ठ स्वीकार्छन्, "मोलेर एक हप्ता त राख्नैपर्ने हो तर राखिएको छैन ।" यद्यपि, उनले यो वज्रको जोडाइ सय वर्ष टिक्ने दाबी गरे ।

हामीकहाँ पाइने चिम्टाइलो, पहेँलो र गाढा खरानी रंगको पःचा माटोको खोजमा विभागले बेवास्ता गरेको विज्ञहरूको गुनासो छ । "हरेक कालखण्डमा बनेका सम्पदाको आ-आफ्नै विशेषता हुन्छन् । यद्यपि, भिन्न कालखण्डका सामग्री र प्रविधिलाई मिश्रण गर्नै हुन्न भन्ने पनि होइन," आर्किटेक्ट इन्जिनियर रञ्जितकार भन्छन्, "तर, बनावटको समरूपता र स्वरूप मिल्छ/मिल्दैन, थाहै नभई प्रयोग गरिनु चाहिँ हुन्न ।" ◆



'माटो नै उत्तम'

– सुदर्शनराज तिवारी, वरिष्ठ आर्किटेक्ट

पुरातत्त्व विभागको निर्देशिका अनुसार भूकम्पले भत्केका सम्पदाहरूको पुनःनिर्माणमा वज्रको प्रयोग भइरहेको छ । सिमेन्ट आधुनिक भएकाले प्रयोग गर्नु हुन्न भनेर आवाज उठ्यो । माटोको त वास्तै गरिएन । सिमेन्ट र माटोको बीचमा भएर वज्र प्रयोग गरिएको हुनुपर्छ, वैकल्पिक बाटोका रूपमा । तर, वज्र बलियो हुन्छ भन्ने आधार छैन । माटोको जोडाइ गर्दा हामीलाई चाहिनेजति बलियो हुन्छ । संसार थाम्ने बनाउने होइन । मन्दिर तीन-चार तले त हो नि ! गारो भने अलि मोटो बनाउनुपर्छ । तर, अहिलेको जस्तो बालुवा मिसिएको माटोचाहिँ होइन ।

काठमाडौं पहिले ताल भएको ठाउँ हो । त्यसैले हामीकहाँको माटोमा 'अर्ग्यानिक कन्टेन्ट' छ । पर्खाल, भुइँ, कौसी, झिँगटी बनाउन थरीथरीका माटो हुन्छ । काष्ठमण्डपमा त कालो माटो मिसाइएको छ । खस्रो भन्दा लस्सेदार माटो उपयोगी हुन्छ । हामीले काष्ठमण्डपको उत्खनन गर्दा अहिलेसम्मकै बलियो माटोको जोडाइ भेट्यौं, त्यसको नमुना लिएका छौं । परीक्षण गर्न बाँकी छ । बाहिरबाट हेर्दा पनि काफी बलियो नै छ, जब कि त्यो १४ सय वर्ष भइसक्यो । माटोले हावाबाट पानी सोस्ने र आफैं 'ब्रिदिङ' (श्वास फेर्ने) भएकाले 'स्ट्रेन्थ'मा गिरावट आउन्न ।

अहिले त हामी आँखा चिम्म गरेर हिँडेका छौं, सिमेन्ट भएपछि बलियो हुन्छ भनेर । तर, आधुनिक इन्जिनियरिङले माटोको परीक्षण नगरी नराम्रो भनिदियो, जब कि सिमेन्ट त एक सय वर्षमा धूलो हुन्छ, हुन्छ । मल्लकालमा ढुंगाको जोडाइ गर्दा खोटो, ढुंगाको धूलो, कपास हालिन्थ्यो भनिन्छ । १५ वर्षअघि पाटनको कृष्ण मन्दिर उत्खनन गर्दा त्यस्तो पाइएको थियो । तर, अहिले भनिएको चुन र इँटाको धूलो हो । ढुंगाको मन्दिर बनाउँदा प्रयोग भएको सामग्री वज्र होइन, अर्कै निर्माण सामग्री हो । किनभने, चुनको प्रयोग नै राणाकालपछि मात्र भएको पाइन्छ ।

वज्रकै जोडाइ गर्ने हो भने पनि त्यसको प्रयोग र मात्रा मिलाउन जरुरी हुन्छ । सुर्की र चुन मिसाउनासाथ प्रयोग गर्दा प्रभावकारी हुन्न, वज्र तीन-चार दिन त राख्नैपर्छ । बुझ्नुपर्ने अर्को कुरा के हो भने परम्परागत सम्पदा एक ढिक्का हुने शैलीबाट बनाएकै होइन, सर्ने/हल्लिने शैलीमा हो । ढिक्का पार्नासाथ भूकम्प प्रतिरोधक हुन्न । बरू, यस्तो संरचना ढल्यो भने इँटा पनि फुट्छ, त्यसैले पनि एक ढिक्का हुने शैली उपयुक्त होइन । इँटा हाम्रो सम्पदा हो, फुट्न दिनुहुन्न । सम्पदाका लागि लस्सेदार र उन्नतस्तरको माटो उत्तम हुन्छ ।

KMG
KANTIPUR MEDIA GROUP
गुनासो, जानकारी, परामर्श सुझाव...
कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
KANTIPUR PUBLICATIONS PVT. LTD.
Radio Kantipur
KANTIPUR TELEVISION NETWORK (P) LTD.
KANTIPUR DIGITAL CORP
KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group
कान्तिपुर
kathmandupost
साप्ताहिक
नेपाल
नारी
WWW.EKANTIPUR.COM
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।
www.kmg.com.np

कोमामा साझा

जीवन-मरणको दोसाँधमा शताब्दी पुरानो संस्था

राजकुमार बानियाँ

चार भवनमध्ये तीनवटामा रातो स्टिकर लागेका छन् । गत वर्षको भूकम्पमा रातो स्टिकर लागेको भवनकै माथिल्लो तलामा छ, अध्यक्ष तथा महाप्रबन्धकको कार्यालय । यहीं देब्रे हातले धमाधम सही धस्काउँदै छन्, डोलिन्द्रप्रसाद शर्मा, ३९ । पुल्चोकस्थित मन्त्री क्वार्टरबाट मुस्किलले पाँच सय मिटरको दूरीमा रहेका यी भवन न भत्काउने तरखर छ, न त बनाउने ।

साझा प्रकाशन परिसरकै एउटा चारतले भवन भने पाँच वर्षदेखि अलपत्र छ । पैसाको अभावमा रोकिएको काम सुरु हुने छाँटकाट देखिँदैन । सात रोपनी क्षेत्रफल चर्चेको १ सय ४ वर्ष पुरानो संस्था लगभग खाली खाली छ । कर्मचारीहरू बिदावारीको मनस्थितिमा झोक्राइरहेका छन् । प्रेस र बाइन्डिङमा एकाध कर्मचारी देखिन्छन् । बाहिर चौरमा भेटिएका कर्मचारीलाई महाप्रबन्धक शर्मा सोध्छन्, "तपाईं पनि २० वर्षमा हो कि क्या हो ? होइन भने काम गर्नूस् ।"

शर्माले दुई वर्षअघि साझाको आँगन टेक्दा २ सय ८८ कर्मचारी थिए । खुलेआम भर्ती केन्द्र बनेको साझामा एक वर्षदेखि न प्रेस चालू थियो, न त बिक्रीवितरण नै । पुराना पुस्तकको पुनःमुद्रण त परै जाओस्, सूचीपत्रसमेत छाप्न सक्ने हालतमा थिएन । "मलाई साझा यस्तो संकटमा छ भन्ने थाहा थिएन, धेरै अग्रजले तँ गइस् भने साझा बाँच्छ भनेका थिए," उनी भन्छन्, "घुँडा मात्र टेकेको छ भनेको त लम्पसारै परेको रहेछ ।"

साझाको सुधारका निम्ति शर्माले स्वैच्छिक र अनिवार्य दुवै अवकाश योजना ल्याएर १ सय ७४ कर्मचारीलाई हटाइसकेका छन् । तीमध्ये १ सय २८ जनालाई पैसा दिन बाँकी छ । पुस्तक बिक्रीको रकम कुम्ल्याउनेदेखि अर्काको लाइसेन्समा सवारी चलाउने कतिपयलाई उनले बर्खास्त गरिदिए । अहिले बहालवाला कर्मचारीको संख्या ८३ जना छ । "नयाँ कार्ययोजना अनुसार काम गर्न पाँच सय कर्मचारी चाहिन सक्छ," उनी भन्छन्, "तर, मौजुदा अवस्थामा ३० जना कर्मचारी पनि धेरै हुन्छ ।"

२६ मंसिरमा सरकारबाट १० करोड अनुदान र २० करोड रुपियाँ ऋण पाएपछि शर्माको फुर्तिफार्ती बढेको छ । उनले सरोकारवालाको व्यवहारै फरक पाएका छन् । बैंकले लिलामी निकाल्दा गाडी बिग्रिए पनि कसैले बनाउन

मान्थेनन्, कागज चाहियो भन्दा पनि कसैले पठाइदिन्थेनन् । पैसा निकासा हुने छाँट देखेपछि जनकपुरबाट एक ट्रक कागज पठाएको खबर आइसक्यो । तर, सरकारले अनुदानको रकम सोझै जनक शिक्षा सामग्री केन्द्रको खातामा पठाएपछि १६ देखि ३० महिनाको तलब नपाएका कर्मचारी भरंग भएका छन् ।

नेकपा माओवादी केन्द्रनिकट कर्मचारी युनियनकी अध्यक्ष गुनुमाया गुरुङ महाप्रबन्धकको कोठामै आएर चर्किंदै थिइन् । "साझाको अनुमति नै नलिईकन अनुदान रकम सोझै जनक शिक्षामा पठाउन मिल्छ ?" उनी भन्दै थिइन्, "अब शिक्षामन्त्रीविरुद्ध अख्तियारमा उजुरी हाल्नुपर्छ ।" यद्यपि, महाप्रबन्धक शर्मा अहिले मन्त्रीसित सिंगौरी खेल्ने पक्षमा देखिँदैनन् । उनको नारा छ, 'सेभ साझा ।'

शर्मा कस्तो भुमरीमा छन् भने बाँकी २० करोड रुपियाँ पनि अपुग नै हुन्छ । स्वैच्छिक अवकाश लिएका १ सय २८ कर्मचारीका निम्ति २८ देखि ३० करोड रुपियाँ लाग्ने अनुमान छ भने सिटिजन इन्टरनेसनल बैंकलाई दुई करोड र राष्ट्रिय सहकारी विकास बैंकलाई सात करोड रुपियाँ तिर्नु छ । जनक शिक्षालाई अझै ४ करोड १३ लाख तिर्नुपर्ने देखिएको छ । यता लेखकहरूलाई लेखकस्वबापतको बक्यौता २ करोड ५० लाख छ । विभिन्न व्यक्ति तथा संस्थालाई २ करोड र सामान ढुवानीबापत ८०-९० लाख भुक्तानी गर्नुपर्ने छ । त्यस हिसाबमा ६३ करोड रुपियाँको दायित्व एकमुष्ट फछ्र्योट हुने स्थिति छैन ।

तस्बिरहरू : रवि मानन्धर

साझा प्रकाशनको पुस्तक गोदाम

महाप्रबन्धकको देउसी-भैली

तीन वर्षअगाडि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन सचिव राजुमानसिंह मल्लको संयोजकत्वमा गठित साझा प्रकाशन समस्या समाधान तथा सुदृढीकरण सुझाव उच्चस्तरीय कार्यदलको प्रतिवेदन अगाडि राखेर महाप्रबन्धक शर्मा टेबलमा घोत्लिरहेका छन् । १२ वर्षसम्म अक्स्फोर्ड इन्टरनेसनल नामक निजी प्रकाशन चलाएका शर्माको अनौठो क्षमता के भने उनलाई कांग्रेसकी शिक्षामन्त्री चित्रलेखा यादवले नियुक्ति गरेकी थिइन्, यादव जानासाथ शिक्षासचिव विश्वप्रकाश पण्डितले बर्खास्त गरिदिए । फेरि एमालेका मन्त्री अग्नि खरेलले थमौती गरे र अहिले माओवादीका मन्त्री धनीराम पौडेलले एक कार्यकाल थपिदिएका छन् ।

शर्मा कहिले पार्टी नेताका घर, कहिले पार्टी मुख्यालय धाएर देउसी-भैलीको शैलीमा गुहारिरहेका छन् । सुशील कोइराला, केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' गरी तीन प्रधानमन्त्रीकहाँ दर्जनौंपटक पुगे । कतिसम्म भने प्रचण्डलाई भेट्न राष्ट्रकवि माधव घिमिरे, मदनमणि दीक्षित, सत्यमोहन जोशीसहित मोहन वैद्यलाई लिएर नेकपा माओवादी केन्द्रको केन्द्रीय कार्यालय पेरिसडाँडा पनि पुगे । मोहन वैद्य पार्टी फुटाएपछि पहिलोपटक त्यहाँ पुगेका थिए ।

अन्तिम विकल्प साझा प्रकाशनको नाममा देशभरि दुई अर्बभन्दा बढीको जग्गाजमिन छ । केन्द्रीय कार्यालय रहेको पुल्चोकमा मात्रै सात रोपनी जग्गा छ भने अन्य ११ प्रमुख सहरका व्यापारिक स्थानमा जग्गा छन् । यसका १५ वटा शाखा र दुई हजार आधिकारिक बिक्रेता छन् । "साझा राणाकालमा खुलेको, पञ्चायतमा जगेर्ना भएको, बहुदलमा घिटीघिटी राखेको र गणतन्त्रमा सिध्याइएको संस्था हो," उनी हाकाहाकी भन्छन्, "यसले जनक शिक्षाले दिउन्जेल काम गर्‍यो, त्यसपछि काम खोज्न कतै नगएर थला पर्‍यो ।"

आर्थिक अराजकताको सुरुआत पहिल्यै भए पनि तत्कालीन महाप्रबन्धक ममता झाविरुद्धको कर्मचारी आन्दोलन र अनशनको शृंखलापछि साझा न सेवा, न त व्यवसायको स्थितिमा रहयो । आठ वर्षसम्म हुन नसकेको साधारणसभा २५ चैत ०७२ मा भयो भने ११ वर्षदेखि लेखापरीक्षण भएको छैन । कर चुक्ता प्रमाणपत्र नभएपछि काम खोज्न पनि समस्या भएको साझाका एक सञ्चालक सुनाउँछन् । ०६७ देखि घोषणा भएका ६ वटा पुरस्कार अझै बाँड्ने सुरसार छैन ।

साझाका पुस्तक निजीतिर

हातमा रामायण च्यापेका आदिकवि भानुभक्त आचार्यको सालिक छ साझा परिसरमा । तर, *रामायण*को मुद्रण भने निजी प्रकाशनमा गइसकेको छ । विश्वेश्वरप्रसाद कोइराला, पारिजात, कृष्ण धरावासी, महेशविक्रम शाह आदि लेखकका पुस्तक समेत निजीमा गइसकेका छन् । यद्यपि, महाप्रबन्धक शर्मा आफूले सूचना निकालेर ती सबैलाई फेरि साझामै छाप्ने व्यवस्था मिलाइसकेको दाबी गर्छन् । "कृष्ण धरावासीलाई लेखक कसले बनायो ? यस्तो संस्था समस्यामा परेका बेला बाहिर जान मिल्छ ?" उनी भन्छन्, "अब साझा र लेखक दुवै मिलेर काम गर्नुको विकल्प छैन ।"



हातैले बाइन्डिङ गरिरहेका कर्मचारी (बायाँ) र बिग्रेको कटिङ मेसिन

> “साझा राणाकालमा खुलेको, पञ्चायतमा जगेर्ना भएको, बहुदलमा घिटीघिटी राखेको र गणतन्त्रमा सिध्याइएको संस्था हो ।”
>
> – डोलिन्द्रप्रसाद शर्मा
> अध्यक्ष तथा महाप्रबन्धक

०२३ मा पुस्तक प्रकाशन आरम्भ गरेको साझाले प्रकाशित गरेका १२ वटा पुस्तकले मदन पुरस्कार पाइसकेका छन् ।

साझाका अनुसार दुई वर्षयता २० वटा पुस्तक छापिएका छन् भने ६५ वटा पुनःमुद्रण भएका छन् । पछिल्लो समय छापिएका अधिकांश पुस्तकका लेखक माओवादी केन्द्रका दिनानाथ शर्मादेखि कांग्रेसका गुरुराज घिमिरेसम्मका राजनीतिक व्यक्ति छन् । भूकम्पले चिराचिरा पारेको जीर्ण भवन र दुईवटा टहरामा २३ करोडभन्दा बढीका पुस्तक थन्किएका छन् । दुई वर्षको अन्तरालमै उनले ६ हजार चिट्ठी लेखिसकेका छन् । कहिले सांसद, मन्त्रीलाई पुस्तक किनिदिने पत्र, कहिले जिल्ला शिक्षा अधिकारी, स्थानीय विकास अधिकारीलाई । पठन संस्कृति विकासका लागि हरेक सांसदलाई संसद् विकास कोषबाट दुई लाखको पुस्तक खरिद गर्न पटकपटक पत्र पठाएको उनको भनाइ छ ।

राजनीतिक हस्तक्षेप र भागबन्डा, नेतृत्व तहमा व्यवस्थापकीय क्षमताको अभाव, ०६० पछि निजी क्षेत्रलाई सरकारी पाठ्यपुस्तक वितरणको अधिकार प्रत्यायोजनका साथै आर्थिक अनियमितताका कारण साझा चर्को संकटमा छ । साझाले जनक शिक्षा सामग्री केन्द्रको पाठ्यपुस्तक बिक्री वितरणको काम नपाएको तीन वर्ष भइसक्यो । साझालाई कोमाबाट बाहिर ल्याउनका निम्ति विभिन्न कार्ययोजना छन् : विद्यालय तह र क्याम्पसका पुस्तक एकद्वार नीति अन्तर्गत साझा प्रकाशनमार्फत बिक्री वितरणको व्यवस्था मिलाउने, सरकारी छपाइसम्बन्धी कार्य साझामार्फत गराउने, जग्गा धितोमा राखी कर्मचारीलाई बिदा दिने, एक थान वेभ फोर कलर र एक थान सिटफिट फोर कलर मेसिन किन्ने, उत्पादनमैत्री वातावरण र भ्रष्टाचाररहित संस्था बनाउने आदि ।

विसं १९६९ मा नेपाली भाषाको संरक्षण र प्रवर्द्धनका लागि स्थापित गोरखा भाषा प्रकाशिनी समिति (पछि नेपाली भाषा प्रकाशिनी समिति) नै सहकारी ऐन, २०१६ अन्तर्गत ०२१ मा साझा प्रकाशन सहकारी संस्था लिमिटेडमा रूपान्तरण भएको हो । सहकारी ऐन अनुरूप गठन भए पनि साझा सरकार नियन्त्रित नै छ । १ हजार ५ सय ५४ सेयर सदस्य रहेको साझा प्रकाशनमा नेपाल सरकारको ३.५६ प्रतिशत सेयर छ । गृहपञ्चायत, भूमिसुधार, कृषि, सहकारी मन्त्रालय हुँदै यसलाई जेठ ०६९ मा शिक्षा मन्त्रालय अन्तर्गत लगिएको हो । शिक्षा मन्त्रालयले नै सञ्चालक समितिको अध्यक्ष र तीन सदस्यको मनोनयन गर्दै आएको छ ।

एक अनौपचारिक अध्ययनमा ०६६ सम्म विभिन्न बैंकबाट साझालाई वार्षिक ४५ लाख रुपियाँसम्म ब्याज आउने गरेको थियो । तर, ०७१ मा आइपुग्दा ऋण नै ४० करोड रुपियाँ पुग्यो । कसले गऱ्यो त यस्तो घोटाला ? अध्यक्ष एवं महाप्रबन्धक शर्मा त्यसको गम्भीर अध्ययन भइरहेको र यसबारे बोल्ने बेला नभएको भन्दै पन्छिन्छन् । त्यति हुँदाहुँदै पनि कोमामा पुगिसकेको साझा आईसीयू हुँदै जनरल बेडमा आइपुगेको अनुभव गर्छन्, लेखक श्रीओम श्रेष्ठ । “कामभन्दा कर्मचारी धेरै भएकाले संस्था धराशयी भइसकेको थियो,” आर्थिक अनियमितता छानबिन समितिका सदस्यसमेत रहेका सेयरधनी श्रेष्ठ सुनाउँछन्, “घाम तापेर तलब पकाउने कर्मचारी बिदा भइसकेपछि संस्थाले नयाँ गति पक्डेको छ ।” ◆


kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
the kathmandupost
Both can keep the conversation interesting.
But you have to take uncanny risks with one of them.
The Kathmandu Post unravels stories from all parts of the world keeping you well-informed on everything so that your conversation remains exciting no matter how random the topic gets.
ANS-16
KEEP THE CONVERSATION INTERESTING WITH
money
onsaturday
sports
life&style
world
thecollegian
health&living
et cetera
op-ed
escalate
classroom
International content licensed from
The Guardian | Project Syndicate | Asia News Network | The New York Times News Service
the kathmandupost

पाल्पाको शताब्दी चित्र

रामबहादुर रावल

कविराज दशरथमान सिंह पाल्पा मात्र होइन, सिंगो लुम्बिनी र गण्डक क्षेत्रका प्रसिद्ध चिकित्सक हुन् । मुलुकमा आधुनिक स्वास्थ्य सेवाको विस्तार नहुँदै राणा शासनकालदेखि उनी जनस्वास्थ्यका क्षेत्रमा खटिए । बनारस हिन्दु विश्वविद्यालयमा प्राप्त आयुर्वेदमा स्नातकोपाधिको उनले भरपूर प्रयोग गरे । जीवनको सम्पूर्ण ऊर्जा आफ्नो पेसामा खर्चिए र अहिले उनी ९८औं हिउँदमा काठमाडौंमा आराम गरिरहेका छन् । करिब एक शताब्दीको जीवनयात्राको अनुभव निकै सीमित संख्याका नेपालीले मात्र पाउँछन् । त्यसैले उनी राणाकाल, ००७ सालको आन्दोलन र पञ्चायतकालीन समाज र व्यवस्थाका एक जिउँदो इतिहास हुन्, साक्षी हुन् ।

यस पुस्तकमा उनले पाल्पालाई केन्द्रविन्दु बनाएर आफ्ना स्मरणहरू प्रस्तुत गरेका छन् । सुरुमा पाल्पाकै इतिहास समेटिएको छ । आफूले भन्न खोजेका कुराको प्रमाण र समर्थनका लागि अन्य लेखकका सामग्रीको समेत सहयोग लिएका छन् । दोकोछैं, खौमाटोल, भक्तपुरका उभ्भाँथाछैं थरको एउटा नेवार परिवार विसं १८६० मा पश्चिम नेपालमा बसाइँसराइ गर्न पुग्छ । त्यहाँबाट पनि पोखरा, बाग्लुङ, पाल्पालगायत क्षेत्रमा छरिन्छ । यो विवरणले काठमाडौंको रैथाने नेवार समुदाय मुलुकभर विस्तार हुनुको एउटा कारणलाई प्रामाणिकतासाथ स्थापित गर्छ ।

वैद्य पेसालाई पुर्ख्यौली रूपमै अंगीकार गरेकाले पनि दशरथमान सिंहले पाएको आधुनिक शिक्षा बढी उपयोगी भएको मान्न सकिन्छ । घोडामा चढेर गाउँगाउँमा चिकित्सा सेवा पुऱ्याएको, बिरामीहरूलाई फलो अप जाँचका लागि पनि आफैं सरसामान लिएर कुनाकन्दरा पुगेको उनको अनुभव वास्तवमा आज टेलिमेडिसिनको अभ्यास गर्ने पुस्ताका लागि दन्त्यकथाजस्तै लाग्छ । त्यतिखेर आजको जस्तो एम्बुलेन्सलगायतका मानवीय उद्धार, सहायता तथा ढुवानीका साधन नभएकाले बिरामीलाई डाक्टरकहाँ बोलाउनुभन्दा डाक्टर नै सरसामान लिएर बिरामीकहाँ पुग्नु व्यावहारिक ठानेको उनको भनाइ छ । स्वास्थ्यकर्मीमा हुनुपर्ने मानवीय सेवाको भावनाका रूपमा पनि अर्थ्याउन सकिन्छ ।



त्यो समय, त्यो परिवेश (मेरो जीवनयात्राको संस्मरण)
लेखक : दशरथमान सिंह
संकलन/सम्पादन : रामचन्द्रमान सिंह
प्रकाशक : न्हूज: गुठी
पृष्ठ : १५४
मूल्य : २५० रुपियाँ

पाल्पाली संस्कार, संस्कृति र सम्पदाको यथेष्ट चर्चा पुस्तकमा गरिएको छ । त्यहाँको अर्थसामाजिक पक्षमा आफूले दिएको योगदानको स्वमूल्यांकन पनि यसमा प्रस्तुत गरिएको छ । समाज सेवाप्रतिको लगावलाई विशेष महत्त्व दिएर चर्चा गरिएको छ । राजनीतिसँग जोडिएका केही अनुभव पनि समेटिएका छन् । उनको आगामी चिन्ता पनि त्यहाँको सांस्कृतिक सम्पदाको संरक्षणप्रति केन्द्रित रहेको देखिन्छ । पाल्पाको विकासमा योगदान गर्ने, पाल्पाको यशोवृद्धि गर्ने व्यक्तित्वहरूको पनि यसमा चर्चा गरिएको छ । कतिपय व्यक्तित्वहरूसँगको संगत र अनुभवलाई उनले अभिलिखित गरेका छन् । कतिपय सन्दर्भमा पाल्पाको अलिखित इतिहासलाई उजागर गरिएको छ भने केही सन्दर्भमा पुन:संगठित एवं पुन:व्याख्या गर्न खोजिएको छ ।

यो पुस्तक पढेपछि पाल्पाले अहिलेसम्म गरेको शक्तिको अभ्यास बुझ्न सकिन्छ । प्रशासन र राजनीतिमा पाल्पाको प्रभावका आधारमा उनले काठमाडौंपछि बढी शक्ति प्रयोग गर्ने सहरका रूपमा अर्थ्याएका छन् । सेन राजाहरूको पालामा पाल्पा आफैं शक्तिशाली थियो र पछि पनि लगातार शक्तिको निकट रह्यो । राणाकै रोलवालाहरू पश्चिम क्षेत्रको शासन गर्न पाल्पा खटिन्थे भने पञ्चायतकाल र बहुदलकालभरि राजदरबारमा पाल्पालीहरूको उपस्थिति पाल्पाको भाग्य बनेर देखा पऱ्यो । मुलुकको एउटा भूगोल अँध्यारो भइरहँदा पाल्पा उज्यालोमा बाँच्यो । अन्यत्र विकासका पूर्वाधार पुग्न दशकौं कुर्नुपर्दा पाल्पाले एउटा तोक आदेशको भरमा पाउँथ्यो । स्कुल, अस्पताल, पुलपुलेसा, मन्दिर, पाटी, पौवा, बाटाघाटा सबै राणाकालमै बन्न थालेका रहेछन् पाल्पामा । प्राकृतिक सौन्दर्य मात्र होइन, प्राचीन लुम्बिनी–मुक्तिनाथ व्यापारिक तथा धार्मिक पदमार्गको केन्द्र भएका कारण पनि यो ऐतिहासिक कालदेखि अहिलेसम्मै एक जीवन्त सहर बन्न पुगेको सिंहको ठहर छ ।

आफ्ना बुबाको उदात्त पक्षको चर्चा र प्रचार हरेक सन्तानले चाहन्छ । छोरा रामचन्द्रमान सिंहले सम्पादकका रूपमा यही प्रयास गरेका छन् । तर, विषयवस्तुको गहिराइ र पात्रको उचाइ अनुरूप पुस्तकले स्तर कायम गर्न सकेको छैन । धेरै ठाउँमा अर्थको अनर्थ लाग्ने खालका पदावली परेका छन् । तिथिमितिहरू उल्लेख गर्दा कुनै एकरूपता र अर्थपूर्णता छैन । पुस्तकको ठूलो अंश यसअघि नै प्रकाशित उनको जीवनीमा आधारित पुस्तकबाट पुनरावृत्ति गरिएको छ । सामग्रीको संगठन र साजसज्जा पुस्तकको भन्दा पनि दराजमा थन्क्याउन तयार गरिएको कुनै सरकारी प्रतिवेदनजस्तो देखिन्छ । पुस्तकमा मूल पात्र वा संस्मरणकर्ताको दृष्टिकोण कति हो र यसमा सम्पादक कति हाबी भएका छन् भन्ने छुट्याउन गाह्रो छ ।

यद्यपि, यस कृतिले करिब एक शताब्दीको कथा समेट्छ । तत्कालीन राज्य व्यवस्था, अर्थतन्त्र र सामाजिक सन्दर्भमा आममान्छेको भोगाइ प्रस्तुत गर्छ । त्यसबेलाको मनोसामाजिक पक्षलाई चित्रण गर्छ । ग्रामीण अर्थतन्त्रदेखि राजनीतिका कथासम्म यसमा अटाएका छन् । ती अवश्य पनि पाठकका लागि रोचक छन् । सामान्यजनले भोगेको, देखेको र अनुभव गरेको एक शताब्दीलाई आत्मकथ्य शैलीमा प्रस्तुत गरिएको यो पुस्तकले विशेषत: पाल्पाको इतिहास बोल्छ । त्यसकारण पाल्पा र लुम्बिनी–गण्डक क्षेत्रसँग नाता जोडिएका पाठकका लागि यो पुस्तक विशेष छ । ◆

युवाका लागि गीताज्ञान

सन्तोष आचार्य

जवाहरलाल नेहरु विश्वविद्यालय (जेएनयू), नयाँ दिल्लीका छात्र शंकर तिवारी आफूलाई 'सेकुलर' मान्छन् । तर, यी 'सेकुलर' राजनीतिक मनुवा शंकरको *श्रीमद्भागवत् गीता*प्रतिको आस्था बुझिनसक्नु छ । रामचन्द्र प्रधानले २५ वर्षअघि लेखेको *समन्वययोग*को मौलिक भाष्यलाई नेपाली भाषामा अनुवाद गरेका छन् । सरल शैलीमा युवापुस्तालाई *गीता* पढाउन चाहन्छन्, शंकर । *गीता*बारे आफ्ना मनमा उठेका जिज्ञासाको जवाफ खोज्ने प्रयत्नका बीच अनुवादकको भेषमा देखिएका छन्, शंकर । गान्धी विचार परिषद्सँग आबद्ध तथा जेएनयूका गुरु रामचन्द्रलाई शंकरले यो पुस्तिका अनुवाद गरेर गुरुदक्षिणा दिएका छन् ।

भारत वर्षमा *उपनिषद्*, *ब्रह्मसूत्र* र *गीता*को विशिष्ट महत्त्व छँदै छ । पुस्तिकाको पुरोवाक्मा भारतीय नेता कर्ण सिंहले लेखेका छन्, '*गीता*मा गुरु-शिष्यको अनौठो प्रेम सम्बन्ध छ, जसले 'गुरुर्ब्रह्मा: गुरुर्विष्णु: गुरुर्देवो महेश्वर:' को मान्यताभन्दा भिन्न आयाम उपस्थित गराउँछ । यहाँ श्रीकृष्ण र अर्जुनका बीच गुरुको भय नभएर सर्वाङ्गीण प्रेम छ, जुन विश्वको कुनै धर्मग्रन्थमा पाइँदैन । *गीता* समस्त विश्व परिस्थितिमा लागू हुन्छ ।'

संघर्षको रणमैदानबाट निस्किएको *गीता* दर्शन आफैँमा समन्वयवादी कृति हो । आत्माको अमरता *गीता*को केन्द्रीय विश्वास हो । आत्मालाई अमर, अजर अनि परमेश्वर र पुन:जन्मलाई प्रमाणिक मान्छ *गीता* । यदि *गीता*माथि विश्वास राख्ने हो भने यी यावत् पक्षमाथि पनि विश्वास राख्नुबाहेक अर्को विकल्प रहँदैन । किनभने, प्रदीप गिरीले भनेजस्तै 'ईश्वर, पुन:जन्म र आत्माको चिरन्तरतालाई अस्वीकार गर्नासाथ *गीता*को उपदेश धराशयी हुन्छ ।' यो पुस्तिकाको प्रयास पनि सायद यही हो कि *गीता*को दर्शनलाई विशेष गरी युवापुस्ताले सहज रूपमा बुझ्न सकून् । किनभने, यसअघि *गीता*माथि गरिएका अधिकांश भाष्यले नयाँ पुस्तालाई चुम्बकीय



गीताज्ञान प्रवेशिका

लेखक	:	रामचन्द्र प्रधान
अनुवादक	:	शंकर तिवारी
प्रकाशक	:	महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठान
पृष्ठ	:	९५
मूल्य	:	१५० रुपियाँ

शैलीमा अझै आकर्षित गर्न सकेन । त्यही खाली ठाउँ भर्ने प्रयासमा यो पुस्तिका ल्याइएको लेखक र अनुवादक दुवैको दाबी छ । जीवन जिउने कला सिकाउने *गीता* दर्शनबाट विशेष गरी प्लस टू पुस्ताले लाभ लिन सक्ने हो भने समाजको शैली नै बदलिन के बेर ! तर, गीतालाई परम्परागत रुढि धर्मग्रन्थका रूपमा लिने युवापुस्ताका सामुन्ने अरू धेरै मुद्दा सम्मुख छन् । अनि, किन परोस् प्राथमिकतामा *गीता* !

वेदव्यासले लेखेको महाभारत ग्रन्थ अन्तर्गतको भीष्मपर्वको अंश हो । अर्जुन र श्रीकृष्णबीचको जीवन र जगत्सँग जोडिएको शाश्वत प्रश्नको जवाफ नै *गीता* हो ।

कुनै बेला कस्तो थियो भने जसले *गीता* बढी बुझ्यो वा त्यसको व्याख्या गर्‍यो, ऊ नै समाजमा विद्वान् मानिन्थ्यो । तर, समय एकनास रहिरहँदैन । रहेन पनि । *गीता* कुनै खास सम्प्रदाय, समुदाय, धर्मविशेष र कालविशेषको ग्रन्थका रूपमा सीमित भइदियो । हिन्दु धर्मका ठेकेदारहरूले *गीता*को आयामलाई फराकिलो हुनै दिएनन् । कतिसम्म भने महिलादेखि दलितसम्मलाई *गीता*को पुस्तक पढ्न त के छुनु पनि पापसँग लगेर जोडे । परिणाम, अहिले *गीता* बुझाउन अनेक गीत गाउनुपरेको छ ।

खासमा *गीता*को सन्देश सर्वकालीन र सम्पूर्ण मानव जातिका लागि हो । व्यक्तिगत, सामाजिक र जातीय स्तरमा भड्किने, भुल्ने र छल्ने प्रवृत्तिको अन्त्य गर्दै नयाँ मार्ग खोज्ने र खोल्न सक्ने सामर्थ्य राख्छ *गीता* । *गीता* केवल विशिष्ट वर्गका लागि मात्र नभएर साधारण मानिसहरूको पनि पुस्तक हो । *गीता* ज्ञानको उपयोग विशेष अवसरका लागि मात्र नभएर दैनिक जीवनमा पनि हुन्छ । *गीता*मा जीवनको गीत छ, मृत्युको रोदन होइन । यसले मानव प्रज्ञालाई प्रज्ज्वलित गरेर अन्धकार, अन्धविश्वास र अज्ञानतालाई मेटाउनुका साथै श्रद्धा-विश्वासको प्रकाश फैलाउँछ,' पुस्तिकाको दाबी छ ।

गीता आफैँमा पूर्ण ग्रन्थ हो । यसका लागि कुनै सहायक ग्रन्थको खाँचो छैन । न त *गीता*को व्याख्या गर्न धर्मको दोलाइ ओढेर आउने दलालहरूको नै आवश्यकता छ । लेखक प्रधान पुस्तिकामा लेख्छन्, 'गीता समुन्द्रजस्तै गहिरो छ । *गीता*ले ज्ञानको मोती गहिराइसम्म पुग्नेले मात्र प्राप्त गर्ने गरी लुकाएर राख्दैन । गीतारूपी डुवान सतही वा गहिरो जस्तो भए पनि पुग्छ । *गीता*बाट ज्ञान लिनका लागि कोही सिद्ध पुरुष नै बन्नु पर्दैन । सामान्य साधकले पनि ज्ञानरूपी लाभ प्राप्त गर्न सक्छ ।'

समीक्ष्य पुस्तकमा *गीता* दर्शनको सरल व्याख्या त छँदै छ, यससम्बन्धी केही पारिभाषिक शब्दावलीको अर्थ पनि खुलाइएको छ, प्लस टू पुस्तालाई लक्ष्य गरेर । गीताको समाजशास्त्रीय व्याख्या पनि यस पुस्तकको थप सौन्दर्य हो ।

शंकरले यो पुस्तिकालाई मूल अंग्रेजी र हिन्दी दुवैबाट नेपाली अनुवाद गरेर नेपालीभाषी पाठकलाई गीताको समसामयिक विवेचना उपलब्ध गराएका छन् । अर्को अर्थमा यसो भनौँ, शंकरले जेएनयूका गुरु प्रधानलाई गुरुदक्षिणा टक्र्याएका छन् ।

तर, शंकरलाई सोधूँ सोधूँ लाग्यो, 'गीताज्ञान प्राप्त भए मान्छे सेकुलर रहन्छ कि रहँदैन ?' ◆



अनुभूति ॥ कृष्ण धरावासी

आँसुका अक्षर बोकेर

सन् २०१३ डिसेम्बरको तेस्रो सातातिर अमेरिकाको भिसा लागेको दिन मलाई खासै खुसी लागेको थिएन । मलाई मात्र के, घरमा कोही पनि उत्साहित थिएनन् । मञ्जुजीको नाममा परेको डीभी चिट्ठाले हाम्रा पासपोर्टमा छाप हनाएको थियो । सन् २००९ मै मैले युरोपका केही देश घुमिसकेको र विकासको चरम नमुना देखिसकेको हुनाले अमेरिका देख्न वा घुम्न उति उत्ताउलो थिएन मन । दस वर्ष बेलायतमा बिताएकी मञ्जुजीले पनि कुनै रोमाञ्चक अनुभूतिसँग जोड्नु भएको थिएन । केटाकेटीहरूमा दोहोरो मनस्थिति थियो । एक मनले उनीहरू उत्साहित थिए, हामी उता पुगेर प्रक्रिया चलाइदिए उनीहरू पनि बिस्तारै छिर्न पाउनेछन् । तर, त्यसका लागि उनीहरूले हाम्रो सान्निध्य गुमाउँदै थिए ।

लामो जागिरे जीवनबाट स्वैच्छिक अवकाश लिएर पूर्णकालीन लेखक बन्ने घोषणा गरी घरमै लेख्नमा व्यस्त भएको म एकाएक कलम रोकेर अलमल्ल परी उभिन पुगेको थिएँ । भिसा लागिसके पनि त यसै पनि गर्दै गरेका काम छोडेर हिँड्ने तयारीमा लाग्नु नै थियो । फेरि यो केही हप्ता या महिनामा फर्किने कुनै विदेश यात्रा थिएन । घटीमा पनि दस वर्षसम्म स्थायी बसोवास गर्ने पाउन स्वीकृति प्राप्त भिसा थियो । सोच्थेँ, के गर्नु मैले दस वर्षसम्म अमेरिकामा ? अमेरिकाका बारेमा भन्नेहरू भन्थे अमेरिका त पृथ्वीको स्वर्ग नै हो । त्यहाँ जान पाउनु मानिसको जन्म सार्थक हुनु हो । किन उनीहरू त्यसो भन्थे ? त्यस बेला पनि बुझेको थिइनँ र आज पनि बुझेको छैन । मनमा कुनै हर्ष र उत्साह थिएन तर साथीभाइ र आफन्तहरूका किसिम किसिमका मिश्रित प्रतिक्रिया थिए । कोही भन्थे, तिमीजस्तो मान्छेले पनि यो उमेरमा आएर देश छोड्नुहुन्छ ? तिमीलाई अझै के पुगेन ? कोही भन्थे तिमी त भाग्यमानी रहेछौ संसार घुम्न पाउने भयौ । लौ यो मौका नचुकाऊ ।

आफूलाई भने मनमनमा त्यसै विरक्त लागेर आइरहेको थियो । साँच्चै नै यो ५० को बाटोमा पाइला चलाइरहेको म अब कता हिँड्न लागेको होला त ! साँझ परेपछि चराहरू पनि बास बस्न गुँडतिर फर्किन्छन् । जीवनको साँझतिर उक्लँदै गरेको यो उमेरमा मचाहिँ कहाँ, किन र केका लागि हिँड्न लागेको हुँला ? सपनाहरू पनि विरक्तलाग्दा देखिन्थे ।

तारानाथ शर्माले सात वर्षसम्म अमेरिकामा बसेर गरेको अनुभवमा आधारित कृति *पाताल प्रवास*मा 'बिलाउनेको देशमा' शीर्षकको एक मार्मिक लेख पढेको थिएँ । धेरै साहित्यकार, पत्रकार, लेखक, खेलाडी अमेरिकामा आएर हराएका, बिलाएका थिए । मलाई पनि डर थियो, कतै म पनि बिलाउने त होइन ?

मैले सम्झेँ, सात वर्षको उमेरमा ०२४ पुसमा आमाबुबाले पाँचथरको अमरपुरबाट पैदल हिँडाउँदै पाँच दिनमा इलामको साँगरुम्बा निकालेका थिए । त्यसपछि झापाको शनिश्चरेमा ४० वर्ष किलो गाडिएको थियो । ०६४ सालमा जागिरको सिलसिलामा काठमाडौँ पस्दा एउटा छोरो विवेक सँगै पछि लागेको थियो । त्यसको तीन वर्षपछि काठमाडौँकै बासिन्दा हुँदै सपरिवार भेला भएका थियौँ । त्यसको ६ वर्षपछि मेरो नामको पासपोर्टमा अमेरिकी छाप लागेर बास बस्न लागेका घुँडा फेरि तन्किन लागेका थिए । सात वर्षको उमेरदेखि बसाइँ हिँड्न थालेको म ५२ वर्षपछि पनि बसाइँ नै हिँडिरहेको थिएँ । बिरालाले बच्चा सारेझैँ म अझै पनि बच्चै ओसार्ने काममा खटिएको थिएँ सायद । कैयौँ कुरा यस्ता हुन्छन्, जसलाई मनले मान्दैन तर गर्नुपर्छ । देख्नेहरूका लागि सामान्य एक झलक, एक सुझाव वा एक प्रतिक्रिया हुन्छ तर भोग्नेका लागि पाइलैपिच्छे तनाव र असहजता मडारिइरहन्छ ।

अमेरिका आइपुगेपछि मलाई हिँड्नुअगाडि जुन असहजता थियो, त्यो झन् बढेर आयो । आँखाले देख्ने यहाँका कुनै पनि कुरा र सौन्दर्यले मनलाई तान्न सकेन । भाषिक तथा शारीरिक कठिनाइले गर्दा म यहाँ झन् अयोग्य साबित हुँदै गएँ । जति-जति आफूलाई कमजोर देखिन्छ, त्यति नै त्यति आफ्ना पूर्वभूमिकाहरूको याद आउँदो रहेछ । मलाई पनि म त लेखक कृष्ण धरावासी पो हुँ त भन्ने अहम्ले पोल्न थाल्थ्यो तर त्यसको यहाँ के अर्थ ?

हतार-हतारमा *गेस्टापो*को विमोचन गरेर हिँडेको थिएँ । यहाँ आइपुगेपछि *कागजको मान्छे*माथि काम गर्न थालेँ । अमेरिका आइपुगेर पनि दिनभरि घरमा बसेर नेपाली किताब लेखिरहनु भनेको एक प्रकारको अनौठै कुरा थियो । घन्टाको १० डलर कमाउन छोडेर सिँगै किताब लेखिसक्दा पनि एक हजार डलर नकमिने काममा लागेको देखेर मानिसहरू छक्क पर्थे । अप्रत्यक्ष रूपमा मलाई भन्दै पनि हुन्थे, यो लेख्ने मात्रै काम हो भने त नेपालमै बसेको भए भइहाल्थ्यो त ! त्यसको लागि मसँग कुनै जवाफ थिएन । न म रहरले अमेरिका आएको थिएँ, न



आइरहेछु

म मेरो खुसीले यहाँबाट फर्किन सक्थेँ।

विदेशको लामो अनुभव बोकेकी मञ्जुजीले चाँडै नै गाडी कुदाउन सिकेर काममा जान थालिसक्नुभएको थियो। म भने दिनभरि घरमै बसेर इमेल, इन्टरनेट, *फेसबुक*, च्याट र यूट्युबमा दिन बिताउन थालेँ। जीवनको १८ वर्षदेखि ५० वर्षसम्म आफैँले काम गरेर सबैका आवश्यकता पूरा गराएको अहम् पनि रैछ मसँग। अरूले कमाएर ल्याएकामा पालिनुपर्दा हुने हीनताबोधको अनुभूति त्यसअघि कहिल्यै भएको पनि रहेनछ। नेपालमा हुँदा आयस्रोतको पहिलो व्यक्ति मै थिएँ। म आफ्नो खुसीले आर्थिक निर्णय गने सक्थेँ। अब मलाई बिनाकारण आफू पराश्रित हुँदै गएको अनुभूति हुन थाल्यो। हुन त मलाई मञ्जुजीले केही भन्नुभएको थिएन। उहाँले तपाई आफ्नो लेख्ने काम नै गरेर बस्नुहोला, तपाईंले काम नगरे पनि हामीलाई पुग्छ भन्नुभएको थियो तर यो अहम्ले भरिएको लोग्नेमान्छेको मन। सायद स्वास्नीको कमाइ खानुपरेकामा उसको अहम्मा चोट परेथ्यो होला।

पाँच महिना बिताउन मलाई पाँच वर्षझैँ भयो। बिहानदेखि बेलुकासम्म नेपालको समाचार हेरेर बस्थेँ। पहिलो संविधानसभाले संविधान बनाउन नसकेको समाचारले मन विरक्त भएको थियो। एउटा सचेत नागरिकको मन जसले ०३६ देखि ०६३ सालसम्म हरेक आन्दोलनमा सक्रिय रूपमा भाग लिएको थियो र गणतन्त्रको नारा लगाएका दिन अत्यधिक खुसी भएको थियो। तर, त्यसपछि बनेको संविधानसभाले संविधान बनाउनै नसकी विघटन भएका दिन ऊ अत्यधिक दुःखी भएको थियो। दोस्रो संविधानसभाको चुनावको मिति तोकिएपछि मैले नेपाल जाने टिकट काटेँ। मलाई लाग्यो, अबको सभाले जसरी भए पनि संविधान बनाउँछ। त्यो बन्ने संविधानमा यदि मैले यो चुनावमा मत नखसाले मेरो स्वामित्व कहाँनेर रहला त ? मैले यो संविधान मेरो पनि हो भन्ने गर्व कसरी गर्नू ? अनि, इतिहासमा घरिघरि यस्ता चुनाव भइरहँदैनन्। मैले जीवनमा यदि देशलाई केही पनि दिन सकिनँ भने पनि मेरो भोटले मैले देशप्रति गरेका सबै पाप काटिनेछन्। यो विचार मनमा आउनासाथ म धेरै भावुक भएँ। मैले यति चाँडै फर्किहाल्नुपर्ने उस्तो पारिवारिक कारण पनि केही थिएन। आर्थिक अवस्था पनि लगत्तै ११ सय डलर खर्च गरेर टिकट काट्ने भइसकेको थिएन। मित्र मोहन संग्रौलासँग टिकटको रकम सापटी मागी म त चढेँ हवाईजहाजमा।

अमेरिका जाँदा भन्दा फर्किंदाको त्यो क्षण सारै हर्षलाग्दो थियो। सायद मैतालु फर्किएकी छोरीको मन यस्तै रमाएको हुँदो हो। मलाई भेटेर आफन्त र साथीभाइहरू फेरि पनि मिश्रित भएका थिए। कोही भन्थे, तिमीले फर्केर ठीक गऱ्यौ। तिमीजस्तो मान्छे त्यहाँ कहाँ बस्न सक्छौ र ! कोही भन्थे, तिम्रो यहाँ के बित्तो थियो र पुग्नेबित्तिकै फर्केको ? यसो दुई-चार वर्ष ढुक्कले काम गरेर केही पैसा कमाएर आएको भए भइहाल्थ्यो नि ! आ-आफ्ना ठाउँमा दुवै प्रतिक्रिया ठीकै थिए। म मसुमुसु हाँसिदिन्थेँ मात्र।

> **एक हातमा उपन्यास र एक हातमा दर्शनको प्रेस प्रति बोकेर आइरहेछु। विदेशमा बगिरहेका नेपाली आँसु बटुलेर पानाभरि अक्षर बनाएर आइरहेछु।**

यो पाँच महिनामा फर्किंदा मैले यात्रा संस्मरण *कागजको मान्छे* पूरा गरेर फर्केको थिएँ। प्रज्ञा भवनमा फेरि एकपल्ट मेरा काठमाडौँका साथी र शुभचिन्तक भेला भइदिए। यो अर्को हर्षको कुरा थियो। तर, दुःखको अर्को कुरा के थियो भने यसपालि मलाई कुनै समारोहमा आसन ग्रहण गराउनुपर्दा भर्खरै अमेरिकाबाट आउनुभएका साहित्यकार कृष्ण धरावासी भन्न थाले। मलाई पटक्कै मन नपर्ने सम्बोधन उनीहरूलाई किन मन परेको होला, मैले कहिल्यै बुझेको छैन। न अमेरिका भन्नु त्यस्तो ठूलो कुरा हो, न म नै अमेरिकी भएको हुँ !

त्यसको पाँच महिनापछि अमेरिका फर्किंदा मसँग मेरो झोलामा यादव भट्टराईले *झोला* फिल्मको सीडी पनि हालिदिएका थिए। अमेरिका उत्रिसक्दा यसपालि मसँग एउटा विशेष काम थियो मेरो रुचि र सरोकारको। नभन्दै मलाई त्यो फिल्मले निकै नै व्यस्त राख्यो। भर्जिनिया उत्रेको केही दिनमै आर्लिन्टनको लाइब्रेरीमा पहिलो पल्ट अमेरिकामा *झोला*को प्रदर्शनी गरियो। त्यसको दुई हप्तापछि नै रुसका नेपाली साथीहरूको निमन्त्रणमा मस्कोतिर उडियो। १० दिनको मस्को यात्राको अनुभवमाथि तयार भएको रेड *स्क्वाएर* भन्ने पुस्तक पाठकले हेरिरहनुभएकै होला। *झोला*ले अमेरिका भ्रमण गराउने क्रममा एक वर्षमा २५ भन्दा बढी राज्यको भ्रमण गर्न पाइयो। त्यसैको उपलब्धि हो अमेरिकी नेपालीहरूको जीवन भोगाइमा आधारित उपन्यास *ग्रेट फल्स*।

अर्को एक वर्षपछि दोस्रोपल्ट नेपाल फर्किंदा मसँग दुइटा नयाँ किताबका कम्प्युटर प्रति थिए। अमेरिका पुगेर हराउँछु कि भन्ने डरका परिणाम पनि हुन सक्छन् ती। दोस्रो नेपाल फिर्ती पनि उपलब्धिमूलक नै थियो। दुई कृतिको लोकार्पण र छोरीको विवाह दुवै असल कर्म हुन् भन्ने लागेको छ। विदेशमा आएर नेपालीका आँसु बटुल्ने काममा लागेको छु। ठीक गर्दै छु कि बेठीक, थाहा छैन। तेस्रो पल्ट अमेरिका फिर्दा पनि मैले यादव भट्टराईबाट एउटा घरको काम लिएर आएको थिएँ। मधेसकेन्द्रित कथानकमा आधारित फिल्मको पटकथा लेख्ने। यहाँ आएको केही महिनामा त्यो काम सकेर पठाइसकेको छु।

यो एक वर्षमा मैले फेरि दुईवटा पुस्तक तयार गरेको छु। २७ वर्षदेखि लगातार लागिरहेको लीलालेखनमाथिको सैद्धान्तिक विश्लेषणको एक पुस्तक तयार भएको छ *लीलाबोध* नाम बोकेर। यो पुस्तक मेरो लेखकीय अहम्को एक प्रस्तुति पनि हुन सक्छ। दोस्रो एक उपन्यास छ, जसमा दलाललाई लाखौँ रकम खुवाएर वर्षौं लगाई अमेरिका छिर्नेहरूको यात्रा कथा समावेश छ। लगातार दुई वर्ष लगाई अत्यन्त मिहिनेतसाथ *राधा* किताबको अंग्रेजीमा अनुवाद गरी भर्खरै महेश पौडेलले पठाइदिएका छन्। त्यसलाई यतैबाट प्रकाशन गर्न प्रक्रियाको थालनी भएको छ।

पहिलोपल्ट अमेरिकाका लागि उड्न लाग्दा ममा जुन निराशा थियो, आज त्यो छैन। यहाँ आएर पनि मैले आफ्नै रुचिको काम गर्न पाइरहेको छु। मेरा पाठक र शुभचिन्तकहरूलाई सायद म बाँचुन्जेलसम्म निरास पार्दिनँ पनि होला। ०३५ सालमा धरावासी उपनाम राखिरहँदा यो नामले मलाई यसरी बोकेर कुदाउला भन्ने कल्पना पनि गरिएको थिएन। आज यसले साँच्चै नै धरावासी नै बनाइरहेको छ। घुमाइरहेको छ।

आगामी फेब्रुअरी १८ को टिकट काटेर ढुक्कले झोला कस्न लागेको छु। एक हातमा उपन्यास र एक हातमा दर्शनको प्रेस प्रति बोकेर आइरहेछु। विदेशमा बगिरहेका नेपाली आँसु बटुलेर पानाभरि अक्षर बनाएर आइरहेछु। ◆

एप्रिलियाको नयाँ स्कुटर

इटालियन मोटरसाइकल कम्पनी एप्रिलियाको नयाँ स्कुटर एसआर-१५० भारतीय बजारमा आएको छ । नेपालमा पनि एप्रिलिया ब्रान्डका मोटरसाइकल पाइन्छन् । नेपालमा पाइने एप्रिलियाका बाइक २ लाख ७० हजार देखि ३५ लाख रूपियाँ मूल्यसम्मका छन् ।

एप्रिलियाको यो नयाँ स्कुटरमा १ सय ५५ सीसीको इन्जिन प्रयोग भएको छ, जसले अधिकतम ११.४ ब्रेकहर्स पावर बराबरको शक्ति निकाल्न सक्छ । साढे ६ लिटर क्षमताको फ्युल ट्यांक भएको एसआर-१५० स्कुटरको माइलेज

अब हातैले स्मार्टफोन चार्ज

बेलारूसका एक किशोरले यस्तो चार्जर बनाएका छन्, जसको मद्दतबाट हातैले स्मार्टफोन चार्ज गर्न सकिनेछ । मिकायल भागा नाम गरेका १९ वर्षीय यी किशोरले एक वर्षसम्मको अथक प्रयासपछि यस्तो चार्जर बनाउन सकेका हुन् । यो चार्जरको व्यावसायिक उत्पादन गरी बिक्रीका लागि छिट्टै नै बजारमा ल्याउने तयारी पनि गरिरहेका छन् ।

मिकायलले यो चार्जरमा गाइरोस्कोपको प्रयोग गरेका छन् । गाइरोस्कोप एउटा चक्र हो, जसलाई एउटा निश्चित दिशामा घुमाउन सकिन्छ । केही डिग्रीको कोणमा ढल्काएर घुमाउँदा पनि यो त्यत्तिकै सजिलै घुम्छ, जति त्यो चक्रलाई सीधा राख्दा घुम्न सक्छ । त्यो गाइरोस्कोपमा एउटा रोटर पनि छ । औसतमा त्यो रोटर एक मिनेटमा पाँच हजार पटक घुम्न सक्छ । गाइरोस्कोपको यही रोटरकै माध्यमबाट चार्ज गर्ने ऊर्जा निस्कन्छ ।

यो चार्जरले काम गर्ने सिद्धान्त निकै सरल छ । मानिसले हात घुमाएर निकालेको मेकानिकल ऊर्जालाई गाइरोस्कोपले रोटरको माध्यमबाट इलेक्ट्रिकल ऊर्जामा परिवर्तन गर्छ । र, यही इलेक्ट्रिकल ऊर्जालाई त्यही चार्जरमा सञ्चित गर्न वा सीधै स्मार्टफोन चार्ज गर्न प्रयोग गर्न सकिन्छ । यो चार्जरको ब्याट्री फुल चार्ज हुन ४० मिनेट लाग्छ ।

तत्कालका लागि मिकायलले ८ सय ३२ जनाबाट अग्रिम बुकिङ पाइसकेका छन् । यसबाट उनले ७० हजार युरोभन्दा बढी रकम पाएका छन् । आगामी मार्च महिनासम्ममा व्यावसायिक रूपमै बजारमा ल्याउने तयारी गरेका उनले यसको मूल्य ९९ युरो हुनसक्ने बताएका छन् ।

पनि राम्रो छ । यो स्कुटर एक लिटर पेट्रोलमा ४० किलोमिटर कुद्ने अनुमान गरिएको छ ।

अन्य स्कुटरमा जस्तै यसमा पनि कुनै म्यानुअल गियर नभए पनि एसआर-१५० बढीमा ९० किलोमिटर प्रतिघन्टाको गतिमा कुद्न सक्ने अनुमान छ । हेर्दा आकर्षक स्पोर्टी लुक्स भएको यो स्कुटरमा अगाडिको पाङ्ग्रामा मात्रै डिस्क ब्रेक प्रयोग भएको छ ।

कालो र सेतो गरी दुई रङमा उपलब्ध हुने एप्रिलिया एसआर-१५० को मूल्य भारतमा ६५ हजार रुपियाँ छ । नेपालमा कहिले आइपुग्ने भन्ने यकिन नभए पनि यहाँ आइपुग्दा यसको मूल्य २ लाख ४० हजार रुपियाँको हाराहारीमा रहने अनुमान छ ।

पानी र डस्टप्रुफ सामसुङको ए सिरिज

सामसुङले नोट सेभेनमा पड्किने समस्या आएपछि पहिलो पटक नयाँ स्मार्टफोन बजारमा ल्याएको छ । नोट सेभेन पड्किएपछि सामसुङले ग्यालेक्सी एस एटबाट बजारमा पुनरागमन गर्ने अनुमान गरिएको थियो । त्यो अनुमान अहिले गलत साबित भएको छ ।

वास्तवमा ए सिरिजका ए-थ्री, ए-फाइभ र ए-सेभेन नयाँ मोडलका स्मार्टफोन होइनन् । यिनलाई रिमोडलिङ गरेर बजारमा ल्याइएका हुन् । २०१७ को सुरुमा रिलिज भएका ए सिरिजका यी तीनै मोडल पानी र धूलोमा पर्दा पनि नबिग्रिने खालका छन् । यी तीनै स्मार्टफोन पाँच फिट गहिरो पानीमा ३० मिनेटसम्म रहँदा पनि केही हुंदैन । पानी र डस्टप्रुफ हुनुबाहेक यी स्मार्टफोनमा अपग्रेड भएका फिचर भनेको राम्रो क्यामेरा, स्टोरेज क्षमता र फिङ्गर प्रिन्ट सेन्सर हुन् । ए-थ्रीमा भने क्यामेराको क्षमतामा कुनै परिवर्तन भएको छैन । यसमा पहिलेकै अगाडि आठ र पछाडि १३ मेगापिक्सेलको क्यामेरा छ । ए-फाइभ र ए-सेभेनमा भने दुवैतिर १६ मेगापिक्सेलको क्यामेरा छन् ।

ए-सेभेनमा ५.७, ए-फाइभमा ५.२ र ए-थ्रीमा ४.७ इन्चको स्क्रिन छ । र, सबैको डिस्प्ले फुल हाई डेफिनेसन क्वालिटीको छ । ए-सेभेन र ए-फाइभमा तीन जीबी र्‍याम र ३२ जीबी आन्तरिक क्षमता भए पनि ए-थ्रीमा दुई जीबी र्‍याम र १६ जीबी आन्तरिक मेमोरी क्षमता छ । समग्रमा अपग्रेड भएका सबै फिचर राम्रा छन् । तर, कुनैमा पनि डुअल क्यामेरा प्रविधि अर्थात् पछाडिको क्यामेराका लागि दुईवटा लेन्स नहुनु यसको कमजोर पक्ष हुन सक्छ । किनभने, यससँग प्रतिस्पर्धा गर्ने अन्य स्मार्टफोनमा डुअल क्यामेरा प्रयोग हुन सक्ने अनुमान छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

ट्वीटरमा आउला त एडिट फिचर ?

सोसल मिडिया बजारमा *ट्वीटर*को प्रभाव घट्दो छ । किनभने, समय अनुसार नयाँ फिचर थप्ने र भएका पुराना अप्ठ्यारा फिचरलाई अपग्रेड र चलाउन सजिलो बनाउने मामिलामा *ट्वीटर* अलि कमजोर मानिन्छ । अमेरिकामा राष्ट्रपति पदका लागि भएको निर्वाचनमा *ट्वीटर*को भूमिका निकै सशक्त थियो । त्यस्तै न्युज अपडेटका लागि *ट्वीटर*को प्रयोग पनि सशक्त नै छ ।

अझ सोसल मिडियामा लाइभ भिडियो पनि पेरिस्कोपबाट *ट्वीटर*ले नै पहिला सुरू गरेको हो । यति हुंदा हुंदै पनि *ट्वीटर*ले आफ्ना एक्टिभ प्रयोगकर्ता जोगाउन सकिरहेको छैन । लाइभ भिडियोका लागि पनि *ट्वीटर*भन्दा *फेसबुक* नै लोकप्रिय भइसकेको छ ।

*ट्वीटर*ले आफ्नो लोकप्रियता जोगाइराख्न थप्नुपर्ने फिचर धेरै छन् । तीमध्ये अपशब्द र गालीगलौज गरी लेखिएका ट्वीटलाई सेन्सर गर्ने र ट्वीट एडिट गर्न मिल्ने तत्काल चाहिएका फिचर हुन् । ट्वीट सेन्सर गर्ने विषयमा *ट्वीटर* मौन रहे पनि एडिट फिचरमा भने *ट्वीटर*का सीईओ ज्याक डोर्से इच्छुक देखिएका छन् ।

ट्वीटमार्फत नै नयाँ वर्षमा *ट्वीटर*मा हेर्न चाहने फिचर के होला भनेर उनले प्रयोगकर्तालाई सोधेका थिए, जसमा धेरैले ट्वीट एडिट गर्न मिल्ने हुनुपर्ने राय दिएका थिए । यसप्रति सीईओ डोर्सेले सकारात्मक प्रतिक्रिया त जनाए । तर, जुन हिसाबमा *ट्वीटर* चलिरहेको छ, त्यो अनुसार यो फिचर कहिले थपिएला, अनुमान लगाउन पनि गाह्रो छ ।

हिमाली राजधानी



■ **कौशलराज सापकोटा**

सन् १३१० मा अमिपालले स्थापना गरेको प्राचीन राज्य लो-को राजधानी हो, लोमान्थाङ । उपल्लो मुस्ताङमा रहेको, पर्खालले घेरिएको यो सहरमा मुस्ताङी राजा बस्थे । गणतन्त्र स्थापना भएसँगै यो राज्यले पनि राजा राख्ने हैसियत गुमायो । अन्तिम राजा जिग्मे दोर्जे पलबर विष्टको १ पुसमा निधन भयो । सन् '९० को दशकसम्म त यहाँ विदेशीहरू जान प्रतिबन्धित थियो । यो तस्बिर लोमान्थाङबाट फर्किने क्रममा सबेरै लिइएको हो । ◆

तस्बिरः कमल श्रेष्ठ

*अलबिदा*बाट हसन खानलाई व्यावसायिक रूपमा घाटा त भयो नै, हिरोका रूपमा पनि आफूलाई स्थापित गर्न सक्षम भएनन् । तत्कालीन 'बेस्ट फ्रेन्ड' आर्यन सिग्देलसँग स्क्रिन सेयर गर्ने सपना मात्र पूरा भयो सायद । त्यसपछि फिल्ममा उनको खासै उपस्थिति देखिएन । व्यापारमा व्यस्त रहे । आर्यनसँगको सम्बन्धमा पनि पूर्णविराम लागिसकेको छ । त्यसैले फिल्ममा नफर्कने ठोकुवा गरेका थिए, धेरैले । तर, यो अनुमान गलत साबित मात्र भएन, बरू नयाँ फिल्म *रोमियो*बाट रिलिजअगावै चर्चा कमाउन सफल भएका छन् उनी । कारण, १७ पुसमा सार्वजनिक *रोमियो*को टिजर यूट्युबको नेपाल टेन्ड्रिङमा परेको छ । 'ल्याङ ल्याङ...' गीत त पहिल्यै हिट भइसकेको थियो । सोही कारण फिल्मवृत्तमा *रोमियो* र हसनतिर नजर तानिएको छ । *अलबिदा*को चोट भुलाउनेमा विश्वस्त हसन भन्छन्, "कन्टेन्ट र मेकिङमा कुनै सम्झौता नगरिएकाले *रोमियो*ले दर्शकको मन जित्नेमा ढुक्क छु ।" ◆

फिल्मको ओइरो

फिल्म संख्यालाई आधार मान्दा प्रियंका नम्बर वन नायिका हुन् भन्नेमा शंकै छैन । मूलधारका फिल्म निर्माता/निर्देशकको पहिलो रोजाइ हुन्, उनी । मौकामा चौका हान्ने शैलीमा प्रियंका पाएजति सबै फिल्म खेलिरहेकी छन् । *लालटिन*, *अनागत* र *राधे* र *ह्याप्पी डेज* रिलिज हुनै बाँकी छन् । तर, विडम्बना के छ भने न उनी अभिनीत फिल्म हिट भइरहेका छन्, न बक्स अफिसमा कमाल मच्चाएका एकाध फिल्मको जस उनको पोल्टामा पर्छ । *सडङ्ग*, *फन्को*, *हाउ फन्नी*लगायतका फिल्मले पानी पिउन पाएनन् । *छक्का-पन्जा*ले मनग्ये पैसा बटुल्यो तर प्रशंसा कमेडी कलाकारले मात्र पाए । *पुरानो डुंगा*बाट पनि आलोचना मात्र खेप्नुपर्‍यो । जब कि, नम्रता श्रेष्ठले एउटै फिल्मबाट एक दर्जन अवार्ड जितिन् । धेरै भन्दा राम्रो फिल्म खेल्दा टिकिन्छ भन्ने हेक्का प्रियंकालाई कहिले आउला ? ◆

पूरा होला अपेक्षा ?

म्युजिक भिडियोमा राज गरेपछि केकी अधिकारीले फिल्ममा फड्को मारिन् । अभिनयसँग अध्ययनशील स्वभावका कारण उनले फिल्ममा तहल्का मच्चाउने अपेक्षा गरिएको थियो । सुरूआती दिन सुखद नै रहे पनि खास जादू चलाउन सकिनन् । रोजेर भन्दा पनि पाएजति फिल्म खेल्न थालेपछि बचेको साख पनि गुम्यो । यसरी करिअर धरमरमा परेका बेला उनको नयाँ फिल्म *लभ सासा* २८ पुसमा रिलिज हुँदैछ । यसको बक्स अफिस कलेक्सनको प्रभाव आँकेरै होला, प्रमोसनमा दिलोज्यानले लागिपरेकी छन् । त्यसमाथि कडा स्वभावका निर्माता माधव वाग्लेले सार्वजनिक कार्यक्रममै उनको खुलेर तारिफ गरेपछि उत्साहको ग्राफ उकालिएको छ । अर्को वर्ष *लभ सासा*बाट सबै अवार्डमा केकीको हालीमुहाली रहने वाग्लेको दाबी छ । अब हेर्नुछ, फिल्मबाट करिब करिब ओझेल परिसकेकी केकीप्रतिको निर्माताको आशा पूरा होला त ? ◆

ऋचाको *आधा लभ*

अभिनय यात्राले सोचेजस्तो रफ्तार नलिए पछि निर्माणमा होमिनु हिरोइनका लागि बाध्यताजस्तै बनिसकेको छ । आफ्नो लगानी परेपछि धेरैजसो हिरोइन आफैं खेल्छन्, अरूलाई ढिम्किनै दिंदैनन् । तर, रेखा थापाबाहेक कुनै हिरोइन निर्माणमा जम्न सकेका छैनन् । यही लहरकी नयाँ सदस्य हुन्, ऋचा शर्मा । *को-आफ्नो* र *बाटोमुनिको फूल २* को असफलतापछि ऋचा अभिनेत्रीबाट निर्मात्री बनेकी छन् । फिल्म हो, *आधा लभ* । अर्पण थापा निर्देशित यस फिल्ममा मुख्य भूमिका ऋचाकै छ । गुपचुप शैलीमा सुटिङ सकेर सम्पादनको चरणमा छ यो फिल्म । *मुखौटाजस्तो* सुपर फ्लप फिल्म निर्देशन गरेका अर्पणले *आधा लभ*बाट ऋचाको नाम र दाम कमाउने सपनालाई विपनामा बदल्न सक्लान् त ? ◆

अन्तरिक्ष यानभित्रको संसार



पृथ्वीभन्दा अन्तरिक्ष र त्यहाँसम्मको यात्राको कथामा हलिउडको झुकाव धेरै देखिन थालेको छ। धेरै धनराशिका फिल्म कि सुपरहिरोका हुन्छन् कि यस्तै साइन्स फिक्सन। जसमा विगत र वर्तमानभन्दा भविष्यमा हुन सक्ने यथार्थको अधिक आभास हुन्छ। *द इमिटेसन गेम*मा ऐतिहासिक कथा भनेर प्रशंसा बटुलेका निर्देशक मोर्टेन ट्वाइलडमले नयाँ फिल्म *प्यासेन्जर्स*मा अन्तरिक्षमै केन्द्रित विषय रोजेका छन्। जहाँ उनले हलिउडका ठूला स्टार क्रिस प्राट र जेनिफर लरेन्सलाई अन्तरिक्ष यात्री बनाएका छन्। त्यसैले रिलिजअगावै *प्यासेन्जर्स*ले निकै चर्चा बटुलेको थियो।

विशाल अन्तरिक्षमा बेहोसीमा यात्रा गरिरहेका जिम (क्रिस) एक्कासि ब्यूँझिन्छन्। १ सय २० वर्षको यात्रामा जिमको ९० वर्षअगावै होस खुल्छ। यानमा आफूबाहेक कुनै प्राणी नभएको थाहा पाएपछि जिम धेरै आत्तिन्छन्, बल्ल-बल्ल उनले मानवरूपी रोबोट फेला पार्छन्। फेरि बेहोस भएर गन्तव्यसम्म पुग्ने प्रयास गरिरहेका बेला अर्की यात्री अउरोरा (जेनिफर)को पनि होस खुल्छ। उनीहरू एकअर्कामा अपरिचित हुन्छन् तर एउटै पीडामा रहेका जिम र अउरोराबीचको सम्बन्ध घनिष्ट हुँदै जान्छ। तर, उनीहरूलाई आफू कहाँ छु भन्नेसम्म पत्तो हुन्न। त्यही बेला यान सूर्यझैं बलिरहेको कुनै ग्रहसँग ठोक्किन थाल्छ। यस्तो अवस्था आफूलाई जोगाउन र फेरि बेहोसमै यात्राको संघर्षमै फिल्म केन्द्रित छ।

अन्तरिक्ष यानमा सुरु हुने कथा यानमै सकिन्छ। तर, यानभित्रै निर्देशकले सिर्जेको दुनियाँ आफैँमा भव्य छ। मानव नभए पनि मेसिन र मानवरूपी रोबोटकै भरमा यानभित्र जिम र अउरोराको आधारभूत आवश्यकता पूरा हुन्छ। जस्तै कठिन परिस्थितिमा पनि आफू बच्न मान्छेले गर्ने संघर्ष र मित्रतालाई पटकथामा महत्त्व दिइएको छ। लेखक जोन स्पाट्सले यात्रीको मनोविज्ञान र ग्रहसम्म पुग्ने भोकलाई मन छुने शैलीमा पस्केका छन्। तर, कतिपय साइन्स फिक्सन फिल्ममा झैं अन्तरिक्षसम्म पुग्ने क्रममा विभिन्न ग्रहहरू ठोक्किएका भयंकर दृश्य, त्यसबाट बच्न यात्रीहरूले गर्ने ठूला संघर्ष अथवा सुपरहिरोहरूको उदय हुन्न *प्यासेन्जर्स*मा। सिर्फ दुई यात्रीबीचको सम्बन्ध र उद्देश्यको भावनात्मक पक्षको फेहरिस्त छ।

यानमा जिमको होस खुलेपछिका सुरुआती दृश्य रोचक छन्, त्यसक्रममा यानभित्रको संसार नियाल्न पाइन्छ तर बिस्तारै फिल्मको बहाव घट्छ। कुनै ठूला 'इभेन्ट' हुन्नन्, बिस्तारै झिँझो महसुस हुन थाल्छ तर अउरोरा ब्यूँझिएपछि भने कथा रोचक बन्छ। उनीहरूले क्रु मेम्बर खोज्न पनि उत्तिकै संघर्ष गर्नुपर्छ। फिल्मको अन्त्य 'ओपन इन्डेड' छ।

क्रिस र जेनिफरको रसायन फिल्मको सुन्दर पक्ष हो। उनीहरूको रोमान्सका भरपूर दृश्य देख्न पाइन्छ। मेकानिकल इन्जिनियर क्रिसलाई विभिन्न रूपमा देख्न पाइन्छ। पेसाले पत्रकार जेनिफरको अभिनय र सुन्दरता दुवैले दर्शकलाई तान्छ। विश्वकै सर्वाधिक कमाउने हिरोइनको सूचीको पहिलो नम्बरमा रहेकी जेनिफरलाई *प्यासेन्जर्स*ले अझ भाउ बढाउनेछ। मिकेल सिन, लुरेन्स फिसबुर्ने, आन्डे गार्सियालगायतका सहायक कलाकारले पनि जबर्जस्त काम गरेका छन्।

साइन्स फिक्सन फिल्मका पारखी र क्रिस-जेनिफरका फ्यानका लागि हो, *प्यासेन्जर्स*।

॥ गोकर्ण गौतम

★★★☆☆



'यमसाजनलाई जित्ने कोही छैन'

एक सय र दुई सय मिटरको दौडमा सेकेन्ड र नानो सेकेन्डको फरक हुन्छ प्रथम र दोस्रो हुनेका बीचमा। नेपालका छोटो दूरीका धावक यमसाजन सुनार यति छिटो दौडन्छन् कि उनी फिनिसिङ लाइन नजिक पुगेर आफ्नो प्रतिद्वन्द्वी कहाँ आइपुग्यो भनेर हेर्न पनि भ्याउँछन्।

आफ्नो प्रतिद्वन्द्वी कहाँ आइपुग्यो भनेर हेर्ने ओलम्पिक्सका स्वर्ण पदक विजेता खेलाडी उसेन बोल्ट सिपालु मानिन्छन्। सायद त्यसैले पनि होला यमसाजनलाई नेपाली उसेन बोल्ट भन्ने गरिन्छ। फिनिसिङ लाइन नजिक पुगेपछि 'यमसाजनलाई जित्ने कोही छैन' भन्दै आफ्नो दौड पूरा गर्छन्। हालै पूर्वाञ्चलको विराटनगर, धरान र इटहरीमा सम्पन्न सातौं राष्ट्रिय खेलकुदमा एक सय र दुई सय मिटरमा दुई स्वर्ण जितेका यमसाजनले आफ्ना प्रतिद्वन्द्वीलाई पछि पार्दै त्यही थेगो दोहोर्‍याए।

॥ कौशल अधिकारी

अचानक

'मूल थिम मासु बेच्नु'

वि सं '४० को दशकमा मासु पसलबाट सुरु भएको भ्याली कोल्ड स्टोरले तीन दशकमा उद्योगको आकार लिएको छ । अहिले यस मातहत दाना, मार्ट, रिसर्च फार्म र चेन रेस्टुराँसमेत खुलेका छन् भने चाँडै कुखुरा फार्म सञ्चालनको तयारीसमेत छ । केएफसी चेन रेस्टुराँ तथा चल्तीका होटलमा मासु आपूर्ति गर्छ । यिनै विषयमा भ्याली ग्रुपका निर्देशक **बाबुराजा रावल**सँगको छोटो वार्ता :

तस्बिर : भास्कर ओझा

यो पुस्तौनी व्यवसाय हो ?

०३८ तिर मेरा बुबा हरिकृष्ण रावल, कृष्णप्रसाद घिमिरे र सानोबाबु विन्दुकार अर्थात् क्षत्री, बाहुन र नेवार मिलेर खोलेको हो ।

यो जातीय संरचना त्यत्तिकै मिलेको हो कि योजनाबद्ध ?

काम गर्ने क्रममा मिलेको, सबै जना पोल्ट्रीमै संलग्न भएकाले । क्षत्री, बाहुनहरूले मासु व्यवसाय, त्यसमा पनि कुखुरा अनि ब्रोइलर एकदमै नयाँ र सामाजिक रूपमा अमिल्दो थियो, त्यो ।

तपाईंचाहिँ कहिले जोडिनुभयो ?

०५० पछि संलग्न भएँ ।

तपाईंले चाहिँ किन यही व्यवसायलाई निरन्तरता दिने सोच बनाउनुभयो ?

म संलग्न हुने समयमा यसले एउटा उद्योगको रूप लिन खोजिरहेको थियो । यो उद्योगलाई स्थापित गर्नुपर्छ भनेर लागेको हुँ ।

पहिले र अहिलेको बजारमा के फरक छ त ?

धेरै फरक छ । पहिले मासु लिन आउनेकै अगाडि जिउँदो कुखुरा काटेर बिक्री गर्नुपर्थ्यो । नभए विश्वास हुँदैन थियो, सायद । होटलहरूले भने काटेकै मासु लैजान्थे । तर, अहिले उल्टो छ । पहिल्यै काटिएका मासु बढी लगिन्छ र कोहीकोही भने आफ्नै अगाडि कटाएर लैजान्छन् ।

उद्योगकै रूप दिने सोचचाहिँ कसरी आयो ?

काम गर्ने क्रममा भएको हो । सुरुमा त आफ्नै काम गरौँ भनेर थालेको हो । तर, प्रविधिको विकासपछि र समय अनुसार व्यवसाय बदल्दै लैजानुपर्छ भन्ने लागेपछि भने उद्योगको आकार लिँदै गएको हो । त्ससँगै हामीले हलाल, आईएसओजस्ता मासुको गुणस्तर प्रमाण कायम गर्‍यौँ । हलाल प्रमाणीकरण भने हामीले पर्यटकमार्फत थाहा पाएको हो ।

पर्यटकसँग तपाईंहरूको सोझो सम्पर्क त हुँदैन होइन ?

हुँदैन । तर, हामीले यहाँका तारे होटलमा समेत मासु आपूर्ति गर्ने हुँदा भारत, पाकिस्तान, बंगलादेशबाट आएका पर्यटकले हलाल प्रमाणीकरणयुक्त मासु खोज्दा रहेछन् । त्यसअघि हलाल भनेको मासु काट्नु मात्रै हो भन्ने बुझेका थियौँ हामीले ।

तपाईंहरूले चल्ला उत्पादन एवं आपूर्ति, दाना आदि पोल्ट्री उद्योगका लगभग सबैतिर हात हाल्नुभएको छ । बजारमा अरूलाई सहजै पत्याउन सक्ने स्थिति नभएर हो ?

बजारमा अरूलाई नपत्याएर भन्दा पनि आफैँले गर्दा सजिलो हुने भएर हो । अरूसँग काम गर्दा दाना गुणस्तरको ग्यारेन्टी नहुन सक्छ ।

तपाईंहरूले भ्याली एक्सप्रेसका नाममा चेन रेस्टुराँ पनि खोलिरहनुभएको छ ? के अब व्यवसाय सिफ्ट गर्ने हो ?

सिफ्ट होइन, विस्तार गरेको हो । पहिले हामीले जिउँदो कुखुरा काटेर बेच्यौँ । त्यसपछि मारेर बेच्न थाल्यौँ । दाना उद्योग खोल्यौँ । वधशाला मात्रै चलाएर हुँदैन, यससँग सम्बन्धित व्यवसाय पनि फैलाउनुपर्छ भनेर हामीले यहीँ ब्रोइलरका तयारी खाना बेचेका हौँ । जसरी पनि मासु बेच्नु हाम्रो थिम हो ।

पुस्तौँदेखि मासु काटेर बसिरहेका परिवारले समाजमा आर्थिक हैसियत बढाएका छैनन् । तपाईंहरूले चाहिँ के त्यस्तो गर्नुभयो र उद्योगको रूपमा चिनाउनुभयो ?

हामी हतियार र अचानो लिएर मात्रै बसेनौँ । समय अनुसार व्यवसायको स्वरूप बदल्यौँ । एकअर्कालाई टेवा पुग्ने किसिमका व्यवसाय थाल्यौँ । गुणस्तर, प्रविधिलाई ल्यायौँ । अरूसँग प्रतिस्पर्धा गर्ने होइन, आफैँसँग प्रतिस्पर्धा गर्नु हाम्रो मन्त्र हो ।

आफैँसँग प्रतिस्पर्धा भन्नाले ?

आफ्ना पुराना कुरालाई सुधारेर अझै राम्रो सेवा दिनु, बनाउनु ।

अबचाहिँ यत्तिमै सीमित रहने कि अझै फैलने हो ?

रेस्टुराँका मेनुहरू बढाउने र कुखुरा फार्म स्थापना गर्ने सोच छ ।

मनबहादुर बस्नेत

। प्रदीप बस्याल

अज्ञानी र हुस्सु



चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको चर्चा सायद छिट्टै सेलाउने छैन । हाम्रा नेताहरू उता जाऊन् वा उताका यता आऊन्, सञ्चारमाध्यममा उनीहरूको भ्रमणको खास उद्देश्य खोज्नुभन्दा पनि कुराको सुरूआत र अन्त्य त्यही भ्रमणमा गएर हुन्छ । तर, राष्ट्रपति सी जिनपिङ कहिले आउँछन् ? के गरे उनी आउने माहोल बन्ने हो ? हिसाब-किताब सायद भएकै छैन ।

भएको भए चिनियाँ कम्युनिस्ट पार्टीको ११औँ वरीयताका नेता एवं पार्टीका प्रोपोगान्डा मन्त्री लिउ छिबाओ आउँदा उनलाई पर्याप्त आतिथ्य दिन नेपाल चुक्ने थिएन । भइदिएछ के भने हाम्रा नेता र सरकार नै यस्ता अज्ञानी र हुस्सु परेछन् कि उनीहरूले तिनको राजनीतिक हैसियत नै बुझेका रहेनछन् ।

उपप्रधानमन्त्री कृष्णबहादुर महराको निमन्त्रणामा नेपाल आएका उनले प्रधानमन्त्रीलाई त भेटे तर पूर्वनिर्धारित तालिका अनुसार कांग्रेस सभापति शेरबहादुर देउवा एवं एमाले अध्यक्ष केपी ओलीलाई पनि भेट्नुपर्ने तर भेटेनन् । स्वास्थ्यको कारण देखाएर भक्तपुर घुम्न गए । चिनियाँ कूटनीति सधैँ यसै गरी चल्ने गर्छ, शब्द नखर्चने तर संकेतहरूले प्रहार गर्ने । उनको भक्तपुर घुमफिर सायद त्यही प्रहार थियो । सञ्चारमाध्यममा टीका-टिप्पणी ज्यादा भएपछि कांग्रेस सभापति देउवाले निकटस्थसँगको एउटा भेटघाटमा प्रतिप्रश्न राखेछन्, 'उनी मन्त्री हुन् र ?'

देउवाको जिज्ञासा खासमा सी जिनपिङ नेपाल आउने वातावरण किन बनिरहेको छैन भन्ने प्रश्नको जवाफ पनि हो । चिनियाँ संयन्त्रलाई नबुझीकनै हामी चीनसँग नयाँ तहको सम्बन्धको कुरा गर्छौं । चीनको सरकारभन्दा उच्च तहको चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी)का पोलिटब्युरो नेता हुन् छिबाओ । सीपीसीको मर्यादाक्रममा सबैभन्दा शक्तिशाली मानिने सात सदस्यीय स्थायी कमिटीपछि चौथो नम्बरका नेता हुन्, उनी । उनीभन्दा ६ तहमुनि त चीनका चारमध्ये एक उपप्रधानमन्त्री र उपराष्ट्रपति ली युवानकाउ छन् भने त्यसमुनि सिनज्याङ, ग्वाङडोङ, सांघाई, बेइजिङजस्ता महत्त्वपूर्ण प्रान्तका प्रमुखहरू ।

चीनलाई बाह्य जगत्ले कसरी बुझिरहेको छ भन्ने कुराको सबैभन्दा बढी हिसाब-किताब छिबाओकै प्रोपोगान्डा विभागले गर्छ । सरकारी नियन्त्रणमा हुने सबैजसो सञ्चारमाध्यमले उनकै रणनीतिमा आफ्ना 'कभरेज'का प्राथमिकता एवं रणनीति बनाउँछन् । अझ महत्त्वपूर्ण कुरा त उनी लामो समय हालका प्रधानमन्त्री एवं दोस्रो तहका नेता ली खछ्याङ, दोस्रो तहका उपप्रधानमन्त्री लिउ यानडोङ र उपराष्ट्रपति ली युवानकाउसँग काम गरेका व्यक्ति हुन् । त्यसैले उनीसँगको वार्ता भनेको नेपाली राष्ट्रिय स्वार्थका कुरा चिनियाँ संयन्त्रमा अख्तियारी बोक्ने व्यक्तिसामु पुग्नु थियो ।

हाम्रो खासै सम्बन्ध नरहेका मंगोलियाका विदेशमन्त्रीसँग, अझ चीन-मंगोलिया सम्बन्ध चिसिएका बेला, झन्डै जम्काभेट हुने गरी छिबाओ भ्रमणको प्रबन्ध मिलाइनु कूटनीतिक गल्ती थियो । यस्तो परिवेशमा भएको छिबाओ भ्रमणबाट हामीले के पायौँ, के गुमायौँ त ? ढिलै सही, समीक्षा आवश्यक छ ।

'ट्र्याक १.५' प्रयोगशाला

नेपालको शान्ति प्रक्रियाको एक दशकलाई धेरै कोणबाट मूल्यांकन गर्न सकिन्छ । झट्ट हेर्दा सशस्त्र द्वन्द्वको वातावरण छैन । तर, गहिरिएर हेर्दा संविधान सर्वस्वीकार्य भइसकेको छैन, चुनाव हुने/नहुने टुंगो छैन । केही गरी संविधानले तोकेको सीमाभित्र चुनाव हुने वातावरण नबने हाम्रा उपलब्धि फेरि के होलान् ? अहिलेको साझा सवाल यही हो ।

यसको जवाफ हामीले शान्ति प्रक्रियालाई कसरी अगाडि बढायौँ भन्नेबाट खोज्नुपर्छ । नेपालको द्वन्द्व निरूपणमा कूटनीतिको 'ट्र्याक १.५' शैली प्रयोगशालाकै रूपमा हाबी रह्यो । अर्थात्, जहाँ सरकारी पक्ष एउटा हिस्सेदार हुन्छ तर उसलाई गैरसरकारी पक्षले मध्यस्थता भनिने गरी चलाउँछ । एक तवरले भन्दा सरकारी संयन्त्रलाई कमजोर बनाउने वा बेवास्ता गर्ने गरी यो शैलीको निर्माण गरिएको थियो,



जसको प्रयोगशाला हाम्रो शान्ति प्रक्रिया बन्यो । पहिलो संविधानसभा त यसकै कारण असफल नै भयो । सांसदहरू दाताका इसारामा विदेश घुम्ने क्रम बढ्दा संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ 'सांसदहरू अब चन्द्रमामा पुग्न मात्र बाँकी रहेको' भन्दै ठट्टा गर्थे ।

स्वभावतः नेताहरू परनिर्भर, दातामुखी बन्दा उनीहरू आफैँ समस्या समाधान गर्न नसक्ने, अरूले माहोल बनाइदिनुपर्ने गोटी बने । आफ्नो विवेक र शैलीमा भन्दा दाताका पछि लागेर काम गर्दा शान्ति प्रक्रियामा अपनत्व लिने कुरा नै गुमे ।

अलमलमा रहेका हाम्रा मुद्दा र जटिल देखिएका तिनको समाधन हेर्दा अहिले लाग्छ, कतै अन्तर्राष्ट्रिय सहजकर्ताहरूले आफ्नो देशको वैदेशिक नीति त लाद्न खोजेका थिएनन् हामीउपर ? अनौपचारिक वार्ताका रूपमा महत्त्वपूर्ण बैठकहरू 'रेकर्ड'बिनै दातासामु हुँदा हाम्रो रिमोट कन्ट्रोल उनीहरूको हातमा गएको त होइन ? संक्रमणकालको तरल समयमा दातालाई प्राथमिकता दिने प्रवृत्तिले हामीलाई कहाँ पुर्‍याउला ? कि, यसै गरी गन्तव्यविहीन यात्रामा अल्झाइरहला, प्रयोगशाला बनाइरहला ? ♦

NEPAL'S NO.1
FOOTWEAR BRAND
SHIKHAR
हाम्रो परिवार, शिखर परिवार . . .
SHIKHAR
१५%* छुट कमालको
चप्पल र जुत्ता धमालको
नयाँ वर्ष २०१७ को
शुभ-अवसरमा
शिखर शुको कुनैपनि
जुत्ता वा चप्पलको खरिदमा
पाउनुहोस् १५%
नगद छुट ।
यो योजना पुष १८ गतेसम्म शिखर शुको शोरुममा मात्र लागू गरिएको छ ।
An ISO 9001:2008 Certified Company
Shikhar Shoe Industries Pvt. Ltd., Ranibari - 3, Kathmandu, Nepal
For Trade Inquiry: New Road, Guccha Tole, Tel: 01 4252234, 01 4259133, Mob: 9801015827
www.shikharshoe.com I www.facebook.com/shikharshoe I Email: shikharshoe@gmail.com

THE ONE & ONLY ENERGY DRINK
RedBull
CashFull
RedBull ENERGY भरपुर साथमा CASHFULL
अझ धेरै नगद उपहारहरु
RED BULL को Pull-Off Ring (बिर्को)मा तपाईले पाउनसक्नुहुनेछ *
You Have Won Rs. 20,000/-
रू. २०,०००/-
You Have Won Rs. 10,000/-
रू. १०,०००/-
You Have Won Rs. 5,000/-
रू. ५,०००/-
You Have Won Rs. 2,000/-
रू. २,०००/-
You Have Won Rs. 1,000/-
रू. १,०००/-
You Have Won Rs. 1 Lakh
रू. १ लाख
बिर्कोमा अंकित नगद पुरस्कार प्राप्त गर्नको लागि फोन नं: 01-4444444 मा सर्म्पक गर्नुहोला ।
पुरस्कार दाबी गर्न बिर्कोको पुरा भाग साथमा हुनु जरुरी छ ।
*शर्तहरु लागु हुने छन् ।
प्रचलित कर कानून बमोजिम पुरस्कार राशिमा कर कटौती गरिनेछ ।
250
KRATINGDAENG
RedBull
ENERGY DRINK
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
A.D. FACTOR/RB/016